सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १६ ● अंक ६ ● काठमाडौं, शुक्रबार, असार ११, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, June 25, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-



# नयाँ बाटोमा मनीषा

● अश्विनी कोइराला

अन्ततः मनीषा कोइराला मनीषा दाहाल बनेकी छिन्। गएको शनिबार २ बजेर ४८ मिनेट जाँदा पण्डित रामचन्द्र घिमिरेले मौद्गल्य गोत्रकी मनीषालाई मन्त्रोच्चारणका साथ वत्स गोत्रमा सारेपछि उनी सदाका लागि दाहाल बनेकी हुन्। मन्त्रोच्चारणका साथ पण्डित घिमिरेले मनीषा वत्स गोत्रमा परिवर्तन भएको जानकारी दिँदा जन्ती पक्षले ताली बजाएर स्वागत गरेका थिए। मुस्कुराउँदै मनीषाले पनि आफ्ना पति सम्राट दाहाललाई हेरेकी थिइन्। विवाह समारोहमा ऐश्वर्य रायले विवाहपछि ऐश्वर्य राय वच्चनका रूपमा आफूलाई सार्वजनिक गरेको भन्दै दाहाल पक्षले मनीषालाई जिस्क्याएका थिए। शास्त्रअनुसार गोत्र सारेपछि महिलाको थर स्थायी हुन्छ।

मनीषाले कहिले विवाह गर्छिन् ? कहाँ गर्छिन् ? कोसँग गर्छिन् ? कसरी गर्छिन् ? एक दशकदेखि उठिरहेका यी सबै प्रश्नको उत्तर मनीषाले धुमधाम रूपमा दिइन्। एक साताअघि नै कोइराला परिवार र दाहाल परिवारमा व्यस्तताको पारो उच्च तहमा पुगेको थियो। विवाहको कुरा छिन्दा सामान्य विवाह गर्ने, दाइजो केही पनि नलिने, घरमै पार्टी गर्ने तथा कुनै पनि सञ्चारमाध्यममा नदेखिने सम्राटको अडान समय बित्दै जाँदा गल्दै गयो। अन्ततः मनीषाले सोल्टी होटलमा र सम्राटले एभरेस्ट होटलमा भव्य पार्टी दिए। एक साता लामो विवाहमा मनीषाले सोल्टी होटलमा करिब ४० लाख, गोकर्ण जंगल रिसोर्टमा करिब १० लाख, मुम्बई तथा काठमाडौंमा भएको खरिददारीमा ५ लाख खर्च गरेको पारिवारिक स्रोतले बतायो। यता सम्राटको परिवारले पनि खरिददारीमा ८ लाख, पार्टीमा १२ लाख खर्च गरेको अनुमान गरिएको छ। यसबाहेक भारतबाट आउने सबै बलिउड कलाकार, बनारसका इष्ट-मित्र एवं पाकिस्तान, अमेरिका आदि देशबाट आएका आफन्तहरूले आफ्नो व्यक्तिगत खर्च आफैं बेहोरेका थिए। 'यो विवाहलाई १ करोडको विवाह भन्दा फरक पर्दैन।' कोइराला परिवारका एक सदस्यको दाबी छ, 'कहाँ कति खर्च भयो, हिसाब-किताब निकाल्न बाँकी नै छ।'

बाँकी पृष्ठ ३ मा

**साप्ताहिकको यो अंकमा मोबाइल सेट जित्न सक्ने अवसरसहित ७ पृष्ठको विश्वकप विशेष सामग्री समावेश छ।**

## मेरो प्यारो माइतीघर

बलिउड नायिका गोविन्दाकी श्रीमती सुनितासँगको वार्तालाप

पृष्ठ ५ मा





## नवीनसँग नविना

पपगायक नवीन भट्टराईको विवाहको अन्तर्कथा

पृष्ठ ७ मा

## ● क्यासेट ●

### नवीन



गायक नवीन राईका आधुनिक गीतहरूको संग्रह 'नविन' लाई भाइब्स क्रिएसनले बजारमा ल्याएको हो। संग्रहमा भानुभक्त ढकाल, रामहरि पौडेल, अमृत क्षेत्री, आलोकश्री, खेमराज गुरुङ, किरण माइकल, पारस मुकारुङ, त्रिविक्रम पाण्डे, एकनारायण भण्डारी तथा भोगेन एक्लेको शब्द एवं संगीत सुन्न सकिन्छ।

### मुगा



गायिका मुगा श्रेष्ठका आधुनिक तथा पप गीतहरूको संग्रह 'मुगा' श्रोतामाझ आएको छ। एएनएस म्युजिकको यो संग्रहमा राहुल प्रधान तथा मुगा श्रेष्ठको संगीत सुन्न सकिन्छ। संग्रहका गीत लीलादेवी श्रेष्ठ तथा निर्वाण योञ्जनले रचना गरेका हुन्।

### अनुभूति



गीतकार शम्भु राई 'पृथक' को संग्रह 'अनुभूति' भाइब्स क्रिएसनले बजारमा ल्याएको हो। राजेशपायल राई, स्वरूपराज आचार्य, जगदीश समाल, भीषण मुकारुङ, आभा मुकारुङ, दीपक लिम्बू आदिको स्वर रहेको संग्रहका गीतलाई राई नविन, शान्तिराम राई, पारस मुकारुङ, राजु सिंह तथा दिनेश सुब्बाले संगीतबद्ध गरेका छन्।

## ● ग्यालरी ●

### महिमाको लोगो सर्वोत्कृष्ट

संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको लोगो डिजाइन प्रतिस्पर्धामा महिमा बज्राचार्य उत्कृष्ट भएकी छिन्। करिब डेढ महिनाअघि प्रतिष्ठानले आह्वान गरेअनुसार देशभरिका २३ जना चित्रकारले आ-आफ्ना डिजाइन प्रतिस्पर्धाका लागि पठाएका थिए। तीमध्ये न्युरोड, काठमाडौंकी महिमाको डिजाइन सर्वोत्कृष्ट भएको हो। अन्य चार डिजाइनरलाई उत्कृष्ट घोषणा गरिएको छ। २९ वर्षीया महिमाले सर्वोत्कृष्टबापत नगद ५० हजार रुपैयाँ तथा सम्मानपत्र पाउनेछिन्। उनले डिजाइन गरेको लोगो प्रतिष्ठानको आधिकारिक प्रतीक चिह्न हुनेछ। महिमाले आफ्नो डिजाइनमा नेपालको राष्ट्रिय झन्डामा प्रयोग भएका रातो, सेतो तथा नीलो रंग प्रयोग गरेकी छिन्। कम्पोजिसनभित्र म्युजिक नोटेसन चिह्न तथा नृत्य गरिरहेकी युवती पनि समेटिएका छन्। झन्डाको रंगमार्फत उनले राष्ट्रियता देखाउन खोजेकी छिन् भने म्युजिक नोटेसनको चिह्नले संगीत तथा नृत्यांगनामार्फत नाट्य क्षेत्रलाई समेटेकी छिन्। प्रतिष्ठानका सदस्य सचिव तीर्थ श्रेष्ठले संगीत तथा नाट्य दुवै क्षेत्रको प्रतीकात्मक अर्थ मिल्ने लोगो भएकाले महिमाको डिजाइनलाई छनोट गरिएको बताएका छन्। चित्रकार हजुरबुवा मनबज्र बज्राचार्यबाट प्रभावित महिमा काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्टमा स्नातक अन्तिम वर्षमा अध्ययनरत छिन्। उनी यसअघि आधा दर्जन सामूहिक कला प्रदर्शनीमा सहभागी भइसकेकी छिन्। छ वर्षअघि साना कलाद्वारा आयोजित प्रतियोगितात्मक प्रदर्शनीमा उनले सान्त्वना पुरस्कार जितेकी थिइन्।

### २१ औं शताब्दीमा पौभा

नेवारी परम्परागत चित्रकला पौभाले वर्तमान अवस्थामा के-कस्ता चुनौती सामना गरिरहेको छ भन्ने विषयमा राजधानीमा अन्तर्क्रिया सम्पन्न भएको छ। '२१ औं शताब्दिमा पौभा' शीर्षकको अन्तर्क्रिया पाटनढोकास्थित यलमाया केन्द्रमा आयोजना गरिएको थियो। कार्यक्रममा कलाकार प्रमिना श्रेष्ठले पौभासम्बन्धी आफ्नो अध्ययनको निष्कर्ष प्रस्तुत गरिन्। सोसियल साइन्स बहा:को आइम्याप प्रोजेक्टले प्रमिनालाई पौभा चित्रकलासम्बन्धी अध्ययन गर्न फेलोसिप प्रदान गरेको थियो। प्रमिनाको अध्ययनमा पौभाको इतिहास, विकासक्रम, वर्तमान अवस्थामा समेटिएको छ। प्रस्तुतिपछि पौभा चित्र बनाउने कलाकार तथा समीक्षकले आफ्नो जिज्ञासा तथा धारणा व्यक्त गरेका थिए। एक वर्षअघि प्रारम्भ भएको आइम्याप प्रोजेक्टको उद्देश्य रंगमञ्च तथा कलाका बारेमा प्रकाशित लेख सामग्रीहरूको डिजिटल अभिलेख राख्नु हो। प्रोजेक्टका संयोजक डा. सञ्जिव उप्रेतीका अनुसार अहिलेसम्म गुरुकुल नाट्य संस्था तथा सिद्धार्थ आर्ट ग्यालरीसम्बन्धी लेखाहरूको अभिलेखीकरण भैसकेको छ। यसबाहेक उनले ८० भन्दा बढी रंगकर्मी तथा चित्रकारको अन्तर्वार्ता पनि संकलन गरिसकेका छन्। आइम्यापको प्रोजेक्ट आगामी एक वर्षसम्म चल्नेछ। गत सोमबार सम्पन्न अन्तर्क्रियामा लोक चित्रकार, शारदा चित्रकार, मदन चित्रकार, कनकमणि दीक्षित, उदयचरण श्रेष्ठ, दीपक जोशी, सुजन चित्रकार आदिले पौभा चित्रकलाको अवस्थाका बारेमा आ-आफ्नो धारणा व्यक्त गरेका थिए।

### सिद्धार्थमा जियोम्याट्रिक्स

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा 'जियोम्याट्रिक्स' शीर्षकको चित्रकला प्रदर्शनी सञ्चालन भैरहेको छ। प्रदर्शनीमा अमेरिकी कलाकार पियेरो पासाकेन्टान्डोले तयार पारेका चित्रहरू समावेश छन्। थांका पेन्टिङको अध्ययनका लागि नेपाल आएपछि उनले थांकामै आधारित चित्रकला तयार पारेका हुन्।

## ● रंगमञ्च ●

### गुरुकुलमा नयाँ नाटक


राजनैतिक विश्लेषक सीके लालको नयाँ नाटक 'गणतान्त्रिक अदालतमा सपनाको सावित्री' आरोहण गुरुकुलले मञ्चन गर्ने भएको छ। आगामी शुक्रबार अर्थात् असार १८ गतेदेखि यो नाटकको नियमित मञ्चन प्रारम्भ हुनेछ। पुरानो बानेश्वरस्थित गुरुकुलको सम थिएटरमा यो नाटकको रिहर्सल भैरहेको निर्देशक सुनील पोखरेलले बताएका छन्। एक घन्टा लामो यो नाटकमा दुई जनामात्र पात्र छन्। जसमा निशा शर्मा तथा डा. सञ्जीव उप्रेतीले अभिनय गरिरहेका छन्। पछिल्ला राजनैतिक घटनाक्रमले नेपालीहरूमा निम्त्याएको अस्तित्व संकटको प्रसंगलाई यो नाटकमा समेटिएको छ। नाटकमा मधेस आन्दोलनपछि अहिलेसम्मको राजनैतिक संकटलाई केलाइएको छ।

## ● लाइभ ●

### नुवाकोट लोकतारा हुने

राष्ट्रिय लोकभाषा तथा संस्कृति एवं सङ्गीतकर्मी मञ्च नेपालको आयोजनामा नुवाकोटमा नुवाकोट लोकतारा-२०६७ को आयोजना गरिने भएको छ। असार १७ र १८ गते जिल्ला विकास समितिको सभा हलमा हुने लोकतारामा छनोट भएका एक जनाले राष्ट्रिय लोकतारा प्रतियोगितामा भाग लिन पाउनेछन्। संस्थाले अहिलेसम्म विभिन्न १० जिल्लाबाट लोकतारा छनोट गरिसकेको राष्ट्रिय लोकभाषा तथा संस्कृति एवं सङ्गीतकर्मी मञ्च नेपालका संयोजक आरबी लामाले जानकारी दिए।

### 'पलेँटी शृंखला'मा महाकविका गीत



विगत ६ वर्षदेखि सञ्चालन हुँदै आएको पलेँटी शृंखलाले यसपालि फरक खालको कार्यक्रम प्रस्तुत गर्ने भएको छ। यसैक्रममा जुनमहिनाको पलेँटी नेपाली साहित्यका सर्वाधिक प्रिय सर्जक महाकवि लक्ष्मीप्रसाद देवकोटाका गीतहरू सुन्ने कार्यक्रम हुने भएको छ। संसारबाट सधैंका लागि बिदा भएका रचनाकारका कृतिलाई नयाँ ढंगले अभिलेख गर्ने उद्देश्यका साथ यस्तो खालको कार्यक्रमको सुरुवात गर्न थालिएको हो। यसअघिका पलेँटीमा नेपाली आधुनिक संगीतका अग्रवाहरूको प्रत्यक्ष सहभागिता मात्र हुने गरेको थियो।

### साइनको कन्सर्ट

सांगीतिक समूह साइनले त्याडिसन होटलमा सांगीतिक कार्यक्रम प्रस्तुत गरिरहेको छ। यो समूहले होटलको द कर्नर बारमा साताको पाँच दिन लाइभ कन्सर्ट प्रस्तुत गर्छ। प्रत्येक साँझ ७:३० बजे प्रारम्भ हुने यो कन्सर्ट बिहीबारदेखि सोमबारसम्म सञ्चालन भैरहेको छ।

### अमेरिकामा भाइब्जको कन्सर्ट

नेपाली सांगीतिक समूह द भाइब्जले अमेरिकामा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने भएको छ। अमेरिकामा आयोजना हुने एएनएक फेसन एक्स्प्रोभागान्जा २०१० मा यो समूहले गीत-संगीत प्रस्तुत गर्न लागेको हो। यो कार्यक्रम आगामी शनिबार बोस्टनको बोस्टन पार्क प्लाजा होटलमा सञ्चालन हुनेछ।

## ● पुस्तक ●

### नुवाकोटका गजल

नुवाकोटका गजलकारहरूको रचना सङ्कलन गरिएको 'नुवाकोटका गजल' नामक गजलसङ्ग्रह प्रकाशित भएको छ। अभियान असल शासन क्लब, विदुरले प्रकाशित गरेको यो सङ्ग्रहमा नुवाकोटका ६४ जना गजलकारका तीन-तीनवटा गजल संग्रहित छन्। नवदीप अजनवीले सम्पादन गरेको यो सङ्ग्रहमा विभिन्न भावका १ सय ९२ वटा गजलको स्वाद लिन पाइन्छ। अधिकांश गजलमा माया-प्रेमका तरङ्ग रहे पनि केही गजलमा विकृति-विसङ्गति, समसामयिक राजनीतिजस्ता विषय पनि उठाइएका छन्।

### आधारभूत नाट्यकला

नाटक मञ्चनमा स्थानीय रूपमा सक्रिय रहँदै आएको क्षितिज नाट्य समूह पाँचथरले 'आधारभूत नाट्यकला' नामक कृति सार्वजनिक गरेको छ। रमेश शुभेच्छु तथा माधव कल्पितले लेखेको यो पुस्तकलाई आठ अध्यायमा विभक्त गरिएको छ। पुस्तकका नाटक मञ्चनसँग सम्बन्धित सम्पूर्ण कुरालाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ। नाटक मञ्चन गर्न चाहने नयाँ नाट्य जमातका लागि यो पुस्तक सन्दर्भ-सामग्री हुन सक्छ। पुस्तकको मूल्य व्यक्तिगत १ सय रुपैयाँ तथा संस्थागत २ सय रुपैयाँ छ।

### बज्जारा हास्यव्यङ्ग्य-संग्रह

लेखक रामहरि बज्जाराले बज्जारा हास्यव्यङ्ग्य संग्रह सार्वजनिक गरेका छन्। प्रस्तुत कृतिमा ३१ वटा व्यङ्ग्यात्मक निबन्ध संकलित छन्। हास्यसाहित्यका पारखीहरूका लागि यो कृति रमाइलो हुनसक्छ। पाँचपोखरी बुक स्टोरले प्रकाशन गरेको यो कृतिको मूल्य ६५ रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

असार १२ गते : पूर्णिमा, यातनापीडितका पक्षमा विश्वदिवस, लागूपदार्थ ओसारपसार तथा प्रयोगविरुद्ध विश्व दिवस, पनौती स्नान, भैरव भद्रकाली इन्द्रेश्वर जात्रा, १३ गते : जावलाखेलमा रातो मच्छिन्द्रनाथको भोटो जात्रा (सम्भावित)।

### मेष

ग्रह प्रतिकूल भएकाले मन अशान्त रहनेछ। काममा अवरोध आउन सक्छ भने कुरा काट्नेहरू सक्रिय हुनेछन्। आर्थिक संकटले सताउनुका साथै झूटा आरोप पनि लाग्न सक्छ। शनिबारदेखि काममा सुधार आउने देखिन्छ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट सहयोग प्राप्त हुनेछ।

### मिथुन

काममा अवरोध आउनुका साथै विश्वासमा धोका हुन सक्छ। आर्थिक कारोबारमा विवाद उत्पन्न हुनेछ। रिसको वेग बढ्ने भएकाले धैर्यता अपनाउनुहोला। घरेलु समस्याबाट मुक्ति मिल्ने सम्भावना देखिँदैन। शनिबारदेखि रोकिएका काम पूरा हुनेछन् भने व्यवसायमा सफलता हात लाग्नेछ। पराक्रम बढ्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ।

### सिंह

आफन्तहरूको माया-ममता पाउनुहोला। घरेलु काममा रुचि बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता हात लाग्नेछ। अध्ययनमा सुधार आउनेछ। काम गर्दा उतारचढाव आउने भएकाले सजग रहनुहोला। रोग, शत्रु एवं खर्च बढ्ने भएकाले संयमित रहनुपर्नेछ।

### तुला

सजिलै अरूलाई विश्वास दिलाउन सकिनेछ। मन प्रसन्न रहने भए पनि काम गर्दा सजगता अपनाउनुहोला। आफन्तहरूको सहयोग पाइनेछ। यात्रा गर्ने अवसर जुट्नेछ भने वैदेशिक कार्यमा सफलता हासिल हुनेछ। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ। सफलताका लागि गोपनियतामा जोड दिनुहोला।

### धनु

खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। तपाईंले गरेको लगानीमा अरूले फाइदा उठाउन सक्छन्। विश्वास दिलाएर धोका दिने प्रयास हुनेछ। शनिबारपछि सभा-सम्मेलनहरूमा आफ्नो दक्षता देखाउन सकिनेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने योग छ।

### कुम्भ

काममा सफलता मिल्नेछ भने जोस एवं जाँगर बढ्नेछ। वैदेशिक कार्यमा सोचेभन्दा बढी लाभ पाउनुहोला। पराक्रमको गति तीव्र हुनेछ भने व्यवसायमा राम्रै उन्नति हुनेछ। भाग्यमा भन्दा कर्ममा जोड दिनुहोला। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने योग छ।

### वृष

रमाइलो यात्रा हुन सक्छ। अरूको मन सजिलै जित्न सकिनेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। शनिबार र आइतवार स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। लेनदेनमा विवादको सामना गर्नुपर्ला।

### कर्कट

अध्ययनमा सफलता मिल्नेछ भने पराक्रमको तीव्रता कायमै रहनेछ। नयाँ काममा आफ्नो दक्षता देखाउन सक्षम हुनुहोला। आफन्तहरूको सहयोग मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। शनिबारदेखि रोग एवं शत्रु बढ्ने तथा काममा अवरोध आउने योग छ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ।

### कन्या

पराक्रम बढ्नुका साथै काममा सफलता प्राप्त हुनेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। अरूलाई सजिलै विश्वास दिलाउन सकिनेछ। तपाईंको लगनशीलता एवं इमान्दारिताको प्रशंसा हुनेछ। पतिपत्नीबीच माया-ममता बढ्नेछ भने सामाजिक कार्यमा सम्मान पाइनेछ। झूटा आरोप लगाउने प्रयत्न हुन सक्छ।

### वृश्चिक

बोलीको प्रभाव बढ्नेछ भने पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता प्राप्त हुनेछ। देश-विदेशको यात्रा हुन सक्छ। आम्दानी हुने योग भए पनि धन जोगाउन गाह्रो होला। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। महत्त्वपूर्ण काम फत्ते हुनेछन्। सफलताका लागि सजगता अपनाउनुहोला।

### मकर

मन प्रसन्न हुनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। यात्रा रमाइलो हुनेछ। भेटघाटमा मन रमाउनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। भाग्य बलियो छ। शनिबार र आइतवार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### मीन

अध्ययनमा रुचि बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता हात पर्ने योग छ। बौद्धिकताको प्रशंसा गर्नेहरू धेरै हुनेछन्। मान-सम्मान पनि पाउनुहोला। आफन्तहरूको पर्याप्त सहयोग पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। बिहिबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ। काममा अवरोध खडा गर्नेहरू सक्रिय हुनेछन्।

# नयाँ बाटोमा मनीषा



**ठूलो तामझाम**

मनीषाले आफ्नो विवाहका कार्यक्रमहरूमा फरक-फरक हीराको सेट लगाएकी थिइन् । विवाहमा उनले हरियो पन्नाजडित हीराको हार लगाएकी थिइन् । कानमा उक्त हारसँग सेट मिल्ने हीराको झुम्का थियो भने हातमा हीराकै औंठी थियो । विवाहमा हातले कडाइ गरिएको बनारसी साडी ती सेटसँग लगाउँदा मनीषा धपक्क बलेकी थिइन् । अघिल्लो दिनको फूलमाला (स्वयंवर) कार्यक्रममा उनको पहिरन भारतबाट आएका ड्रेस डिजाइनरले नै तयार पारेका थिए । मनीषाका निजी मेकअपम्यान अतुल कदमले उनको पहिरनअनुरूपको मेकअप मात्र गरिदिएनन्, बेला-बेलामा त्यसलाई बिग्रन नदिन विवाह मण्डपमै पुग्थे । अघिल्लो दिन पनि उनको पहिरन राजकुमारीको भन्दा कम थिएन । कडाइ गरेको पहेंलो रंगको साडीमा साना चिटिक्क परेका हिराको टपले उनको सौन्दर्य निखारिरहेको थियो ।

विवाहको तेस्रो महोत्सव अर्थात् आफैंले दिएको पार्टीमा मनीषाले तेस्रो डिजाइनको हिराको हार लगाएपछि सबैले उनको छनौटको खुलेर बयान गरेका थिए । हिमालमा हिउँ पग्लँदा देखिने दृश्यलाई मुम्बईको मुक्ता डिजाइनरले उक्त हारमा उतारेको थियो । हिमालको देश नेपालमा हुने मनीषाको विवाहलाई मुक्ताले आफ्नो कलामा उतार्न खोजेको प्रस्ट देखिन्थ्यो । त्यतिमात्र होइन, दुलाहाले एभरेस्ट होटलमा दिएको पार्टीमा मनीषाले फरक किसिमको मोती र पन्ना लगाएकी थिइन् । लगातार चार दिनको विवाह उत्सवका लागि मनीषाले कति लामो तयारी गरेकी थिइन्, उनको पहिरन, गहना, मेकअप एवं सेन्डलको छनौटबाटै प्रस्ट झल्कन्थ्यो । यता मनीषाका दुलाहा पनि के कम ? उनले पहिलो दिनदेखि नै मनीषालाई टक्कर दिने प्रयास गरिरहे ।

फूलमालाका दिन सुट र पेन्टमा सामान्य देखिएका सम्राट विवाहको मन्डपमा भने राजकुमारझैं चम्किला देखिन्थे । कानमा हीराको टप लगाएर सम्राटले आफू मनीषाकै दुलाहा भएको सन्देश दिइरहेका थिए । बुट्टे ढाकाको दौरा-सुरुवाल तथा कम्मरमा सिरुपाते खुकुरी भिरेका सम्राटले जुत्ता भने इटलीबाट मगाएका थिए । जुत्ता उद्योगका मालिक सम्राट विशेष प्रकारका जुत्ताका पारखी भएको उनको जुत्ताले संकेत दिइरहेको थियो । लोग्नेमानिसको प्रतिष्ठा जुत्तामा अडिएको हुन्छ भन्ने पुरानो कथनलाई उनले वैवाहिक कार्यक्रमभरि दर्साइरहे । पारिवारिक स्रोतअनुसार उनका सबै जुत्ता सर्प, गोही तथा अफ्रिकामा पाइने दुर्लभ जनावरको छालाबाट निर्माण भएका थिए ।

बेहुला-बेहुली मात्र होइन, विवाह कार्यक्रममा उपस्थित सबै एक से एक ठाँटिएका थिए । भारतबाट दर्जनौं बलिउडका कलाकार उपस्थितिका कारण पनि उपस्थित सबैलाई राम्रो देखिन दबाब परेको उनीहरूको हाउभाउबाट प्रस्ट हुन्थ्यो ।

मनीषाको विवाहले अन्तर्राष्ट्रिय सम्मेलनको पनि झलक दिन्थ्यो । दुई नेपाली युवा-युवतीको विवाह भए पनि उक्त विवाहमा

**बाँकी पृष्ठ ७ मा**






• सम्पादकीय •

# क्रमश: मरुभूमीकरणतर्फ


कुनै बेला हामी नेपाली संसारमै सबैभन्दा समृद्ध वनसम्पदाका लागि कहलिएका थियौं र त्यसबेला हामी भन्थ्यौं– हरियो वन नेपालको धन, तर अहिले त्यही हरियो वन नेपालमै खोज्नुपर्ने स्थिति सिर्जना भएको छ । ५० वर्षअघिसम्म कुल भूभागको ७० प्रतिशत क्षेत्रफल वनजंगलले ओगटेको थियो । त्यसबेला नेपालको तराईक्षेत्र लगभग पूरै वनले ढाकिएको थियो भने पहाडमा समेत पर्याप्त वनसम्पदा थियो । पूर्व–पश्चिम राजमार्गको निर्माणसँगै तराईको वन कटान हुन थालेपछि वनक्षेत्र क्रमश: साँघुरिँदै जान थालेको हो । भौतिक विकासका लागि मुलुक र जनताले केही प्राकृतिक सम्पदालाई बलि चढाउनैपर्ने हुन्छ, तर त्यसका लागि पनि विकासविद्हरूले केही मापदण्ड तोकेका हुन्छन् । हाम्रो सन्दर्भमा भौतिक विकासको मूल्य वनसम्पदाको विनाशले चुकाउनुपरेको तीतो यथार्थ हामी सबैलाई अवगत नै छ । त्यसो हुँदा पनि पर्यावरणविद्हरूले नेपालको वनक्षेत्रलाई वातावरणमैत्री अवस्थामा रहेको निक्र्योल दिँदै आएका थिए, तर पछिल्लो केही वर्षदेखि तराई र चुरे क्षेत्रमा देखिएको वनविनाशको क्रमले भने चाँडै नै नेपाललाई वनरहित मुलुकमा परिणत गर्ने सङ्केतहरू देखिएका छन् । यसका लागि मुलुकको जटिल राजनैतिक परिस्थिति र राजनैतिक दल एवं नेताहरूसमेत जिम्मेवार देखिएका छन् ।

जब–जब नेपालमा राजनैतिक अस्थिरता र संक्रमणकालीन अवस्था सिर्जना भएका छन् तब–तब वनक्षेत्र व्यापक रूपमा अतिक्रमित भएका छन् । ०१७ सालको राजनैतिक परिवर्तन, ०३६ सालको राजनैतिक आन्दोलन, ०४६ सालको जनआन्दोलन र ०६२/६३ को दोस्रो जनआन्दोलनपछि सिर्जित राजनैतिक अस्थिरता र संक्रमणकालीन अवस्थामा भएका वनविनाशका कथाहरू कहालीलाग्दा छन् । खासगरी ०१७ सालपछि एक देश, एक जाति, एक भाषाको तत्कालीन नीतिअनुरूप मुलुकमा लादिएको नयाँ भूमिसुधार नीति र पुनर्वास नीतिले जब तराईको हरियो वनमा आँखा लगायो त्यसपछि हरेक राजनैतिक शून्यतासँगै तराईको हरियो वन राजनैतिक रूपमा संरक्षण गरिएका वनमाफियाहरूको सिकार हुने क्रम लगातार बढ्दै गयो, जुन अहिले चरमोत्कर्षमा पुगेको छ । अहिले पनि हामीले तराई खासगरी चुरेक्षेत्रको वनलाई संरक्षण गर्नेतर्फ चासो नदिने हो भने पहाडमा सामुदायिक वनले जतिसुकै वन हुर्काए पनि तराईको उर्वर फाँटहरू मरुभूमिमा परिणत हुने दिनका लागि अर्को पुस्ता कुर्नुपर्नेछैन ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान ।

# कठिन राजनैतिक यात्रा

• चिठीपत्र •




संविधानसभाको एक वर्ष समय थप्न सहमत भएका प्रमुख तीन राजनैतिक दल १२ घन्टा नबित्दै सहमतिलाई आफू अनुकूल व्याख्या गर्दै व्यर्थको राजनैतिक भडखालोमा खस्दै गएका छन् । आम जनताले देखेको र बुझेको सहमति त्यही तीनबुँदा हो । त्यो सहमतिपत्रमा प्रधानमन्त्रीले बिनासर्त राजीनामा दिने भनिएको छैन ।

शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन बाँकी रहेका काम कारबाही सुनिश्चित भएपछि यस सम्बन्धमा बाँकी काम अविलम्ब सम्पादन गर्न तथा संविधान निर्माणको ऐतिहासिक जिम्मेवारी पूरा गर्न सहमति र सहकार्यका साथ काम गर्ने प्रतिबद्धता जनाइएको छ । त्यो काम सम्पन्न गर्न सहमत भएपछि संविधानसभाको म्याद एक वर्ष थपिएको हो । संविधानसभाको म्याद थप्न प्रमुख राजनैतिक दलहरू सहमत थिए ।

शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन र संविधान निर्माण गर्न क-कसको आलस्यता देखियो, लुकाएर लुक्ने कुरा होइन । १२ बुँदे दिल्ली समझदारीबाट आरम्भ गरिएको शान्ति प्रक्रियाका क्रममा बृहत् शान्ति सम्झौता र विविध खाले सहमति हुँदै हालको राजनैतिक सहमतिसम्मका तमाम सहमति र सम्झौतालाई माओवादीले इमान्दारीपूर्वक पालना गर्ने चाहना देखाएको छैन । सहमति र सम्झौता निर्माण गर्ने र हस्ताक्षर गर्ने तत्कालीन सात दल पनि चुकेका छन् । सञ्चारमाध्यम, मानव अधिकारवादी तथा नागरिक समाजले पनि सहमति सम्झौतालाई र त्यसका पक्ष वा सहभागीलाई सचेत नगरिएका कारण माओवादी थप हिंस्रक र सर्वासत्तावादी बन्दै गएको छ ।

१२ बुँदे सहमतिदेखि विविध कालखण्डमा गरिएका सहमतिमा माओवादीले सिर्जना गरेको हिंस्रक अवस्था र त्यसपछि माओवादीबाट लुटिएका सम्पत्ति तत्काल फिर्ता गरिनेछ भनेर तत्कालीन सातदल र सरकारसँगै माओवादीले हस्ताक्षर गर्दै प्रतिबद्धता जनाएको हो ।

केही राजनैतिक दलबाहेक मिडिया, मानव अधिकारवादी तथा नागरिक समाजले कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने र वाईसीएलको अर्धसैनिक संरचना भंग गर्ने विषयलाई महत्त्वका साथ अघि सारेका छैनन् । जसको परिणाम स्वरूप माओवादीले सत्ता कब्जासम्मको दिवा सपना देखिरहेको छ । यदि माओवादीलाई सरकार चाहिने हो र सत्तामा जाने हो भने आफ्नो सेना र हतियारको समायोजन, कब्जा गरिएका घर सम्पत्ति फिर्ता र वाईसीएलको अर्धसैनिक संरचनाको अन्त्य गरिनुपर्छ । ऊ अन्य दलहरू सरह हतियारविहीन बन्नुपर्छ । यस्तो मनोगत संकिर्ण चिन्तन र सोच रहँदासम्म नत शान्तिप्रक्रिया तार्किक निष्कर्षमा पुग्न सक्छ नत संविधान निर्माण हुनसक्छ । माओवादीले सिर्जना गरेको द्वन्द्वको अवधिमा विभिन्न दलका कार्यकर्ता मारिएका थिए । फरक राजनैतिक आस्थाका कारण माओवादीले धन सम्पत्ति लुट्ने, कब्जा गर्ने र ज्यानमार्ने काम गऱ्यो । माओवादी बाहेकका दल र उसका कार्यकर्ता सदैव सताइए, असुरक्षित बनाइए । त्यसै कारण पनि अन्य राजनैतिक दलले यो मुद्दालाई प्रमुखताका रूपमा राख्नु स्वाभाविक र सान्दर्भिक छ ।

शान्ति स्थापनामा सघाउन ल्याइएको अनमिन, नागरिक समाज र सञ्चारमाध्यमले पनि सरकारको आलोचना गर्न बाँकी राख्दैनन् तर माओवादीलाई कब्जा गरिएका जग्गा जमिन, सम्पत्ति फिर्ता गर्न, लडाकु व्यवस्थापन गर्न, वाईसीएलको अर्धसैनिक संरचना भंग गर भन्न उत्सुक नहुनु र दबाब नदिनुबाट उनीहरूले माओवादीको बलमिच्याइँलाई मौन समर्थन जनाइरहेको पुष्टि हुन्छ ।

त्यसकारण पनि सहमतिको पहिलो बुँदा कार्यान्वयन नभएसम्म प्रधानमन्त्रीले राजीनामा दिनु उपयुक्त हुँदैन । राष्ट्रिय सरकारका बारेमा दलहरू निक्र्योलमा नपुगेसम्म संविधान निर्माणका क्रममा देखिएको गम्भीर मतभेद र विवादहरूको समाधान नगरी कब्जा गरिएका सम्पत्ति फिर्ता, शिविरमा रहेका लडाकु तथा हतियारको व्यवस्थापन एवं वाईसीएलको अर्धसैनिक दस्ता विघटन, चन्दा आतंक, अपहरण र हत्या, धमकीजस्ता क्रियाकलापको अन्त्य गरी संविधान निर्माणको ग्यारेन्टी नभएसम्म प्रधानमन्त्रीले राजीनामा दिनु हुँदैन ।

**– नारायण चौलागाईं**

• तीतो सत्य •

● सबैसँग प्रेम गर थोरैलाई विश्वास गर, कसैको हानी नगर ।

**भाइ विवेक**

● सज्जन चाहन्छ- सबैको भलो होस्, दुष्ट चाहन्छ- सबैको कुभलो होस् ।

● कपटले युक्त व्यक्ति सधैं जालझेल मात्र रचिरहन्छ र अरूलाई बिगार्नेतर्फ मात्र सोचिरहन्छ ।

● जो परायाको खुसी, भलो, शान्ति र समृद्धि देख्न चाहँदैन त्यो मानवताविहीन मानिस हो ।

**वसन्त खत्री**

● गरिसकेको पाप जति लुकाए पनि लुक्दैन । जति लुकाउने प्रयत्न गरे पनि त्यो पापले इज्जतमा मोसो दलेरै छोड्छ ।

● गौरव बढाउन, प्रतिष्ठा कमाउन र कौशल देखाउन त्यस्तो कार्य गर्नुपर्छ जुन सत्यमा आधारित, सकारात्मकतातर्फ केन्द्रित र इमानदारितालाई आत्मसात गर्दै सम्पन्न गरिएको हुनुपर्छ ।

● अरूको जीवनमाथि खेलबाड गर्नेलाई केहीबेर अर्थात् दिनका लागि चैन, खुसी र सम्मान मिले पनि त्यो दुष्कर्मले जीवनभर नै पोलिरहन्छ ।

● छलकपट, जाल-झेल त्यसले गर्छ जसले देखावटी काम देखाएर बहादुरीको बिगुल फुक्छ ।

**–उदीर्ण केसी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

• सहर चर्चा •



# अनुप बने विश्वविजेता

अमेरिकी सरकारले आयोजना गरेको विश्वव्यापी डेमोक्रेसी भिडियो च्यालेन्ज प्रतियोगितामा नेपालका एक युवा विजेता बनेका छन् । काभ्रेको महादेवस्थान गाविसका २० वर्षीय अनुप पौडेलले 'डेमोक्रेसी इज ब्लाक' नामक वृत्तचित्र बनाएर प्रतियोगितामा प्रस्तुत गरेका थिए । प्रतियोगितामा विश्वका ८९ देशका २ हजार २ सय प्रतिस्पर्धीको सहभागिता थियो । भिडियोमार्फत डेमोक्रेसीको परिभाषा उल्लेख गर्नुपर्ने उक्त प्रतियोगितामा उनले १ मिनेट ३० सेकेन्डको भिडियो क्लिप तयार पारेका थिए । उनले चारवटा फरकफरक रङ्ग मिश्रण गरी डेमोक्रेसीलाई परिभाषित गरेका थिए । डेमोक्रेसी भनेको एकता, स्वतन्त्रता, शान्ति र मायालाई उनले परिभाषित गरेका थिए । मैले बनाएको भिडियो उत्कृष्ट भएकोमा साह्रै खुशी लागेको छ', पौडेलले भने- 'यो मेरो मात्र विजय नभई नेपालको समेत विजय हो ।' विजेता बनेपछि उनले आफ्नो भिडियो देखाउन अमेरिकाको न्यूयोर्कलगायतका क्षेत्रमा जाने अवसर पाउनेछन् ।

**– मनोज बस्नेत**

• मोडल वार •

# नायिका बन्ने लक्ष्य



राजधानी केन्द्रित मोडलिङ मोफसलसम्म फैलँदैछ । राजधानीबाहिर पोखरा तथा धरानका युवा-युवतीहरू मोडलिङप्रति बढी रुचि राख्छन् । अझ पोखरामा त नयाँ-नयाँ मोडल जन्मने क्रम जारी छ । यही क्रममा भर्खरै मोडलिङ क्षेत्रमा प्रवेश गरेकी नयाँ मोडल हुन् स्वस्ती क्षेत्री । पोखरामा निर्माण भएका थुप्रै म्युजिक भिडियोमा अभिनय गरिसकेकी स्वस्ती अब राष्ट्रिय स्तरको मोडल बन्ने तयारीमा छिन् । पोखरामा आयोजित केही फेसन शोमा समेत क्याटवाक गरिसकेकी स्वस्तीलाई उनको स्मिल तथा अग्लो शरीरले पनि सहयोग पुऱ्याएको छ । फुर्सदमा साथीहरूसँग घुमफिर गर्न रुचाउने स्वस्ती टेलिभिजनका रमाइला कार्यक्रम छुटाउँदिनन् । अभिनय तथा नृत्यमा उत्तिकै पारंगत स्वस्ती भविष्यमा राम्री नायिका बन्न चाहन्छिन् । आफूलाई खुला विचार भएकी युवतीका रूपमा चिनाउने स्वस्तीका आकर्षक तस्बिरहरू ठीकठाक डटकममा हेर्न सकिन्छ ।

• मुखाले •

लोकतन्त्रमा सबैको समान अस्तित्व हुन्छ । म कसैको धम्की, आक्रोश र गलत अडानका सामु झुक्दिनँ ।

**– प्रधानमन्त्री माधवकुमार नेपाल**

प्रधानमन्त्रीका निम्ति मरिहत्ते गरेको भन्ने जसरी प्रचार भएको छ त्यो गलत हो ।

**– पुष्पकमल दाहाल**

मैले केही बोले ढुंगा हानेको ठहरिन्छ, त्यसैले अहिले केही बोल्दिनँ ।

**– पूर्वराजा ज्ञानेन्द्र शाह**

यो सरकार चाँडोभन्दा चाँडो नहटे मुलुक ठूलै राजनैतिक संकटमा फस्न सक्छ ।

**– झलनाथ खनाल**

मैले पार्टीलाई एकताबद्ध बनाएर लाने अठोट लिएको छु ।

**– शेरबहादुर देउवा**

राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्मको निर्णय संसदीय बोर्डले गर्छ ।

**– विनयध्वज चन्द**

नेपालको राष्ट्रिय राजनीति मुद्दाकेन्द्रित नभएर सत्ताकेन्द्रित बन्न पुगेको छ ।

**– प्रदीप ज्ञवाली**

देशलाई रसातलमा पुऱ्याउन सरकार जिम्मेवार छ ।

**– राजेन्द्रप्रसाद पाण्डे**

पार्टीलाई संकट पर्दा हामीले हेरेर बस्न मिल्छ ?

**– मोहनबहादुर बस्नेत**

प्रधानमन्त्री राजीनामा दिन बाध्य छैनन् ।

**– सिन्धुनाथ प्याकुरेल**

# म जहाँ भए पनि नेपाली

हिन्दी चलचित्रका अन्य कलाकारझैं गोविन्दा पनि नेपालमा लोकप्रिय छन्। गोविन्दा अभिनीत सबैजसो हास्यचलचित्र हेर्ने नेपाली दर्शकले उनलाई नेपालमा कमेडियन हिरोका रूपमा पनि सम्झन्छन्। यद्यपि दुई वर्षअघि भारतको एउटा मनोरञ्जन वेबसाइटमा उनले नेपाल मेरो ससुराली हो भनेर अन्तर्वार्ता दिएपछि बलिउडमा त्यसको चर्चा चल्यो। नेपालमा पनि गोविन्दाको ससुराली कहाँ हो भनेर खोजी भयो। सन् १९९० यता गोविन्दा धेरैपटक नेपाल आएका छन्। गत वर्ष उनी काठमाडौं आएका बखत भक्तपुरमा जग्गा किन्ने कुराले पनि ठूलो चर्चा पाएको थियो। यो वर्ष पनि गोविन्दा आफ्नो परिवारका साथ मनीषा कोइरालाको विवाहमा सरिक हुन आए। विवाह समारोहमा गोविन्दाकी धर्मपत्नीले छड्के तिलहरी र ढाकाको ओढ्ने ओढेर आफू नेपाली भएको जनाउ दिएकी थिइन्। विवाहको लामो समारोहमा एक घण्टा विट मार्दै साप्ताहिकले गोविन्दा पत्नी सुनिता आहुजासँग कुराकानी गऱ्यो।



सुनिता आहुजा, धर्मपत्नी गोविन्दा

**विवाह कस्तो लागिरहेको छ ?**

राम्रो छ। म नेपाली विवाह र भारतीय विवाहमा के फरक छ भनेर हेरिरहेकी छु।

**के फरक पाउनुभयो ?**

विधि उस्तै-उस्तै रहेछ, तर पहिरन र बाजा भने निकै राम्रो लाग्यो। आफ्नो भएर हो कि क्या हो, मलाई त नेपाली विवाह नै मन पऱ्यो। हर्नुस् न, त्यो (पञ्चै) बाजा र यो हिल एरिया कति राम्रो सुट गरेको छ। हाम्रो त ड्रेस नै अरूभन्दा युनिक छ, होइन र ?

**नेपाली बोल्न कहाँ सिक्नुभयो ?**

आफ्नो भाषा पनि सिक्नुपर्छ र ? तपाईंले नेपाली कहाँ सिक्नुभयो ?

**म त नेपालमै जन्मिए, मातृभाषा भएकाले सिकें, तपाई त मुम्बईमा जन्मनुभएको हो, त्यही भएर सोधेको ?**

मेरी आमा नेपाली भएकाले मैले पनि आमाबाटै सिकें। जहाँ गए पनि आफ्नी आमाले त त्यही भाषा सिकाउनुहुन्छ नि, जुन उहाँले बोल्नुहुन्छ। तपाई अमेरिकामा जन्मनुभएको भए नेपाली बिर्सनुहुन्थ्यो र ?

**नेपालमा तपाईंको माइती कहाँ पर्छ ?**

आमाले हाम्रो घर काठमाडौंको साँखु हो भन्नुहुन्थ्यो। १० वर्षअघि नेपाल आउँदा म साँखु पुगेकी थिएँ। यो गोकर्ण रिसोर्ट छ नि, यहाँबाट अरू उत्तरतिर जानुपर्छ। धेरै रमाइलो गाउँ छ। तपाई पुग्नुभएको छ ? म नेपाल आएको बेला एकपल्ट त्यहाँ पुग्छु। मलाई मेरी आमा जन्मिएको-हुर्किएको यो पूरा बेल्ट मन पर्छ।

**कहाँ मुम्बई, कहाँ ५० वर्षअघिको काठमाडौं, आमा कसरी मुम्बई पुग्नुभयो ?**

रोजगारीको सिलसिलामा पुग्नुभएको भन्ने सुन्छु। पहिले मामा जानुभएछ, उहाँ सेटल भएपछि आमासहित सबै दाजुभाइलाई लिएर जानुभएछ। हजुरबुवाहरू यतै हुनुहुन्थ्यो, धेरै अघि बित्नुभयो। आमा भन्नुहुन्थ्यो, हामी ब्राह्मण परिवारको मानिस, खेतीपाती गर्दा दुःख भएपछि मामा मुम्बई जानुभएको अरे !

**अहिले साँखुमा आफन्तहरू छन् ?**

नजिकका कोही पनि छैनन्। हाम्रो परिवार सेटल भएपछि सबै आफन्त उतै गए। अहिले मुम्बईमा साँखुबाट गएका धेरै परिवार छन्। यहाँ आमालाई चिन्ने केही बूढापाका अझै जिवीत छन्।

**भनेपछि नेपालसँगको साइनो अब भावनात्मक मात्र रह्यो, होइन ?**

कसरी भावनात्मक मात्र ? देख्नुभएन, यति धेरै आफन्त ? (मनीषाको विवाहमा सामेल भएका नेपाली अनुहार देखाउँदै) उहाँहरू सबै आफन्त हो। मनीषा मेरी बहिनी भएपछि उसका सबै आफन्त मेरा भएनन् र ? मलाई सबैले धेरै माया गर्छन्।

**मनीषासँग कसरी चिनजान भयो ?**

गोविन्दाजीले खेल्नुभएको 'सोला और सबनम' धेरै राम्रो भएको थियो। त्यसको सक्सेस पार्टीमा मनीषा पनि गएकी थिइन्। त्यहाँ उनले आफू नेपालबाट आएको बताइछिन्। गोविन्दाले घरमा आएर तिम्रो माइतीकी केटी सिनेमा खेल्न आएकी छिन् भनेर सुनाउनुभयो। मैले भर्खरै उनको सौदागर हेरेकी थिएँ, तर उनी नेपाली भन्ने थाहा थिएन। त्यसपछि मलाई भेट्ने इच्छा भयो। अर्को पार्टीमा त भेट भैहाल्यो। त्यसपछि हामी यति मिल्न थाल्यौं, कहिलेकाहीं त गोविन्दाजी पनि ईर्ष्या गर्नुहुन्छ। उनी मलाई मेरी आफ्नै बहिनीजस्तै लाग्छिन्। मान्छे जहाँ गए पनि आफ्नै जात खोज्दो रहेछ।

**गोविन्दासँग तपाईंको भेट कसरी भयो ?**

मेरी दिदीको विवाह मुम्बईको सिनेमा सुटिङ स्पटका मालिकसँग भएको थियो। म उहाँकै घरमा बसेर पढ्ने भएकाले गोविन्दासँग त्यहीं भेट भएको हो। भिनाजु पञ्जाबी भए पनि मेरी दिदीलाई पञ्जाबी उती आउँदैनथ्यो। नेपाली बोल्ने मानिस नहुँदा उहाँले मलाई राख्नुभएको थियो। गोविन्दासँग विवाह हुन जुरेको रहेछ (लामो हाँसो)।

**तपाई त्यसबेला गरिब परिवारको प्रतिनिधित्व गर्नुहुन्थ्यो, गोविन्दा जस्तो व्यक्तिसँग कसरी विवाह सम्भव भयो ?**

उहाँ मुम्बईको दुर्गम गाउँ भिभारबाट मुम्बईमा संघर्ष गर्न आउनुभएको थियो। जबकि मेरा भिनाजु त्यहाँका धनी नै थिए। गोविन्दालाई म मन परे पनि प्रपोज गर्न डराइरहनुभएको थियो। मैले उहाँको मन बुझेर प्रपोज गरेकी थिएँ। उहाँकी आमा मुस्लिम हुनुहुन्थ्यो, पछि हिन्दू बन्नुभयो। परिवारमा विरोध भएपछि ससुरा मुम्बई आउनुभएको रहेछ। संघर्ष धेरै भएकाले पनि उहाँको परिवारले ठूलो फड्को मार्न सकेको थिएन।

**गोविन्दाजीको अन्तर्वार्तामा तपाईंको धेरै प्रशंसा सुनिन्छ, किन होला ?**

मसँग विवाह गर्नुअघि उहाँले तनबदन, ऐलानजस्ता चलचित्रमा काम गर्नुभएको थियो, तर ती चलेनन्। मसँग प्रेम भएपछि उहाँले लभ ८६ सिनेमा पाउनुभयो। यो चलचित्र हिट भएपछि हामीले विवाह गऱ्यौं। त्यसपछि त सिनेमाको ओइरो नै लाग्यो। उहाँको विचारमा म उहाँका लागि लक्की छु। त्यही भएर प्रशंसा गर्नुहुन्छ।

**गोविन्दाजीले राजनीति पनि गर्नुभयो, कलाकारिता राम्रो कि राजनीति ?**

कलाकारिता नै राम्रो। उहाँले थाने डिस्टिकका लागि कति राम्रो काम गर्नुभयो, तर अनेक आरोप लागे। निर्वाचन लड्दा मुम्बईसम्म आउने राम्रो बाटो थिएन। मुम्बईको नजिक भएर पनि पिछडिएको थियो, साँखुजस्तै। त्यसलाई सुधार गर्नुभयो। स्वास्थ्य र शिक्षामा उहाँले कति राम्रो काम गर्नुभयो, तर अपजस मात्र पाउनुभयो। मैले नै उहाँलाई राजनीति तपाईंका लागि ठीक छैन भनेर विरोध गरेकी हुँ। अहिले उहाँले राजनीति पूर्ण रूपमा छाडिसक्नुभयो।

**भक्तपुरतिर जग्गा किन्ने हल्ला थियो, किन्नुभयो त ?**

आज भाउ सोध्यो, आनाको २ लाख हुन्छ, भोलि किन्न गयो, ४ लाख भन्छन्। म त छक्कै परिसकें। गोविन्दाले किन्न लाग्यो भनेर हो कि ? किन्ने रहर त छ, हेरौं के हुन्छ ?

**नेपालमा केही व्यापार व्यवसायको योजना छ कि ?**

माइतीमा केही त गर्नैपर्छ भन्ने सोचेकी छु। अब मनीषासँग सल्लाह गरेर केही गर्नुपर्ला। किनभने यता कोही पनि आफन्त छैनन्, सबैले नेपालमा केही गर्नुपर्छ भन्छन्। यहाँको (राजनीतिक) वातावरण राम्रो भएपछि केही काम होला कि भन्ने लागेको छ।

● अश्विनी कोइराला

Miss Rajdhani 2010
Expose Nepal DotCom Presents
Mr&Miss Kathnmandu 2010
Models Wanted
We are looking for Fresh faces all over Nepal
E-mail us:dineshinxpose@yahoo.com
Contact Dinesh Shahi:9803527322/9841013449
Official media partner cybersansar.com
Details & forms are also available at www.cybersansar.com
Parina Rai
Mr Rajdhani 2010
Subarna Khadka

के तपाई Math, Science/ Test नदिई S.L.C. तथा १ वर्षमा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Board मा April 2011 को लागि Admission खुल्यो !
- 5 Subjects पढे पुग्ने।
- Class 10 मा Math, Science तथा Test दिनु नपर्ने।
- नेपाल तथा world wide equivalent
- नेपालीबाट पनि Exam दिन पाईने।
- SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने।
- 6/6 महिनामा Exam दिन पाईने।
Prashiddha Adhikari 97 Marks in Commerce
बिदेश पढ्न जान सजिलो।
WISDOM EDUCATION FOUNDATION
PH. 4238086
Bagbazar (एसिया पब्लिकेशनको अगाडि)
Baglung, Mobile No: 9847-631582

प्राईभेट Test/SLC पढे
बिहान/बेलुकी
अंग्रेजी/नेपाली
ग्यारेन्टि पास
८ पास, ९/१० पास वा फेल
कोटेश्वर
4601878/4600335
कामना स्कुल

+2/SLC ९ महिनामै
८,९, १० फेल भएपनी, पांच बिषयमात्र दिई Math,Sci, Sent Up नदिई ९ महिनामै SLC
A level फेल वा SLC/O level/CBSE X पास भई कम्तीमा १ बर्ष ग्याप भए ९ महिनामै +2
भारतको सरकारी NIOS Delhi Board को शिक्षण कक्षामा भर्ना
६महिनामै American +2
April 010 exam मा सहभागी अधिकांश बिधार्थी उतिर्ण भएकोमा हामी हार्दिक बधाई ज्ञापन गर्दछौं
नेपालीमा Exam दिन पाइने
TU,HSEB तथा बिश्वभरी मान्यता भएको
KANTIPUR INTL OPEN EDUCATION
NECA
New Baneshwor Ph:2044082
Bagbazar: 4265891

# विद्यार्थीहरू स्तरीय क्याम्पसको खोजीमा

**मकर श्रेष्ठ**

काठमाडौं- एसलसीको नतिजा नआउँदै सहरका विद्यार्थीहरू स्तरीय कलेजको खोजीमा भौंतारिन थालेका छन् । चैत २० गते परीक्षा सकिएपछि विद्यार्थीहरू कुन क्याम्पस राम्रो ? कहाँ छ धेरै छुट पाइन्छ ? भन्दै भौंतारिन थालेका छन् । केही वर्षअघिसम्म नतिजा ननिस्कँदासम्म विद्यार्थीलाई के पढ्ने भन्ने चिन्ता हुँदैनथ्यो । गोरखापत्रका पानामा आफ्नो सिम्बोल नम्बर देखेपछि मात्र अब के गर्ने भन्ने चिन्ता हुन्थ्यो, तर आजभोलि सहरिया विद्यार्थीहरू एसएलसीपछि १०-१५ दिनमात्र बिन्दास हुन्छन । त्यसपछि सुरु हुन्छ ब्रिजकोर्स, एब्रोड प्रिपेरेसन वा कम्प्युटर कक्षाहरू । 'पछि गाह्रो हुन्छ भनेर कम्प्युटर क्लास पनि ज्वाइन गरेकी छु,' वनस्थलीकी सदीक्षा थापाले भनिन् ।

गाउँका विद्यार्थीहरूलाई भने कुन विषय पढ्ने ? कहाँ पढ्ने केही चिन्ता छैन । नतिजा कहिले आउला अनि पास भइएला कि नभइएला भन्ने चिन्ता मात्र छ, तर सहरका विद्यार्थीहरू भने आफ्नो रोजाइको विषयलाई सजिलो बनाउन बिज्रकोर्सको अध्ययनमा लागेका छन् ।



कुन विषय पढ्ने ? भनेर निधो गरिसकेका विद्यार्थीलाई पनि धेरै परामर्श र सल्लाह आवश्यक हुन्छ । विद्यालयको भन्दा केही फरक शैलीबाट पठनपाठन हुने हुँदा तथा कलेजको वातावरण बुझ्न पनि केही विद्यार्थी पहिले नै परामर्श केन्द्र र कलेजहरू धाउँछन् । विद्यार्थीले चारैतिर भौंतारिनु नपरोस् भनेर राजधानीमा हालै बृहत् शैक्षिक मेलाको आयोजना गरिएको थियो । उक्त मेलाको आयोजना शैक्षिक परामर्श व्यवसायीहरूको छाता संस्था नेपाल शैक्षिक परामर्श संघ (इक्यान) ले गरेको थियो ।

'एसएलसीको फुर्सदमा एब्रोड स्टडीको टेन्सन छ,' वनस्थली स्कुलबाट एसएलसी दिएकी सुधा राना पनि कता अघि बढ्ने भन्ने द्विविधालाई चिर्न भृकुटीमण्डप नै पुगिन् । एक महिनादेखि विभिन्न कलेजको स्थिति, प्रवेश परीक्षा, उच्च शिक्षा थाल्नुअघि गर्नुपर्ने तयारी तथा अग्रजहरूसँगको परामर्शमा बिताइरहेकी राना थप जानकारी लिन मेलामै पुगेकी थिइन् । 'एक ठाँउमा सबै भेला भएकाले बुझ्न सजिलो हुन्छ,' उनले थपिन्, 'कुन कलेजमा के सुविधा छ बुझ्न पाइन्छ ।'

एसएलसी दिएर बसेका ४ लाख ५६ हजारको मनस्थिति 'भोलि के गर्ने ?' भन्ने नै छ । एसएलसीका फुर्सदिलाबाहेक अरूका लागि उपयोगी स्टल पनि मेलामा राखिएको थियो । प्लस टु गरिसकेका विद्यार्थीलाई अब के छान्ने भनेर सिकाउन धेरै कलेजले ब्रोसर प्रकाशन गरेका छन् । होटल म्यानेजमेन्ट, मिडिया स्टडिज, ट्राभल एन्ड टुरिज्म, रुलर डेभलपमेन्ट, बिजनेस एड्मिनिस्ट्रेसनमा विद्यार्थीको चासो र रुचि छ । यस्तै थप अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीले तयार गर्नुपर्ने प्रमाणपत्र एवं अन्य कागजात, पूरा गर्नुपर्ने प्रक्रिया टोफल, आईएलटीएसको तयारीजस्ता परामर्श विद्यार्थीले परामर्श केन्द्रहरूबाटै पाउन सक्छन् ।

नेपाल शैक्षिक परामर्श संघका महासचिव राजेन्द्र थापाका अनुसार शैक्षिक भविष्यको चिन्तामा रुमल्लिएकाहरूलाई एउटा मेला गतिलो विकल्प हो । 'उच्च शिक्षा हासिल गर्ने विद्यार्थीलाई एकै थलोमा परामर्श र जानकारी दिन्छौं,' उनले भने । यस्ता मेलाकै क्रममा विद्यार्थीले आफ्नो आर्थिक हैसियतअनुरूपको शैक्षिक क्षेत्र रोज्न सक्ने थापाले बताए ।

**एसएलसीको नतिजा आउँदो साता**

परीक्षा नियन्त्रक चित्रप्रसाद देवकोटाले असार तेस्रो साताअघि नै एसएलसीको नतिजा प्रकाशित गर्ने लक्ष्यका साथ काम भैरहेको जानकारी दिए । ४७ वटै उत्तरपुस्तिका परीक्षणकेन्द्रबाट परीक्षण भएका उत्तरपुस्तिका परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आइसकेको उनले बताए । परीक्षण सकेर केन्द्रमा आइसकेका पुस्तिकामा विद्यार्थीले प्राप्त गरेको नम्बर कम्प्युटरमा दर्ता (इन्ट्री) गर्ने काम सकिएपछि थप १० दिन बुक रिडिङ गर्न र मिसिङ भएको हेर्न समय लाग्नेछ, त्यसपछि मात्र नतिजा प्रकाशनको अन्तिम तयारी हुनेछ ।

परीक्षा नियन्त्रण कार्यालयको विशेष स्रोतका अनुसार असार १५ देखि १७ गतेभित्र नतिजा सार्वजनिक गर्ने योजना छ । त्यही अनुसार कर्मचारीलाई बिहान ६ बजेदेखि बेलुका ७ बजेसम्म काममा लगाइएको छ । यस वर्षको नियमिततर्फ ४ लाख १२ हजार ५ सय ९२ र आंशिकतर्फ ४४ हजार १ सय २७ जना गरी कुल ४ लाख ५६ हजार ७ सय १९ जनाले एसएलसी दिएका छन् ।

## एसएलसी पछि कसरी बित्यो दुई महिना ?

**प्रशंसा अधिकारी**



विदेश पढ्न जाने तयारी गर्दैछु । ल्याङ्ग्वेज, ब्रिजकोर्स र टोफेल गरिरहेकी छु । नतिजा डिस्टिङ्सन आउँछ भन्ने आशा गरेकी छु । पढाइबाहेक साथीहरूसँग घुमफिर गर्न, नयाँ ठाउँ घुम्न जाने गरेकी छु । सिलाइ-बुनाइको काम पनि गर्छु । घरमा त्यतिकै बस्नुपरेको छैन ।

**जमुना पोखरेल**



नतिजा राम्रै आउने आशा लिएकी छु । त्यही भएर स्तरीय कलेजको खोजीमा छु । म्यानेजमेन्ट पढ्ने सोच बनाएकी छु । परीक्षापछि ब्रिजकोर्स गरिरहेकी छु । त्यसैगरी डान्स तथा गितार पनि सिकिरहेको छु ।

**केल्विन मालाकार**



१० वर्षपछि लामो फुर्सद मिलेको छ । फुर्सदको समयमा कम्प्युटर र म्युजिक सिक्दैछु । म्यानेजमेन्ट अध्ययन गर्ने सोच बनाएको छु ।

**जयन्द्र अधिकारी**



बिज्रकोर्सका लागि सिमराबाट काठमाडौं आएको छु । साइन्स पढ्ने सोच छ । कम्प्युटर सिकिरहेको छु अनि राम्रो कलेजको खोजीमा छु ।

**सुदीक्षा शाक्य**



राम्रो कलेजको खोजीमा छु । कलेजको खोजी गर्दै शैक्षिक मेलाहरू पनि धाइरहेकी छु । साइन्स अध्ययन गर्ने सोच छ । ब्रिजकोर्स र कम्प्युटर पढिरहेकी छु । घर बनेपा भए पनि काठमाडौंमा पढ्ने इच्छा छ ।


नेपालको पहिलो र एक मात्र अनुमति प्राप्त open School
S.L.C/+2,A level फेल ? Tension छैन
कक्षा ८,९,१० Test पास/फेल, S.L.C फेलहरुले तथा घर वा अफिसमै पढेर पास गर्न सकिने
Math/Sci नपढी Test नदिई ९ महिनामै S.L.C / +2 पास गर्न चाहानु हुन्छ ?
NIOS X & XII मा भर्ना खुल्यो
मात्र ५ विषय पढे पुग्ने
• परिक्षा नेपालीमा दिन पाईने • पास गर्न सजिलो
•Nepal gov., HSEB र TU द्वारा Equivalent
•Free Tuition classes
•Books are available on Admission
केही सिट मात्र बाँकी
अन्तिम भर्ना 100% पास अन्तिम भर्ना कक्षा शुरु भैसक्यो
Test S.L.C 2067 मा निशुल्क भर्ना
जिल्ला शिक्षा कार्यलयबाट अनुमति प्राप्त
•Math/Sci/Eng को निशुल्क Tuition
• Eng कमजोर हुनेहरुलाई Eng Lang. Free
• दक्ष शिक्षक तथा शिक्षिकाबाट पढाईने
• मनोवैज्ञानिक ढङ्गले १ वर्षमै पढाईने
• कमजोर विद्यार्थीको लागि विशेष व्यवस्था
कक्षा बिहानी र दिवा
Paragon putalisadak 014421390
भर्ना हुनु पुर्व १ पटक अवश्य सम्पर्क गर्नुहोस



भर्ना खुल्यो भर्ना खुल्यो
जिल्ला शिक्षा कार्यालय बाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC 2067
दक्ष तथा अनुभवी शिक्षकहरु द्वारा उत्कृष्ट अध्यापन गराई सर्वोत्कृष्ट नतिजा ल्याउन सफल यस
TIME INSTITUTE
Technical information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156, 4240082 (Right Side to P.K. Campus)
माध्यम अंग्रेजी/नेपाली
मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाडै सम्पर्क गर्नुहोला ।
पुनश्च: कलाकारीता, राजनीति तथा अन्य रोजगारी पेशामा लागि पढ्न छुटाएका बिद्यार्थीहरुका लागि बिशेष कक्षाको समेत व्यवस्था गारिएको छ ।



LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more ........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320



कस्मेटिक सर्जरी
➲ शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
➲ शरिरमा आगोले पोलेर भएको समस्याको लागी
➲ नाक, कान, आाखा सम्बन्धि कस्मेटिक सर्जरी
➲ मंगोलियन आाखाको उपचार
➲ टाउकोमा केश उमार्न
➲ अनुहारको चाउरीपन हटाउन
➲ स्तनसम्बन्धि कस्मेटिक सर्जरी
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७



होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt. Ltd.
PACIFIC Jamal, Kathmandu 4232196



सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) -1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134



Achieve your dream...Make your career
Being
BRITISH ARMY & SINGAPORE POLICE
No.Lic No.44948/063-64
ADMISSION OPEN
British Army & singapore police preparation classes for intake 2010/11
Educational & Physical Classes अनुभवी र दक्ष प्रशिक्षकद्धारा लिईने साथै अन्य आकर्षक Packege का साथमा धमाधम भर्ना लिईदैछ ।
Free Swimming & Diet Available
For Further Details
BRITISH GURKHAS EDUCATIONAL & PHYSICAL TRAINING CENTRE(P.) LTD.
Shankhapark-4, Dhumbarahi, Ktm, Nepal
contact:- 01-4007538, 9851002703, 9841344404,9841306113,9849145319
Branch Office DHARAN-9 Acharya Line
Ph:- 025-696513,9804007669 9842021640, 9842195609



नेपालको एक मात्र रेडियो प्राविधिक तालिम केन्द्र
दैनिक SOUND ENGINEER तथा RADIO ENGINEER द्वारा कक्षा सञ्चालन हुने
कार्यक्रम उत्पादकको लागि नेपालका बरिष्ठ सञ्चारकर्मीहरुद्वारा कक्षा लिईने
FM Radio Technician - (Job Guarrantee) 45 days
General Editing & Mixing - 30 days
Audio Library Management - 15 days
Audio/Video Program Producer - 60 days
Echo Media Adwait Marg, Bagbazar
Phone : 01-2296457
तपाईं दक्ष बन्नुस्, काम तपाईंको पछि लाग्छ ।



होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
National Employment Training Center Pvt. Ltd.
चुच्चेपाटी, चावहिल, काठमाडौं
४४९००१८ २०२३३६७

# नयाँ बाटोमा मनीषा

पृष्ठ ५ बाट जारी

मंगोलीयन, अफ्रिकन, युरोपीयन, द्रविड एवं आर्य समाजको उपस्थिति थियो । सबैभन्दा रमाइलो कुरा ती सबैले हिन्दू धार्मिक परम्पराअनुसार मनीषाको खुट्टा धोएर पानी खाएका थिए । मुस्लिम धर्मावलम्बी तथा



मनीषासँगै 'सौदागर' चलचित्रमा काम गरेका हिरो विवेक मुश्रानले मनीषाको खुट्टा धोएर पानी खाँदा विवाह कार्यक्रममा खासखुस चलेको थियो । विवाह कार्यक्रम सकिँदा कुन देशका व्यक्तिको उपस्थिति भएभन्दा पनि कुन देशबाट प्रतिनिधित्व भएन भनेर गन्नु पर्ने अवस्था आएको थियो ।

विवाहमा नेपाल र भारतमा भएका सबै जसो कूटनीतिक नियोगको प्रतिनिधित्वको कारण मनीषाले संयुक्त राष्ट्रसंघको अवैतनिक राजदूत भएर काम गरिसकेकाले पनि हो । मनीषाले आफ्नो विवाहलाई सोचेरै अन्तर्राष्ट्रिय झलक दिन खोजेकी हुन् भन्ने त्यहाँ उपस्थित वर्ग, सम्प्रदाय, धर्म एवं विज्ञको उपस्थितिले झल्काउँथ्यो । यति हुँदाहुँदै पनि विवाहमा राजनीति र कलाकारिताले बढी ठाउँ ओगट्यो । भारतीय राष्ट्रिय कांग्रेसका नेता डीपी त्रिपाठीले मनीषाको गोडा धुँदा भारतमा मनीषाको राजनीतिक पहुँचको चर्चा पनि विवाह मण्डपमा भएको थियो । भारतबाट गोविन्दाको सम्पूर्ण परिवार, ज्याकी श्राफका आधा पारिवारिक सदस्य, दीप्ति नवल, सुमन रंगनाथन, गुलसन ग्रोवर एवं भारतका चर्चित उद्योगपति तथा साहारा ग्रुप अफ कम्पनीका मालिक सुब्रत रोयको उपस्थितिले विवाहका कार्यक्रमहरू भव्य एवं सालिन भएको थियो । नेपालका सबैजसो राजनीतिक खेलाडीको उपस्थितिले विवाहको भोजलाई राजनीतिको केन्द्र पनि बनाएको थियो ।

### विवाह कार्यक्रमका फरक पक्ष

मनीषाको विवाहको खवर बाहिर आएपछि दुलाहा सम्राट लगभग सञ्चारमाध्यमबाट टाढिएका थिए । उनी कसैगरी पनि सञ्चारमाध्यममा आउन चाहँदैनथे, तर पत्रकारहरूको जासुसी शैलीबाट अनभिज्ञ सम्राट पटक-पटक फसे । धेरैजसो पत्रकारले कहिले मनीषाको साथीका रूपमा, कहिले उनकै शुभचिन्तकका रूपमा सूचना फुत्काएको उनले चालै पाएनन् । विवाहको अन्तिम पार्टीमा सम्राट भन्दै थिए, 'मेरा नयाँ-नयाँ साथी कहाँबाट जन्मिए भनेको त सबै पत्रकार पो रहेछन् ।' विवाहमा धेरैजसो सञ्चारमाध्यमलाई निम्तो नभएका कारण उनी आफूलाई पत्रकारबाट अलग भएको महसुस गर्दै थिए । यद्यपि उनका सबैजसो खबर सञ्चारमाध्यममा आएकोमा उनले निकटहरूसँग आश्चर्य व्यक्त गरेका थिए ।

०००

वैवाहिक कार्यक्रमभरि मनीषाको खटाइ र दौडधूपबाट परिवार चिन्तित थिए । नभन्दै गोडा धुने कार्यक्रममा मनीषा अचानक बेहोस भएपछि परिवारका सदस्यले उनलाई गाली गर्नुपरेको थियो । यद्यपि मनीषालाई त्यसको कुनै असर परेन । अत्यधिक कमजोरी हुँदाहुँदै पनि उनी मुस्कुराइरहेकी भेटिन्थिन् । सोल्टीको पार्टीमा मनीषा लगातार चार घण्टा उभिएर अरूको बधाई लिएको देखेर चिन्तित भएका बुबा प्रकाशले भीड हटाउँदै उनलाई आराम गर्न पठाएका थिए ।

०००

वैवाहिक कार्यक्रममा राम्रो व्यवस्थापन खट्किएको देखिन्थ्यो । विवाह तालिकाका भित्री कार्यक्रम पटक-पटक फेरिएका थिए । बेहुली लिन जाँदा पञ्चैबाजा अघि लगाएर बग्गीमा जाने योजना बनाएका सम्राट ट्राफिक व्यवस्थापनका कारण मर्टिसिज बेञ्जमा जानुपरेको थियो । भनेको सामग्री नभेटिने, समयमा कतिपय काम नहुने भएपछि दिक्क मानेर सम्राटले आफ्ना सहयोगीहरूलाई आफ्नो इज्जत राखिदिन अनुरोध गर्नुपरेको थियो । यद्यपि मनीषाका तर्फबाट पनि त्यही समस्या दोहोरिएको थियो ।

०००

जन्ती लिएर विवाह-मण्डपमा पुगेका सम्राटले मनीषालाई नदेखेपछि उनका बारेमा सोधपुछ गरे । मनीषा गोकर्ण रिसोर्टको राणा लजमा श्रृंगार गरिरहेको थाहा पाएपछि उनी जुरुक्क उठेर मनीषाको कोठातर्फ लम्किए । केहीले विवाहअघि बेहुलीको कोठामा जान हुँदैन भनेर रोक्न खोजे पनि सम्राट मनीषाको कोठामा पसिछाडे । बाहिरबाट दुवैलाई जिस्क्याउने क्रम बढे पनि दुवै जना लामो समयसम्म कोठाबाट निस्केनन् । जब सम्राट मनीषाको कोठाबाट निस्किए, त्यसको केही क्षणमै मनीषा बेहुलीको भेषमा बाहिर आइन् । अघिसम्म दुवैलाई जिस्क्याइरहेका जन्ती पक्षले मनीषालाई बेहुलीको भेषमा देख्नेबित्तिकै तालि बजाएर स्वागत गरे ।

०००

वैदिक विधिअनुसार मनीषा र सम्राटको विवाह भैरहँदा कोइराला परिवारका राजनीतिक हस्तीहरू भने बेहुला पक्षसँग अन्ताक्षरी खेल्न व्यस्त थिए । डा. शेखर कोइराला, शशांक कोइरालाहरूको टोलीले बेहुला पक्षका जन्तीलाई हिन्दी, अंग्रेजी र नेपाली गीतका फोहोरा छुटाएर हराइछाडे । अन्ताक्षरी जितेपछि सभासद् डा. शेखर भन्दै थिए, 'बनारसको गल्लीमा हिन्दी गीत गाएर हुर्किएकालाई अन्ताक्षरीमा हराउने को छ र ?'

०००

Regular Test/SLC - 2067
Test ग्यारेन्टी पास
☞ भर्खरै कक्षा ९ तथा Test फेल भएका
☞ ८ पास ९,१० Test/SLC फेल भई विभिन्न कारणले पढाई छाडेकाहरु
☞ कक्षा ९ नपढी सिधै Test/SLC दिन पाइने
भर्ना खुल्यो
SLC मार्कसिट प्राईभेट नभई रेगुलर हुने
विगत वर्षहरुमा 100% पास गराउँन सफल
माध्यम: नेपाली/अंग्रेजी समय: बिहान/दिउँसो
६ महिनामै कक्षा ८
५,६,७,८ पढ्दा पढ्दै बिचैमा पढाई छाडेका महिला तथा पुरुषहरुको लागी कक्षा ९ नपढी सिधैं Test / SLC दिन पाईने ।
बाइरन एकेडेमी
बनस्थली
४३६४८८८, ९८४१७०००८७

अन्तिम भर्ना-पालो तपाईंको
जिल्ला शिक्षा कार्यालयबाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC २०६७
कक्षा ८ पास गरि ९, १० फेल वा पास र Test /SLC फेल भएका उमेर नाघि पढ्ने इच्छा भएका वा विविध कारणले विधालय जान नसकेका विधार्थीहरुका लागि अध्ययन गर्ने सुवर्ण अवसर....
नोट: SLC Registration Form भर्ने अन्तिम मिति २०६७ असार १५ गते सम्म मात्र ।
कोसेट ओपन स्कुल २१६०७३६ ९८४१२६४५१४ लाजिम्पाट (प्रहरी बिट सँगै)
पाइथागोरस एकेडेमी ४२६०६३२ ९८५१००९४२७ पुतलीसडक (पद्ममोदय मोड)

● चलचित्र ●

# हलचल



नायिका तथा निर्मात्री जेनी कुवरले निर्माण गरेको चलचित्र 'हलचल' आज शुक्रबारदेखि देशभरि प्रदर्शन गरिदैछ। जेनीका अनुसार काठमाडौंका विश्वज्योतिलगायत १८ वटा चलचित्र भवन तथा उपत्यकाबाहिरका ५२ वटा चलचित्र हलमा यो चलचित्र एकसाथ सार्वजनिक गर्न लागिएको छ। अस्पतालका डाक्टर तथा नर्सको लापरवाहीका कारण उत्पन्न समस्या र त्यसले कालान्तरमा पारेको प्रभाव चलचित्र 'हलचल'को मुख्य कथा हो। एक अपाङ्ग व्यक्तिसागको प्रेमसम्बन्धको उतारचढावलाई पनि निर्देशक सुनिल पाण्डेले चलचित्रमा उनेका छन्।

निखिल उप्रेती, मेलिना मानन्धर, मुकेश ढकाल, आकाश खवास तथा जेनी कुवरले केन्द्रीय चरित्र निर्वाह गरेको यो चलचित्रको प्रस्तुतीकरण भने 'मसालेदार' छ। द्वन्द्व, नृत्य, हास्यजस्ता मसलाहरू यो चलचित्रमा पनि छ। मूलकथालाई अघि बढाउन ती मसलाले सहयोग गरेको दाबी निर्देशक पाण्डेले गरेका छन्। चलचित्र 'हलचल'मा वसन्त सापकोटाको संगीत, वसन्त श्रेष्ठ र दिनेश पाखिनको नृत्य तथा रामजनकको द्वन्द्व-निर्देशन हेर्न-सुन्न पाइन्छ।

# क्रान्तिवीर




विश्वकप फुटबलका कारण सिनेमा हलमा दर्शकको उपस्थिति पातलिँदै गएपछि यो साता बलिउडमा एउटा मात्र चलचित्र 'क्रान्तिवीर-द रेभुलुसन' प्रदर्शन हुँदैछ। सामाजिक विषयमा आधारित यो चलचित्रको निर्देशन मेहुल कुमारले गरेका हुन्। यो चलचित्रमा समीर आफताब, जहान ब्लोच, हर्ष रापुत, आदित्य सिंह राजपुत, फरिदा जलाल, गोविन्द नामडियो, अमन वर्मा आदि नयाँ-पुराना कलाकारले अभिनय गरेका छन्। सचिन तथा जिगरद्वारा संगीतबद्ध यो चलचित्रका गीत समीरले रचना गरेका हुन्। चलचित्रको कथा निर्देशक मेहुल कुमारले नै तयार पारेका हुन्।

यसअघि सन् १९९४ मा 'क्रान्तिवीर' शीर्षकमै एउटा चलचित्र प्रदर्शन भैसकेको थियो जसमा नाना पाटेकर र डिम्पल कपाडियाले मुख्य भूमिका निर्वाह गरेका थिए। सिक्वेलका रूपमा तयार पारिएको 'क्रान्तिवीर- द रेभुलुसन' को कथा सामान्य छ। प्रताप नारायण तिलककी छोरी रोशनी (जहान) आफ्ना तीन जना साथीसँग आम जनसमुदायमाझ जागरूकता तथा अधिकारका लागि अघि बढ्छिन्। बुवाको भावनालाई अघि बढाउने क्रममा उनी समाजका नराम्रा क्रियाकलाप हटाउन चाहन्छिन्।

रोशनीले निडर पत्रकारका रूपमा सञ्चारमाध्यमको शक्तिलाई आफ्नो मिसनमा प्रयोग गर्छिन्। साहस र इमान्दारिताले पनि उनलाई साथ दिइरहेको हुन्छ। उनले समाज परिवर्तनका लागि एक प्रकारको क्रान्ति आवश्यक भएको स्पष्ट पार्छिन्। शान्तिका लागि एउटी नारीले कतिसम्म बलिदान गर्न सक्छिन् भन्ने यथार्थतालाई चलचत्रिमा आकर्षक ढंगले चित्रण गरिएको छ।

# नाइट एन्ड डे



शुक्रबारदेखि मात्र नयाँ चलचित्र प्रदर्शन हुने परम्पराविरुद्ध यो साता हलिउडमा गत बुधबार नै एउटा नयाँ चलचित्र सार्वजनिक भएको छ। एक्सन, एड्भेन्चर, रोमान्स तथा थ्रिलर श्रेणीमा राखिएको चलचित्र 'नाइट एन्ड डे' मा हलिउडका चर्चित कलाकारले अभिनय गरेका छन्। टम क्रुज, क्यामरुन डियाज, म्यागी ग्रेस, पौल डानो आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रको निर्देशन जेम्स म्यानगोल्डले गरेका हुन्। यो चलचित्र १३ वर्षभन्दा कम उमेरका दर्शकले हेर्न पाउँदैनन्। चलचित्र एक्सनप्रधान छ। चलचित्रका नायकनै नायिकाका शत्रु हुन्छन्। एउटा एजेन्टका लागि काम गर्ने नायकले नायिकालाई सिध्याउने जिम्मा लिएका हुन्छन्। परिस्थिति यस्तो बनिदिन्छ कि नायिकाको हत्या गर्न अघि बढेका नायक स्वयं उनीसँग प्रेम गर्न थाल्छन्।

## आकांक्षा चम्किइन्



बुटवल– थुप्रै संगीतकार-कलाकारको जन्मथलो भए पनि बुटवलमा विश्व संगीत दिवस पहिलो पटक मनाइयो। बुटवल मण्डपमा सोमबार साँझ आयोजित कन्सर्टमा रूपन्देहीका दुई दर्जनभन्दा बढी कलाकारले गीत तथा नृत्य प्रस्तुत गरेर सहभागीहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरे।

राष्ट्रिय स्तरमा चर्चित कुनै कलाकारको प्रस्तुति नरहेको कार्यक्रमको मुख्य आकर्षण बुटवलकै नवोदित गायिका आकांक्षा बस्याल बनिन्। राष्ट्रिय स्तरको गायन प्रतियोगिता 'भ्वाइस अफ टिन'को टपटेनमा पर्न सफल १४ वर्षीया आकांक्षाले आफ्नो प्रस्तुतिमा सबैलाई झुमाइन्। 'कुन रंगको कमी थियो' र 'किन-किन उनलाई' दुईवटा गीत गाएकी आकांक्षाले लामो हुटिङपछि दोहोऱ्याएर गाइन्। आकांक्षाको प्रस्तुतिबाट प्रभावित भएर उनलाई नगद सहयोग गर्नेहरूको लर्को नै लाग्यो।

बागेश्वरी संगीतालयको आयोजनामा सम्पन्न कार्यक्रममा विशाल थापाको अंग्रेजी गीत 'बेबी' र मंगला प्रधानसँगै उनले गाएको हिन्दी गीत 'तेरी ओर', पप्पु सेन्चुरीको 'दर्शन नमस्ते', अजय कार्कीको 'लैजारे' गीतले पनि पर्याप्त मनोरञ्जन प्रदान गर्दै नचाएको थियो। पार्श्वगायिका सरिता पन्थी, प्रथम भ्वाइस अफ बुटवल लक्ष्मी विक, प्रथम प्रदर्शनी आइडल एन्जिला रेग्मी, राज न्यौपाने, सरिता श्रेष्ठ, लोकेन्द्र थापाको प्रस्तुतिमा पनि सहभागीले राम्रै साथ दिएका थिए। दुर्गा राना, पुष्पा गुरुङ, दिया, आदि कलाकारले रौतरी, तामाङसेलो, मगर झ्याउरे, थाली नृत्य, साल्सा, शास्त्रीय, ब्रेक, कन्टेम्प्रेरी, हिपहप, आदि नृत्य प्रस्तुत गरेका थिए।

## एकल गायनमा दीप श्रेष्ठ

**साप्ताहिक समाचार**

काठमाडौं– 'म पत्थरको देवता होइन...' आइतबार साँझ प्रज्ञाभवनमा आयोजित आफ्नो एकल गायन कार्यक्रमको प्रारम्भ गायक श्रेष्ठले यही गीत गाएर गरे। धरान सरोकार समाजले आयोजना गरेको 'दीप श्रेष्ठ साँझ-२०६७' हेर्न भेला भएका अधबैंसेदेखि पाका उमेरका दर्शक-श्रोतामाझ श्रेष्ठले आफ्ना नयाँ तथा पुराना गीत सुनाए। धरानको खानेपानीको समस्या समाधान गर्न आवश्यक रकम संकलन गर्ने उद्देश्यले आयोजित सांगीतिक कार्यक्रम 'म त कुहिरो भित्र छु...' तथा 'झीरमा उनेको त्यो एउटा ...' जस्ता गीतसँगै अघि बढेको थियो। धरानमा जन्मिएकाले आफ्नो क्षेत्रका लागि गीत गाउन पाउँदा खुसी लागिरहेको बताउँदै पलेँटी कसेर बसेका गायक श्रेष्ठले उपस्थित दर्शककै रोजाइका गीतहरू गाए। कार्यक्रममा उनले 'सुनिदेउ सानो छँदाको कथा', 'म त दूरदेखि आएँ...' लगायत आफ्ना कालजयी गीत प्रस्तुत गरेका थिए।



सर्वाधिक बिक्री हुने साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका




तस्बिर : राजीव श्रेष्ठ


नेहा
निरौला
adidas
JABULANI
OFFICIAL MATCH BALL
SOUTH AFRICA 2010
FIFA WORLD CUP
SOUTH AFRICA 2010

## साताको स्वर



### लीलु गुरुङ

**'जहाँ तिमी त्यहाँ म' कस्तो शैलीको गीत हो ?**

यो गायक स्वरूपराज आचार्यको स्वर तथा बीबी अनुरागीको संगीतमा तयार भएको आधुनिक शैलीमा आधारित गीत हो ।

**यो गीत कुन बेला रचना गर्नुभएको हो ?**

विछोडको पीडा समेटिएको यो गीत एउटा यात्राका क्रममा एक्लै छँदा तयार पारेकी हुँ ।

**गीतको कुन पक्ष श्रोताले मन पराए ?**

शब्दहरू मर्मस्पर्शी छन् भन्ने प्रतिक्रिया पाएकी छु । गायन र संगीत पक्ष पनि श्रोताले उत्तिकै मन पराएका छन् ।

**कस्ता स्रोताका लागि यो गीत रच्नुभएको हो ?**

प्रायः सबै उमेरका श्रोताले यो गीत मन पराएका छन्, तर प्रेममा धोका पाएकाहरू यो गीतका लक्षित श्रोता हुन् ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

निर्देशक आलोक नेम्वाङले गीतले व्यक्त गर्न खोजेका भावनालाई म्युजिक भिडियोमा उतारिदिएका छन् ।

## पर्यटन वर्षको गीतिएल्बम

पर्यटन वर्ष-२०११ को प्रचार-प्रसार गरी जनचेतना फैलाउन लोकगीतिएल्बम 'पर्यटन वर्ष-२०११' सार्वजनिक भएको छ । पर्यटनक्षेत्रको प्रचारप्रसार एवं प्रवर्द्धनमा सक्रिय गन्तव्य नेपाल पब्लिकेसन प्रालिले प्रकाशन प्रकाशन गरेको यो एल्बमलाई गन्तव्य नेपालका अध्यक्ष शिव अधिकारीको परिकल्पनामा श्रीनाथ म्युजिक प्रालिले बजारमा ल्याएको हो । गीतिएल्बममा 'सफल पारौं पर्यटन वर्ष-२०११' गीतलाई लोकलय लोकसङ्गीतका साथ प्रस्तुत गरिएको छ । संग्रहका गीतमा कृष्ण आासु, खुमन अधिकारी तथा देवी घर्तीको स्वर सुन्न सकिन्छ । यो संग्रहमा शिव श्रेष्ठको शब्दरचना तथा कृष्ण आासुको सङ्गीत छ ।

## मदनले गाउँदा सुनसान

शनिबार काभ्रेको अनेकोटमा लक्ष्मी प्रतिष्ठानले आयोजना गरेको विद्यालय हस्तान्तरण कार्यक्रममा मदनगोपालले गीत गाउँदा कार्यक्रमस्थल करिब ५ मिनेट सुनसान जस्तो भएको थियो । एकै वर्षभित्र छुट्टाछुटै दुर्घटनामा आफ्ना दुई छोरा जेठो कुमार ३०६५ पुस महिनामा काठमाडौंमा मोटरसाइकल दुर्घटना र माहिलो बलराम २०६६ असोजमा अमेरिकामा कार दुर्घटनामा गुमाएको शोकमा उनका बाबु विष्णु गौतमले लेखेको लक्ष्मी एल्बमको गीत गाउँदा कार्यक्रमका सहभागीहरूको आँखा रसायो । उद्घोषकको आग्रहअनुरूप गीत गाउन कार्यक्रमस्थलमा पुगेका गायक मदनगोपालले गीतको भावअनुसारकै अभिनय गरेर गाउँदा सबैले उनको प्रशंसा गरेका थिए ।

## राष्ट्रिय गीत को भिडियो

चलचित्र निर्माता सुनिलकुमार थापाले एउटा राष्ट्रिय गीतलाई म्युजिक भिडियोमा रूपान्तरण गरेका छन् । अघिल्लो बुधबार राजधानीको सांस्कृतिक संस्थानमा छायांकन गरिएको उक्त भिडियोमा राजेश हमाल, युवराज लामा, शम्भुजित बास्कोटा, श्रीकृष्ण श्रेष्ठ, झरना थापा, दिलीप रायमाझी, गरिमा पन्त, नन्दकृष्ण जोशी, शिव रेग्मी, नरेश पौडेल, किरण मानन्धर, दीपक विष्ट, संगीना वैद्य, भाष्करराज राजकर्णिकार आदिले अभिनय गरेका छन् । संगीतकार शक्ति बल्लभको संगीतमा तयार भएको उक्त राष्ट्रिय गीतको भिडियोको निर्देशन टासी लामाले गरेका हुन् । भिडियोमा अभिनय गर्ने व्यक्तित्वहरूले सेतो रंगको टिसर्ट लगाएका छन् । चूडामणि देवकोटाले रचना गरेको 'तिम्रो पनि रगत आखिर मेरै जस्तो हो...' गीतको भिडियो दुई सातापछि नै प्रदर्शन हुने निर्माता थापाले बताए ।

## म्युजिक अपडेट

### दाउद खालिङको गायन

गायक दाउद खालिङ राई पहिलो पटक एकल गायन कार्यक्रममा प्रस्तुत भए । गत शुक्रबार मानभवन, काठमाडौंस्थित क्रिष्टल पार्टी प्यालेसमा आयोजित समारोहमा गायक राईले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरे । एकल गायनको प्रारम्भमा गायक राईले गायिका जुना प्रसाईंसँग एउटा युगल गीत गाए । त्यसपछि उनले आफ्नै गीतिसंग्रहका एकल गीत सुनाए । कार्यक्रमको उत्तरार्द्धमा उनले स्व. नारायणगोपालका केही गीतसमेत गाएका थिए । सांगीतिक कार्यक्रमपछि उक्त समारोह डान्सपार्टीमा परिणत भएको थियो ।

### कलेजको कार्यक्रममा कुन्ती

अघिल्लो बिहीबार राजधानीमा आयोजित एक समारोहमा गायिका कुन्ती मोक्तान आकर्षणको केन्द्र बनिन् । ब्रिटियन्ट कलेजले राष्ट्रिय सभागृहमा आयोजना गरेको कार्यक्रममा गायिका मोक्तानले नयाँ तथा पुराना लोकप्रिय गीत गाएर कलेजका विद्यार्थीहरूलाई नचाएकी थिइन् । कलेजकै सांगीतिक समूह स्मारिकाले पनि गीत-संगीत प्रस्तुत गरेको उक्त कार्यक्रममा नृत्यसमेत प्रस्तुत गरिएको थियो ।

### कन्सर्टमा व्यस्त राजु

तीन महिनाका लागि नेपाल आएका मंगोलियन हार्टका गायक राजु लामा यो साता राजधानीका विभिन्न स्थानमा आयोजित कन्सर्टमा व्यस्त भए । गत शुक्रबार साँझ उनी ठमेलको एउटा रेस्टुराँमा आयोजित सांगीतिक कार्यक्रममा व्यस्त भएपछि गत बुधबार उनले दरबारमार्गस्थित मालिंगो रेस्टुराँमा आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरे । साँझ छ बजे प्रारम्भ भएको कन्सर्टमा राजु लामा आफ्ना समूहका सबै सहकर्मीसहित प्रस्तुत भएका थिए । कार्यक्रममा उनले एक दर्जन गीत सुनाए ।

### संगीतकर्मी पुरस्कृत

संस्कृति मन्त्रालयले कला, संगीत तथा साहित्यको क्षेत्रमा योगदान दिने व्यक्तित्वहरूलाई राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गर्ने भएको छ । पुरस्कारअन्तर्गत नाट्य तथा संगीत विधातर्फ पूर्वाञ्चलबाट नायिका दीपाश्री निरौला, मध्यमाञ्चलबाट गायक रामकृष्ण ढकाल, पश्चिमाञ्चलबाट गायक रूपक डोटेल, मध्यपश्चिमाञ्चलबाट गायक विमल डाँगी तथा सुदूर पश्चिमाञ्चलबाट ऋचा शर्मालाई क्षेत्रीय पुरस्कार दिने निर्णय गरिएको बताइन्छ । यो विधाको राष्ट्रिय पुरस्कार संगीतकार प्रकाश गुरुङलाई प्रदान गरिनेछ । आगामी असार २९ गते एउटा समारोहको आयोजना गर्दै पुरस्कार हस्तान्तरण गरिनेछ ।

### राजधानीमा पाकिस्तानी गायक

पाकिस्तानी गायक सज्जाद अली पहिलो पटक नेपाली रंगमञ्चमा प्रस्तुत भएका छन् । अघिल्लो बुधबार राजधानीमा आयोजित समारोहमा अलीले पाकिस्तानी संगीतको मीठो स्वाद पस्किएका थिए । आर्मी अफिसर्स क्लबमा आयोजित कार्यक्रममा उनले स्वदेशी तथा विदेशी श्रोतालाई गीत-संगीतमार्फत मुग्ध बनाए । नेपाल तथा पाकिस्तानबीचको मैत्री सम्बन्धको स्वर्ण जयन्तीका अवसरमा नेपालस्थित पाकिस्तानी दूतावासले गायक अलीको एकल साँझ आयोजित गरेको हो । गायक अलीले कार्यक्रममा झन्डै डेढ दर्जन गीत प्रस्तुत गरे । ३१ वर्षे सांगीतिक करियरमा २४ वटा गीतिसंग्रह सार्वजनिक गरिसकेका ४४ वर्षीय गायक अलीले कार्यक्रममा स्लो तथा फास्ट दुवै शैलीका गीत गाएका थिए । कार्यक्रममा नेपाली गायकद्वय हेमन्त राना तथा धर्वेन्द्र सेवानले पनि गीत सुनाए ।

### ४० सेकेन्डको गीत

गायक मदनगोपालले ४०-४० सेकेन्डका तीनवटा गीत तयार पारेका छन् । गीतकार रमण घिमिरे, सञ्जय बराल तथा अभ्युदय खनालका तीन भिन्न रचनालाई उनले ४०-४० सेकेन्डको गीतका रूपमा तयार पारेका छन् । गायक मदन गोपालले 'प्रेमको जवाफ', 'झ्याल खोली हृदयको' तथा 'मेरी आमा जन्म लिई' गीत सिआरबिटीका लागि रेकर्ड गराएका हुन् । 'पूरै गीत सार्वजनिक भयो भने पाइरेसी भैहाल्छ,' गोपाल भन्छन्– 'त्यसैले अहिले सीआरबीटीका लागि भनेर गीतको मुखडामात्र रेकर्डिङ गरेको ।' नयाँ गायक-गायिकालाई पाइरेसीका कारण ठूलो समस्या परेकाले चुनौतीकै रूपमा ४० सेकेण्डको गीत तयार पारेको संगीतकार मदन गोपाल बताउँछन् । मदन भन्छन्– 'छ महिनापछि यी तीनवटै गीतका फुल भर्सन तयार गर्नेछु ।'

## अफ द बिट



तीन राई एक ठाउँ : साकेलाका क्रममा भेट भएका सांगीतिक क्षेत्रका तीन व्यस्त गायक धीरज राई, सविन राई तथा राजेशपायल राई तस्बिरका लागि पोज दिँदै ।

## विदेशबाट



### लिलीको घोषणा

बेलायती गायिका लिली एनलले सांगीतिक क्षेत्रबाट अलग हुने घोषणा गरेकी छिन् । एलनले आगामी वर्षको प्रारम्भदेखि सार्वजनिक जीवनबाट अलग हुने घोषणा गरेकी हुन् । २५ वर्षीया एलनका अनुसार उनी अब संगीतको संसारबाट टाढा फेसनको संसारमा कदम राख्न चाहन्छिन् । फेसनको संसारमा प्रवेश गर्दा सार्वजनिक जीवन शान्तिपूर्ण हुने उनको अनुमान छ । यसबाहेक एलनले यो वर्ष आफू कुनै पनि पुरस्कारका लागि मनोनीत नभएको तथा पुरस्कार पाउने सम्भावना पनि नरहेकाले यो समयमा संगीतिक क्षेत्रबाट टाढिने उपयुक्त समय भएको स्पष्ट पारेकी छिन् ।



## ११:३० बसन

ब्याण्ड

लोकप्रिय सांगीतिक समूहको नाम हो– '११:३० बसन' । गायक बसन श्रेष्ठले आफ्नै नामबाट नामकरण गरेको यो समूहमा नारायणघाटका युवा संगीतकर्मीहरू आबद्ध छन् । समूहमा बसन गायक हुन् भने सुशील बास गिटारिष्ट । कृष्णले ड्रमरको कार्यभार सम्हालेका छन् भने सुरेन गिटारिस्ट हुन् । राजधानी तथा चितवनमा आयोजित हुने थुप्रै कन्सर्टमा सहभागिता जनाइरहेको यो समूहले स्लो रक शैलीका गीत सिर्जना गर्छ । समूहले हालसम्म दुईवटा गीतिसंग्रह पनि तयार पारिसकेको छ । दोस्रो गीतिसंग्रह 'सुनाउँदै छौं,' श्रोतामाझ आउन तयार भएको छ । संग्रहका एउटा गीत 'को हुँ म...' को म्युजिक भिडियोसमेत तयार पारिसकेको यो समूहले दोस्रो संग्रहमा दसवटा गीत समावेश गरेको छ । सांगीतिक समूहहरू प्रायः कन्सर्टमा मात्र व्यस्त भैरहने परम्परालाई तोड्दै यो समूहले गीतिसंग्रहको उत्पादनलाई पनि निरन्तरता दिइरहेको छ । 'दोस्रो गीतिसंग्रहका लागि धेरै मेहनत गरेका छौं,' गायक बसन भन्छन्– 'हामीले सिर्जना गरेका गीतले श्रोताको मन जित्ने कुरामा हामी ढुक्क छौं ।' समूहले यसअघि 'इमर्ज' शीर्षकको गीतिसंग्रह श्रोतामाझ ल्याइसकेको छ ।



# अन्न जोगाउन प्रकृतिको पूजा

● **दुर्गालाल केसी**

दाङ– मगर समुदायको चर्चित पर्व भूमे दाङलगायत राप्ती अञ्चलका सबै जिल्लामा धूमधामसँग मनाइएको छ। बालीनाली लगाएपछि मनाइने यो पर्वमा प्रकृतिको पूजा गरिन्छ, साथै वर्षभरिको कामको थकान मेटाउने काम पनि हुन्छ। खेतीपाती नबिग्रियोस्, बाढीपहिरो नआओस् भन्ने कामनाका साथ यो पर्वका अवसरमा भूमिको पूजा गरिन्छ।

'खेतीपाती सकेपछि यो पूजा प्रारम्भ हुन्छ,' मगर संघका अध्यक्ष कीर्तिमान पुनले भने, 'खेतीपाती गर्दा केही कीरा-फट्यांग्रा पनि मरेका हुन सक्छन्। त्यसबाट भएको क्षतिका लागि क्षमा माग्दै खेतीपाती राम्रो होस् भन्ने कामना हुन्छ।' बालीनालीमा कीरा नलागोस्, बाढी-पहिरोले नोक्सान नगरोस् भनेर भूमि, वन-जंगल, सूर्य, चन्द्रको पूजा गर्ने चलन छ।

असार १ गते सुरु हुने भूमे महोत्सव विगतमा रुकुम, रोल्पा आदि पहाडी जिल्लामा एक महिनासम्म मनाउने चलन थियो, तर अहिले बिस्तारै मनाउने दिन घट्दै गएको छ। आजभोलि यो चाड तीनदेखि सात दिनसम्म मनाइन्छ। पूर्खादेखि मनाइँदै आएको यो पर्वलाई मगर समुदायले सहायक पर्व मान्छ। 'मुख्य पर्व माघेसंक्रान्ति हो,' संघका संस्थापक मनबहादुर पुनले भने, 'त्यसपछिको पर्व भूमे नै हो। पूर्खाले जंगल खोस्रेर खेतीपाती गर्न थालेदेखि नै यो पर्व मनाउन थालिएको हो।'

भूमे पर्वमा मगर समुदायका सबै मानिस तालमा ताल मिलाएर नाच्छन्। वर्षभरि अन्य पहिरन लगाउनेहरूले पनि यो पर्वमा मगर समुदायको पहिचान दिने पटुकी, फेटा लगाउँछन्। मगर युवायुवतीदेखि वृद्धवृद्धाहरूसम्म एउटै थलोमा लहरै उभिएर एकनासले नाच्छन्। नाच्दानाच्दै दोहोरी सुरु हुन्छ मगर खाम भाषामै। कसैले गत वर्ष भेटेको दिन सम्झना गर्छन्, कसैले वर्षभरि भोगेका दुःखसुखका कुरा निकाल्छन् त कसैले प्रकृति र अन्न-पानीका।

पहाडी जिल्लाहरूमा महिलाले दुई दिन लगाएर जलजलाको बुकी फूल टिपेर पुरुषलाई सिउरिदिने चलन छ। पुरुषले पनि वन प्याज लिएर चौरमा छिल्ने र त्यही नाचगान गर्ने चलन छ। मगर खाम भाषामा वन प्याजलाई 'नो' भन्ने चलन छ। त्यसैले यसलाई खाम भाषामा 'नोको बाङे नाच' पनि भनिन्छ। यो पर्व १८ मगरातअन्तर्गत रोल्पा, रुकुम, सल्यान, पाल्पा, दैलेख, जाजरकोट आदि जिल्लामा मनाइन्छ।

नाचका क्रममा २२ ताल मिलाउनुपर्ने नियम हुन्छ, जसमा हात, खुट्टा र कम्मरले ताल मिलाउनुपर्छ। नाचसँगै गाइने दोहोरीमा वर्षभरका दुःखसुखका कुरा आउने गरेको घोराही १० की पूर्णकुमारी पुन बताउँछिन्। 'वर्षभरि सबै आ-आफ्नो काममा व्यस्त हुन्छन्।

# पुन: यौन व्यवसायतर्फ फर्कने



● **कमल पन्थी**

आकर्षक पहिरनमा गीत गाउँदै ग्राहक लोभ्याउने वादी महिलाहरूले आफ्नो पेसा त्याग्दै सामान्य जीवन विताउन निकै संघर्ष गरे, तर सरकारले आफ्नो मागप्रति बेवास्ता गरेको भन्दै वादी महिलाहरूले पुन: यौन व्यवसायमा फर्किने चेतावनी दिएका छन्। सरकार र वादी समुदायबीच २०६४ साल मंसिर १५ गते भएको सम्झौता हालसम्म कार्यान्वयन नभएकाले पेट पाल्न यौन व्यवसाय अँगाल्न बाध्य हुने उनीहरू बताउँछन्।

'हामीले सम्मानित जीवन बिताऊँ भन्ने सोचेका थियौं, तर सरकारले त्यो अवसरबाट वञ्चित गराएकाले यौन व्यवसाय सुरु गर्नुपर्ने भयो,' बर्दिया राजापुर गाविस–६ अन्नतपुरकी शान्ति नेपालीले भनिन्। यौनशोषणको मार, कानुनी संरक्षणको अभाव, सामाजिक दुर्व्यवहार, शिक्षा आर्जनको समस्या, रोजगारीजस्ता आधारभूत कुराबाट वञ्चित वादी समुदायको आर्थिक अवस्था निकै कहालीलाग्दो छ। नाचगान गर्ने, माटाका सामग्री बनाउने, माछा मार्ने, वाद्यबादनका सामग्री बनाउने पुर्ख्यौली पेसाबाट वञ्चित भएकाले पेट पाल्न यौन व्यवसाय बाध्यता भएको गीता नेपालीले बताइन्।

जिल्लामा २ सय १९ घरधुरी बादी समुदायको छ। तीमध्ये राजापुरमै मात्र २४ घरधुरी बादी छन्। चियापसल थापेर बस्दा कोही आउँदैनन्, बादीकहाँ चिया पिउनु हुँदैन भन्दै ग्राहक फर्काउने गरेको गीता बादीले गुनासो गरिन्। पेट पाल्न पुरानो पेसा अपनाउनुपर्ने बाध्यता भएको उनको जिकिर थियो।

बादीहरू २ सय वर्षअघि भारतको वैशालीबाट बसाइँ सर्दै सल्यानमा आएका थिए। त्यसपछि बसाइँ सर्दै रुकुम, बाँके, दाङ, सुर्खेत, बर्दिया, पोखरा, बाग्लुङ आदि जिल्ला पुगेको बादीहरू बताउँछन्।

वादीहरू रोजगारीका लागि भारतको बरेलीदेखि गोन्डा, बलरामपुर, गोरखपुर, लखनउ आदि सहरसम्म पुग्थे। तीन वर्षअघि वादीहरूले आफ्नो हक-अधिकार लिन काठमाडौंकेन्द्रित आन्दोलन गरे। ४ सय ५० जना वादी महिलाले ४८ दिन आन्दोलन गरेपछि सरकारसँग दुई बुँदे सम्झौता भएको थियो।

चालू आर्थिक वर्षका लागि विनोयोजित बजेटको पहिलो चरणमा १५ हजार आर्थिक सहयोग उपलब्ध गराउने भनिए पनि हालसम्म उपलब्ध नगराएको राष्ट्रिय वादी अधिकार संगठनका अध्यक्ष नेपालीले बताए। आव २०६५/०६६ को बजेट नीति तथा कार्यक्रममा बादी समुदाय बसोबास गरिरहेको दस जिल्लामा ३ करोड रुपैयाँ घर आवास निर्माणमा छुट्टचाइए पनि सरकारले सो रकम उपलब्ध नगराएको भन्दै पुनः आन्दोलनमा उत्रिने उनीहरूले बताए।

# अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएर

**लालप्रसाद शर्मा**

पोखरा- इन्डोनेसियाको बाटुमा सम्पन्न साहसिक पर्यटकीय खेल प्याराग्लाइडिङको अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएर यहाँका सात नेपाली पाइलट फर्किएका छन। प्रतियोगी सबै ब्लू स्काई प्याराग्लाईडिङ कम्पनीका पाइलट हुन्।



गत जून ३ देखि ६ सम्म चलेको प्रतियोगितामा भाग लिनेहरूमा बालकृष्ण बस्याल, शंकर पराजुली, नारायण पराजुली, दामोदर पराजुली, बुद्धिसागर पराजुली, सानोबाबु सुनुवार तथा रामराज गौतम छन्। उनीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा पहिलो पटक भाग लिने अवसर पाएर विभिन्न अनुभव बटुलेको र प्याराग्लाइडिङमा भविष्य देखेको बताए।

प्याराग्लाइडिङमा कुनै उपाधि जित्न नसके पनि एक्रोब्याटिक आफूहरूले मात्र देखाएकाले सबैको ध्यानाकर्षण भएको उनीहरूले बताए। 'आकाशमा एक्रोब्याटिक देखाएपछि सहभागी अन्य देशका पाइलट सिक्न आउने भनेका छन्', दामोदर पराजुलीले भने, 'हाम्रो सहभागिता सोचेभन्दा राम्रो भयो।'

पाइलटहरूले प्याराग्लाइडिङका लागि नेपाल उत्कृष्ट स्थान रहेको महसुस भएको बताए। 'त्यति सानो डाँडामा त बर्सेनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता हुदै आएको रहेछ', सुनुवारले भने, 'भौगोलिक बनावटले नेपालमा प्याराग्लाइडिङको निकै सम्भावना छ, सरकारले पर्यटक आकर्षित गर्न विशेष प्याकेज थाल्नुपर्‍यो।' इन्डोनेसियामा प्याराग्लाइडिङ सिक्न चाहनेहरूलाई तालिम र उपकरण सबै सरकारले निःशुल्क दिने तर यहाँ भने सरकारले कुनै वास्ता नगर्दा दुःख लागेको सुनुवारले बताए। सातै जना व्यक्तिगत हिसाबले इन्डोनेसिया पुगेका थिए। फेडेरेसन एरोनेटिक इन्टरनेसनलद्वारा आयोजित प्याराग्लाइडिङ एक्कुरेसी वर्ल्डकप-२०१० मा डेढ दर्जन देशका ८२ प्रतियोगीले भाग लिएका थिए। प्रतियोगितामा स्लोभाकिया प्रथम र तृतीय तथा चीन द्वितीय भएका थिए।

प्रतियोगितामा ल्यान्डिङ, अनुशासन र वेस्ट पाइलटको उपाधिका लागि प्रतिस्पर्धा भएको थियो। पोखरामा एउटै स्थान र हावाको बहाव जता छ, त्यतै ल्यान्ड गर्दै आएकोमा प्रतियोगिताले आफूहरूलाई जताबाट र जसरी पनि ल्यान्ड गर्न सकिने अनुभव प्रदान गरेको सहभागी नेपाली पाइलटहरूले बताए। 'पहिलो पटकको अवसरले व्यक्तिगत अनुभव बटुल्न पाइयो, देशको चिनारी पनि भयो', पाइलट रामराज गौतमले भने, 'त्यहाँ सराङकोटको तस्वीर होर्डिङबोर्डमा राखेको देख्दा निकै खुसी लाग्यो।'

पहिलो पटकको अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभवपछि अब आफूहरू प्याराग्लाइडिङ तथा एक्रोब्याटिक प्रतियोगिता गर्ने सुरमा रहेको उनीहरूले बताए। उनीहरूले आफ्नो अनुभवलाई देशभरका पाइलटहरूसाग आदान-प्रदान गर्ने जानकारी पनि दिए।


**आवश्यकता**

एक प्रतिष्ठित कार्यालयको लागि थप कर्मचारी आवश्यकता परेकोले तुरुन्त सम्पर्क राख्नुहोला।

संख्या - ९ जना (Ladies/Gents)
तलब- 6,000 - 10,000
अन्य सुविधा: कम्पनिको नियम अनुसार
योग्यता-Test SLC or +2 Above

**ZENITH INTERNATIONAL**
Banasthali, Chowk
**9741146721**
SLC, +2 दिएर बसेका र दुर्गमक्षेत्रबाट रोजगारको लागि काठमाडौं छिरेका व्यक्तिलाई विशेष प्राथमिकता



**तु : आवश्यकता**

American Company लाई कर्मचारी चाहियो।

सङ्ख्या - 5 Gents / 5 Ladies
योग्यता - SLC / Inter
तलब - 7,500/ + बिमा

सम्पर्क: **UA Pvt. Ltd.**
गोंगबु चोक र सामाखुशी चोकको बिच, नेपाल SBI बैंकसँगै Cosmic International भएको घर तेस्रो तल्ला।
**01-2292347, 4388962**
नोट: आफ्नो योग्यताको प्रमाणपत्र र 2 P.P. साईजको फोटो आवश्यकता।



**अन्तिम मौका**
**50% छुटमा**

**KOREAN** भाषा
**EPS-KLT Exam**
तयारी **Class**
**लिंकेज, बागबजार**
(भक्तपुर बसपार्क अगाडी)
Tel: 4-232608
9841-305436
Class Time 6 am to 7 pm



**NEW ADMISSION OPEN !**

**BE AN AIR HOSTESS**






REGISTRATION OPEN
LIMITED SEATS ONLY

Opportunity to be an International & Domestic Air Hosess

**ELIGIBILITY**
Qualification : +2 oass or appared
Height : 5'2"
Weight : According to height
Eye sight : Corrective vision

**FEATURES**
- Book, Stationery & handsout
- Special swimming lesson
- Scraft
- Int'l & domestic airport familiarization
- Excursion by plane
- Highly experienced instructor (National & international airlines)
- International course of study
- 100% placement assist. in National & int'l airlines.
- Basic & diploma course available.

**AMI International Education Pvt. Ltd.**
Putalisadak New Plaza (opposite side of Kumari bank), Kathmandu, Nepal
**Tel:** 01-2003633, URL: amiedu.com.np, email: informi@com.np
**Pokhara:** Chipledhunga-4, Pokhara, Nepal, Tel: 061-540494

## सचित्र

# मनीषा/सम्राट विवाहका केही झलक

तस्बिरहरु : विकास रौनियार/महेश प्रधान



















# हिजो र आजको संगीत



● प्रेमकृष्ण श्रेष्ठ

भारतीय संगीत र नेपाली संगीतको तार जोडिएको छ । भारतीय संगीतको प्रभाव नेपाली संगीतमा पर्ने गरेको छ । यसैकारण भारतीय संगीत जता-जता बग्छ, त्यही धारमा नेपाली संगीत पनि बग्ने गरेको छ । भारतीय चलचित्रको संगीतमा जस्तो गीतको फेसन मौलाउँछ, नेपाली चलचित्रले पनि त्यस्तै प्रकारको गीत प्रवाह गर्छ । यसो हुनुका विविध कारण छन् । पहिलो कारण, नेपाली संगीतका स्रष्टाहरू भारतीय स्रष्टाबाट प्रभावित छन् । दोस्रो, नेपाली संगीतका कैयन् स्रष्टा भारतमा दीक्षित छन् ।

रनजित गजमेरले नेपाली संगीतमा प्रवाह गरेका कालजयी गीतहरू भारतीय संगीतमा उनले लिएको अनुभवको उपज थियो । रनजित गजमेरले भारतीय संगीतकारसँग सहकार्य गरी हासिल गरेको अनुभवलाई नै उनले नेपाली चलचित्रमा प्रयोग गरेका थिए । भारतमा मनमोहक धुनहरू गुँजिएका बेला उनले पनि नेपालमा



त्यस्तै धुनहरू गुञ्जाए ।

नेपाली गीतकार पनि भारतीय गीतकारहरूबाट प्रभावित थिए । कवि तथा गीतकार हरिभक्त कटुवाल, भारतीय कवि तथा गीतकार साहिर लुधियानवीबाट प्रभावित थिए । कवि शैलेन्दले रचेको 'सवकुछ देखा हम्ने, ना देखी होसियारी' गीतको एक पंक्ति 'टुटा जिस तारेपे नजर थी हमारी' बाट प्रभावित भएर कवि तथा गीतकार रत्नशमशेर थापाले 'आँखामा बग्यो तारा' गीत रचेको उनी आफैंले स्वीकारेका छन् ।

भारतीय गीतकारहरू क्रमशः साहिर, शकिल बदायुनी, मजरुह सुल्तानपुरी, शैलेन्द्र, हसरत जयपुरी, इन्दिवर, कैफी आजमी, रजा मेहन्दी अलि खाँ, एच एच बिहारी, गुलजार, आनन्द बक्षी, अन्जान, योगेशको गीत रच्ने शैलीबाट प्रभावित भएर नेपालमा धेरै गीत रचिएका छन् । त्यतिबेला प्रभावित भए पनि नेपाली कविहरूको सिर्जनामा आउँदा गीतले आफ्नै बान्की लिन्थ्यो । केही नेपाली गीतकार क्रमश ईश्वर बल्लभ, रत्नशम्शेर थापा, किरण खरेल, डा. राममान तृषित, गोपाल योञ्जनका शब्दमा झुल्किएका एकाध हिन्दी शब्दले नेपाली संगीत र शब्द भारतीय संगीत र शब्दसँग प्रभावित भएको पुष्टि गर्छ ।

गीतकार मात्र होइन, नेपालमा गायकहरू पनि भारतीय गायकहरूबाट प्रभावित छन् । जस्तो, नारायण गोपाल, योगेश वैद्य, तलन महमुद, प्रेमध्वज प्रधान मोहमद रफी, आनन्द कार्की किशोर कुमार र भक्तराज आचार्य हेमन्तकुमारबाट प्रभावित देखिन्छन् । गायक योगेश वैद्यले पनि उक्त कुरा स्वीकारेका छन् ।

आरडी बर्मनको सिको गर्नेमा शम्भुजित बास्कोटा, लक्ष्मीकान्त प्यारेलालको सिको गर्ने रनजित गजमेर, शंकर जयकिशनको सिको गर्ने शिवशंकर र नौसादको सिको गर्नेमा नातिकाजी प्रमुख छन् । प्रभावित हुनु नराम्रो कुरा होइन, नक्कल गर्नु नराम्रो हो । सायद त्यतिबेला नेपाली स्रष्टाहरूले भारतीय स्रष्टाहरूबाट प्रभावित भएर गीतहरू सिर्जना नगरेको भए नेपाली संगीतको पोल्टामा यत्राविधि कालजयी गीत रहने थिएनन् । भारतीय संगीतकार जयदेवले नेपाली चलचित्र 'माइतीघर' मा वसन्त नै बस्न खोज्छ लोलाएर र नमान लाज यसरी जस्ता गीत सिर्जना नगरेको भए नेपाली संगीतकारहरू पनि कालजयी गीतका लागि हौसिने थिएनन् होला ।

आज पनि नारायणगोपाल, भक्तराज, प्रेमध्वज, फत्तेमान, योगेश वैद्य, पुष्प नेपाली, मानिकरत्न, दीप श्रेष्ठका गीतहरू सुन्दा नेपाली संगीतको मौलिकतामा गर्व हुन्छ । गीतका भावहरू आँखैमा उर्लिएर आई हाम्रो गह रसिलो हुन्छ । मीठो कालजयी गीतहरू हाम्रो आफ्नै मनको ढुकढुकीसँग मिसिएर बिलिन हुन्छ । कालजयी संगीतको त्यो मौसममा नेपाली स्रष्टाहरू नक्कलमा होइन, प्रभावलाई आफ्नै बान्कीमा ढालेर सिर्जना गर्ने हुनाले नेपाली संगीत सुन्दर र प्रतिष्ठित थियो ।

आजका नेपाली संगीतकर्मीहरूत्यस्ता कालजयी संगीत सिर्जनामा लागेका छैनन् । सिर्जित गीतलाई आर्थिक नाफा र घाटामा जोख्दा आएको सांगीतिक ह्रासको ज्वलन्त दृष्टान्त हो, आजका नेपाली गीतको एकरसता र तिक्तता । न आज हिजोको संगीतमा झैं मनमोहक धुन सुन्न पाइन्छ, न त कालजयी शब्द नै ।

पुराना स्रष्टाको शब्द र संगीत प्रभावित मात्र हुन्थ्यो, दुरुस्तै नक्कल हुँदैनथ्यो । त्यो बेला सिर्जित आधुनिक गीत मात्र नभएर चलचित्रको गीत पनि गौरवयोग्य छन् । त्यो बेलामा स्रष्टाहरूमा आफ्नो सिर्जनाप्रति तपस्या र लगाव थियो । फलस्वरूप सिर्जनाहरूले भारतीय सिर्जनालाई चुनौती दिने हैसियत राख्थ्यो । नेपाली गीत 'ए कान्छा, मलाई सुनको तारा खसाइदेऊ न' गीतबाट प्रभावित भएर भारतीय संगीतकार आरडी बर्मनले चलचित्र 'तिसरी मञ्जिल' मा मजरुहको शब्दमा 'दिवाना मुझसा नहीं इस अम्बरके निचे' गीतमा धुनको नक्कल गरेका थिए । यसबाट त्यो बेला भारतीय संगीतकर्मीहरू पनि नेपाली संगीतको पारखी भएको पुष्टि गर्छ । आज त्यस्तो अवस्था छैन, आज त भारतमा पश्चिमी संगीत आयात हुने र भारतको संगीत नेपालमा आयात हुने क्रम बढ्दो छ । सांगीतिक व्यावसायिकताले हाम्रो मौलिकता खिइँदै गएको छ ।

कर्णदासको पहिलो गीत 'जिन्दगीको के भरोसा, त्यो त सानो खेलौना हो' भारतीय गजल गायक जगजित सिंहको नक्कल थियो भन्ने नेपाली श्रोताले थाहा पाएको भए सायद त्यति रुचाइने थिएन, जति रुचाइयो । विश्वसंगीतमा नेपाली श्रोताको अल्पज्ञानको लाभ लिएर नक्कल गर्ने गायक-गायिकाहरू आज प्रशस्तै छन् ।



# प्रेममा प्रयोग

● रोजिन शाक्य

विवाह गर्न ठिक्क परेको सञ्जयलाई केटी पक्षको घरपरिवार राम्रो लाग्यो । कारण उनीहरू धनी थिए । त्यसैले केटी नहेरिकनै सञ्जयले विवाहका लागि स्वीकृति प्रदान गऱ्यो । सञ्जयलाई त्यस्ती पत्नीको चाहना थियो जसले विवाहपश्चात् उसको सम्पूर्ण भौतिक सुखसुविधाको कल्पना पूरा गरून् । पूर्णरूपमा तनमनको तृप्ति प्राप्त नभए पनि सञ्जय सम्झौता गर्न तयार थियो, किनभने त्यो कमीलाई ऊ आफ्नी गर्लफ्रेन्डबाट पूरा गर्न सक्थ्यो । सञ्जयको सोचले लाग्छ सम्बन्ध कतै गन्तीमा अडिएको कुनै संख्या त होइन ? यस्तो हिसाब किताब पुरुषले मात्र लगाउँदैनन् महिलाले पनि गर्छन् ।

समाजमा आज पनि लैला-मजनु पाइन्छन् । मेनका आफूलाई लैलाभन्दा कम मान्दिनन् । उनलाई मजनुको प्रतीक्षा छ फरक यति मात्र हो प्रेमप्रति मेनकाको सोंच धेरै फरक छ । मेनका भन्छिन्, 'एक-दुईपटक कसैसित शारीरिक सम्बन्ध बन्दैमा, कोही आफ्नो सपनाको राजकुमार हो भन्ने हुँदैन । सपनाको राजकुमार विवाहपश्चात् पनि अरू कोही हुन सक्छ । मेनकाको यो विचारले उनको विवाहपूर्व र विवाहेत्तर सम्बन्धप्रतिको सहमतिलाई उजागर गर्छ ।

यौनका सम्बन्धमा चर्चा गर्दा यो विषय पुरुषका लागि मात्र तनसित जोडिएको र महिलाका लागि मनसित जोडिएको कुरा मानिन्थ्यो तर आजको स्थितिमा यो तथ्यमा पनि परिवर्तन आएको छ । अनुराधा आफ्नो सुन्दर शरीरलाई ईश्वरको अनमोल उपहार मान्छिन्, त्यसैले उनलाई इच्छा लागेको पुरुषबाट शारीरिक चाहना पूरा गर्नमा कुनै संकोच छैन । यद्यपि शारीरिक सुख प्राप्तिसँगै उनी गर्भनिरोधक उपायका सम्बन्धमा पनि सतर्क छिन् । अधिकांश युवतीले आफ्नो सुखसुविधा तथा आरामलाई प्राथमिकता दिएको पाइन्छ । उनीहरू ती पुरुषलाई महत्त्व दिन्छन् जसले आफ्नो हरेक आवश्यकतालाई प्राथमिकता देओस् अथवा पूरा गरोस् ।

वर्तमान परिस्थितिमा महिला-पुरुष सम्बन्धमा वचनबद्धता र भावनात्मक लगाव जस्ता कुरा धेरै हदसम्म हल्का भएको अनुभव हुन्छ । पार्टनरको वालेट भरिएको हुनुपर्छ, बैंकमा खाता, वालेटमा एटीएम र क्रेडिट कार्ड । वालेट जति भारी हुन्छ, सम्बन्धको गाडी त्यति नै अघि बढ्छ । वृन्दाको चाहना रोमान्टिक र धनी युवक हो । वृन्दा भन्छिन्- कार छ त प्यार छ । डायमन्ड रिङ छ त प्रेममा विंग्स छ । फेमिली ब्याकग्राउन्ड छ त प्रेममा उसको अकाउन्ट छ । यी सबबिना किन समय बर्बाद गर्ने ?

समाजबाट प्लेटोनिक लव अर्थात् आत्मिक प्रेमको अस्तित्व ओझेलमा परिसकेको छ भन्ने कुरालाई यकिनका साथ भन्न सकिँदैन यद्यपि यो कुरा पनि सत्य हो कि प्रेम र विरहजस्ता कुराको गहिराइ बुझ्ने तथा त्यसलाई आत्मसात गर्नेहरू मूर्खको श्रेणीमा पर्न थालेका छन् । पछिल्ला केही वर्षयता मनको साइनोको डोरी यति धेरै खुकुलो हुँदै जानुका धेरै कारण छन् । विज्ञहरू यसको मुख्य कारण भौतिक सुखसुविधाप्रति बढ्दो रुचि एवं भावनात्मक मूल्यमा आएको कमीलाई मान्छन् ।

बितेका समयमा मनको साइनो पहिले गाँसिन्थ्यो तर हिंजोआज आवश्यकताको धरातलमा सम्बन्ध बन्न थालेको छ । सम्बन्धको धरातल अब त्यही कुरामा निर्भर देखिन्छ जसमा सम्बन्धित व्यक्तिले आफ्नो आवश्यकता कति, कुन हदसम्म र कति चाँडो पूरा गर्न सक्छ ? आधुनिक जीवनशैली र सम्पूर्ण सुखसुविधा जुटाउने प्रयासमा दम्पतीले एक-अर्कालाई समय दिन सक्दैनन् । यो परिस्थितिमा सम्बन्ध मात्र पारिवारिक एवं सामाजिक जिम्मेवारीमा सीमित हुन्छ । तिनलाई आफ्नो शारीरिक आवश्यकता पनि अरू कसैबाट पूरा गर्नमा संकोच हुँदैन । महिलाहरू पनि आफ्नो शारीरिक इच्छालाई मार्नेमा नभएर प्रयोग गर्ने कुरामा विश्वास गर्न थालेका छन् । मानौं पति-पत्नी दुवैको नाइट सिफ्टको जागिर छ, यसबीच कसैसित नजर मिल्न गए तिनका लागि लिमिट हुँदैन । अब त पतिले पनि यो स्वीकार गरिसकेका छन् कि आफ्नी श्रीमतीलाई पुरुष सहयोगी घर छोड्न आए वा कुनै रेस्टुराँमा कफीको अफर गरे केही नराम्रो छैन । रेस्टुराँमा कफीको चुस्की लक्ष्मणरेखा होइन । यसअघिको यात्राको सम्भावना पनि छ र सम्भावनालाई अन्जाम दिने महिलाको संख्या धेरै नभए पनि कम भने छैन । सम्बन्धमा आएको यो खुलापनको खाका किशोरावस्थातिरै सुरु हुन्छ जुन नयाँ-नयाँ फ्रेन्डसिपमा पनि अनुभव गर्न पाइन्छ ।

ओंठमा रोकिएको भावना पखेटा लगाएर उडिरहेको रोमाञ्चक कल्पना... रोमाञ्चपूर्ण मौसम र साथीको स्पर्श । अब समय बदलिँदै जीवनसाथी नभएर मात्र साथीको आवश्यकतामा अडिन पुगेको छ । आधुनिक युवती हुन अब ब्वाइफ्रेन्ड हुनु अति आवश्यक भएको छ तर त्यो ब्वाइफ्रेन्ड भविष्यमा गएर जीवनसाथी नै बन्नुपर्छ भन्ने न कुनै बाध्यता छ न त आवश्यकता नै । यो कुरालाई सम्बन्धमा बाँधिनुपूर्व महिला तथा पुरुष दुवैले राम्रोसाग बुझेका हुन्छन् । प्रेमको पहिलो खुड्किला हिजोआज टिनएज यौवनको पहिलो वसन्तमै चढेको देखिन्छ । मन पखेरू बन्दै उड्छ । यो उडान धेरै उचाइसम्म पनि पुग्छ । उनीहरू नोट, किताब, कापी सेयर गर्दागर्दै बेड सेयर गर्नसम्म पछि पर्दैनन् । परिणाम टिनएज प्रेग्नेन्सी, प्रिमेच्योर सेक्स, अर्ली एज अबोर्सन आदि ।

दक्षिण एसिया क्षेत्रमा गरिएको एक सर्वेक्षणअनुसार दुई वर्ष पहिलेसम्म अबोर्सनका लागि महिनामा १-२ जना युवतीहरू क्लिनिक वा अस्पताल आउँथे भने हिजोआज यो संख्या बढेर सातामै ३-४ जना पुगेको पाइन्छ । जसमध्ये अधिकांश छात्रा वा कम उमेरका वर्किङ लेडी भएको देखिन्छ । असुरक्षित यौनको परिणामबाट जोगिन इमर्जेन्सी पिल्सको सहज उपलब्धता र प्रयोग बढ्दो छ । सर्वेक्षणअनुसार महानगरीय क्षेत्रमा लेट्स ह्याभ फन सोंच राख्ने युवती वा किशोरीले बारम्बार साथी परिवर्तन गर्नुलाई सहज मान्ने गरेको देखियो । १८-१९ वर्षका कैयन् टिनएजर ४ महिनामा एकपटक अबोर्सनका लागि सम्बन्धित विशेषज्ञकहाँ जाने गरेको पाइयो । यस विषयमा न तिनलाई ग्लानी महसुस भएको देखिन्छ न त डर नै ।

कम उमेरमा आफ्नो कौमार्य गुमाउने युवतीको भविष्यलाई मनोचिकित्सकहरू गम्भीर समस्या मान्छन् । यी युवतीको विवाहको उमेर पुग्ने अवस्थासम्म यौनसम्बन्धी २-४ अनुभव हासिल भैसकेको हुन्छ । यस स्थितिमा विवाह बन्धनमा बाँधिएर एकजना पुरुषसित मनको सम्बन्ध निर्वाह गर्नु असम्भव त हुँदैन तर कठिन हुन्छ । केही आश्चर्यजनक परिस्थितिलाई उजागर गरिएको उक्त सर्वेक्षण अनुसार एक युवतीको कौमार्य भंग हुनुको कारण यत्ति मात्र थियो, उनले मुखमैथुनका लागि सकारात्मक प्रतिक्रिया दिइनन्, त्यसैले आफ्नो ब्वाइफ्रेन्डलाई क्याजुयल सेक्सका लागि अनुमति दिन बाध्य हुनुपऱ्यो ।

सेक्स र मस्तीको बाटो हिँडदाहिँड्दै उनका तीन जना ब्याइफ्रेन्ड भए । अहिले उनको विवाहको कुरा चलिरहेको छ । उनलाई डर छ कि जहाँ उनका तीन जना युवकसित सम्बन्ध छ, के उनी आफ्ना पतिलाई सन्तुष्ट राख्न सक्छिन् ? एक जना अर्की किशोरीले आफ्नो स्कुलको फेयरवेल पार्टीमा ड्रिंक गरेकी थिइन्, त्यही बेहोसीमा उनले कौमार्य गुमाइन् । उनको पनि अहिले विवाहको कुरा चलिरहेको छ । उनी चाहन्छिन्- उनका पतिले उनलाई पार्टी एवं ड्रिंक्सका लागि अनुमति प्रदान गरून् ।

मनोचिकित्सकहरूका अनुसार पहिले र वर्तमान स्थितिमा युवतीहरूको भावनात्मक स्तरमा जमिन-आकाशको अन्तर पाइन्छ । कारण एकल परिवारमा प्राप्त सम्बन्धको सीमित परिधि, परिवारका अग्रज एवं जेष्ठ व्यक्तिप्रति उत्तरदायित्व एवं आदरको कमीको प्रत्यक्ष असर तिनको भविष्यमा पर्छ । यसका अतिरिक्त अभिभावकहरूको आपसी सम्बन्धले पनि किशोरीहरूको हृदयमा नकारात्मक प्रभाव पार्छ । यिनै किशोरी जब वैवाहिक बन्धनमा बाँधिन्छन् तब उनीहरूको वैवाहिक जीवनमा प्रेम, सम्मान, भावनात्मक लगाव र गरिमाजस्ता कुराको अभाव महसुस हुन्छ । यसैको परिणामका रूपमा देखापर्छ विवाहेत्तर सम्बन्ध । अतः दम्पतीले आफ्ना बालबालिकालाई स्वस्थ परिवेश दिनुपर्छ जसबाट भविष्यमा गएर तिनको जीवनमा सुखद्, सुमधुर र सहज सम्बन्धले हुर्कने-मौलाउने एवं जीवन्त हुने वातावरण पाओस् ।



# दाह्री-जुँगामा पुरुष व्यक्तित्व

● रोजिन शाक्य



एक अलग खालको आकर्षण थियो सौरभमा। पहिलो नजरमै म ऊप्रति आकर्षित भएकी थिएँ- उमेरको हिसाबले सौरभ मभन्दा ५ वर्ष जेठो थियो, अन्जु बताउँछिन्। अन्जुकी आमालाई भने अन्जुको छनोट मन परेको थिएन। सौरभ राम्रो कमाउँछ, लाइफ स्ट्यान्डर क्लासी छ, वेल ग्रुम्ड छ, अन्जुको तर्क थियो तर आमालाई भने सौरभको दाह्री-जुँगामा आपत्ति थियो। अन्जुले चाहेर पनि आफ्नी आमाको चित्त बुझाउन सकिरहेकी थिइनन् कि हिजोआज युवाहरूमा दाह्री-जुँगा वा रफ लुककै फेसन छ। सौरभको रफ लुकमै उसको सेक्स अपिल लुकेको अन्जुको कथन छ। 'हि इज रियली ह्यान्डसम विथ वेल ग्रुम्ड बियर्ड... आई सिम्पली लभ इट', अन्जु बताउँछिन्।

दस जोड दुई अध्ययनरत विवशलाई दाह्री-जुँगा पाल्ने साह्रै इच्छा छ। इच्छा भएर के गर्नु दाह्री-जुँगा नै आउँदैन- विवश गुनासो गर्छन्। तै पनि एकदिन बिराएर सेभिङ गर्दागर्दै बल्ल-बल्ल दाह्री-जुँगाका रेखाहरू देखा पर्न थालेपछि भने उनी दंग छन्। विवश मात्र होइन केही समययता अधिकांश युवाहरूमा दाह्री-जुँगा पाल्ने रहर चलेको भान हुन्छ। सहर बजार घुम्दा अझ जुँगाभन्दा पनि चिटिसम्म मिलाएर फेसनेबल स्टाइलमा दाह्री राख्ने एक किसिमको होड नै देख्न सकिन्छ। हुन त 'दिल चाहता है' प्रदर्शन भएको पनि आधा दशकभन्दा बढी समय बितिसकेको छ। यद्यपि अभिनेता आमिर खानले उक्त चलचित्रमा प्रयोगमा ल्याएको ओठमुनि चिन्दी दाह्री राख्ने फेसनलाई अनेकन युवाले पछ्याइरहेका छन्। 'सोल पेच' शैलीका नामले चिनिने दाह्रीको त्यो स्टाइल त्यतिबेला जति पपुलर थियो, आजसम्म पनि कैयन युवाको स्टाइल स्टेटमेन्टमा दाह्रीको उक्त शैली अविभाज्य पक्षकै रूपमा कायम छ।

वाईआरसी समूहका मनोज कार्कीले पनि आमिरकै शैलीमा ओठमुनि दाह्री राख्न थालेको ६ वर्ष बितिसकेको छ। आफ्नै सोखले यस्तो दाह्री पालेको बताए पनि धेरथोर आफूमा आमिरको प्रभाव परेको मनोज स्वीकार गर्छन्। आफ्नी दुई वर्षीया छोरी मानुषी 'सोल पेच' शैलीको आफ्नो दाह्रीसित खेल्न खुबै रुचाउने मनोज बताउँछन्। आफूलाई सुन्दर र आकर्षक बनाउन अनि सधैं एकैखालको गेटअपबाट दिक्क भएर आफूमा केही परिवर्तन ल्याउन नै बालाजुका अर्जुनले दाह्री पाल्न थालेका हुन्। अर्जुनले पनि मनोजले जस्तै ओठमुनि चुस्स दाह्री राख्न थालेका छन्। यद्यपि अर्जुनको दाह्री भने ओठमुनि चुस्स मात्र नभएर ठाडो तरिकाले चिउडोसम्म लामो छ। उनले चिउँडोमा पनि दाह्री पालेका छन्। चिउँडोको दाह्री र ओठमुनिदेखि चिउँडोसम्मको चुस्स दाह्रीको रेखालाई मिहेनत गरेर फैलन नदिए जस्तो देखिन्छ। दाह्रीको स्टाइल मेन्टन गर्न तीन दिनमा एकपटक हेरविचारका लागि करिब एक घन्टा समय खर्चिनुपर्ने अर्जुन बताउँछन्। अर्जुनले आफ्नो यो स्टाइलिस दाह्रीको ब्लिचिङसमेत गर्न भ्याएका छन्। मन लागेसम्म पाल्ने मन नलागेपछि काट्ने, घरकै खेती भएकाले उमार्ने र काट्ने त भै नै रहन्छ- अर्जुन बताउँछन्।

दाह्री-जुँगा पुरुष व्यक्तित्व पहिचानका रूपमा रहने समय पनि थियो। बिस्तारै त्यो सोचले व्यापकता पाएसँगै यो धारणा परिवर्तन भएर यसले क्रान्तिकारी पत्रकार वा साहित्य सम्राटको व्यक्तित्वलाई इङ्गित गर्न थाल्यो। समयसँगै दाह्रीले पुरुषको व्यक्तित्वभन्दा उसको आवेग, आलस्यता, थकान, असफलता आदिको परिचय बनाउँदै गयो। त्यसपछि बिस्तारै क्लीन सेभ गर्ने फेसन आयो। करिब सत्तरीको दशकदेखि २००२ सम्म क्लीन सेभ गर्ने चलन चलेको पाइन्छ। त्यतिबेला युवतीहरूको छनोट पनि फरक थियो। आफ्नो विवाहका लागि सर्टलिस्ट गरिएको पुरुषले दाह्री-जुँगा पाल्छ भन्ने थाहा पाएपछि चाहे त्यो व्यक्ति जतिसुकै स्मार्ट र ह्यान्डसम किन नहोस् तिनलाई 'अंकल' जस्तो भनेर अस्वीकार गरिन्थ्यो।

त्यतिबेला कुनै युवतीले आफ्नो हजुरबुबा, बुबा, स्कुलको हेडमास्टर वा अरू कसैलाई दाह्री-जुँगासहितको रफ लुकमा देखेका हुन्थे। विवाहको मामिलामा दाह्री-जुँगासहितको पुरुषलाई त्यतिबेलाका युवतीहरू स्वीकार गर्न आनाकानी गर्थे। त्यतिबेला जसरी महिलाको सम्पूर्णताको मापदण्डभित्र कैयन कुरा निश्चित गरिएको पाइन्थ्यो जस्तै सलवार सुट लगाउँछिन् भने मेल पावरका लागि उनी टिपिकल दिदी हुन्छिन्। त्यसरी नै पुरुषका सम्बन्धमा पनि युवतीहरूले केही मापदण्ड अँगालेका हुन्थे, जस्तै दाह्री-जुँगा भएको पुरुष व्यक्तित्वले कंप्लिट अंकल लुकको छवि प्रस्तुत गर्थ्यो। मुहारमा दाह्री-जुँगा अर्थात् ओल्ड फेसन मेन- उतिबेला परिस्थिति यस्तै थियो। आज नयाँ युगसँगै नयाँ सोचले आफ्नो प्रभाव जमाएको छ। फेसनको आजको यो युगमा दिदी र अंकलको उक्त सोचमा पनि परिवर्तन आएको पाइन्छ। सर्ट कमिजका साथमा चुडीदार वा जिन्स लगाउने युवतीहरू आज ट्रेन्डी सिटी गर्लका रूपमा परिचित हुन थालेका छन्। त्यसैगरी दाह्री-जुँगा भएका पुरुष रफ टप माचो मेन वा हिप्पी गायका रूपमा चिनिन्छन्। आजभोलि सहरका फेसनेबल स्टाइलिस मेडमलाई मात्र नभएर गाउँघरका युवतीलाई पनि युवाहरूको माचो लुक मन पर्न थालेको छ। सुगठित शरीरका साथमा यौन अपिललाई उभार्ने स्टाइलिस दाह्री पनि होस्। दाह्री-जुँगाले पुरुष व्यक्तित्वलाई हिजोआज अंकल नभएर ग्रेसफुल, स्मार्ट र प्लिजिङ बनाएको छ।

दाह्रीले पुरुष व्यक्तित्वको धेरै कुरा रिफ्लेक्ट गर्छ। व्यक्ति कति परिश्रमी वा कति आत्मविश्वासी एवं निडर छ, कति रिसोर्सफुल वा संवेदनशील छ भन्ने कुरा दाह्रीबाट नै थाहा हुन्छ। स्वयम्भूका अनिल दाह्रीलाई पुरुषको प्रभावशाली व्यक्तित्वको पहिचान भन्न रुचाउँछन्। उनले फ्रेन्च कट दाह्री त पालेकै छन् साथै आफ्नो लाम्चो मुहारमा सुहाउँदो ढंगले पातलो ट्रिमिङ गरी साइडलकसमेत राखेका छन्। जसरी लज्जा र शालीनतालाई नारीको परिचयका रूपमा लिइन्छ त्यसरी नै दाह्री-जुँगालाई पुरुषको शानका रूपमा लिइन्छ भन्ने एकथरी मान्यता छ। दक्षिण भारतमा त यो मान्यताले परम्पराकै रूप अँगालेको देखिन्छ। दक्षिण भारतमा दाह्री-जुँगाबिनाका पुरुष विरलै भेटिन्छन्। दाह्री-जुँगा भएका पुरुषहरू तुलनात्मक रूपले परिपक्व देखिने हुँदा युवतीहरू पनि त्यस्ता पुरुषतर्फ बढी आकर्षित हुन्छन् भन्ने मान्यता पनि व्याप्त छ। भारतकै एक फेसन पत्रिकाले गरेको सर्वेक्षणमा हिजोआज ४० प्रतिशतले मात्र दाह्री नभएका सलमान, शाहरूख खान, ऋतिक रोशन आदिलाई मन पराएको भेटियो। यस्तै कुराले गर्दा पनि हिजोआजका युवाहरू दाह्री-जुँगा राख्न अभिप्रेरित भएको हुनसक्ने धारणा फेसनविद्हरूको छ।

दाह्री-जुँगाका बारेमा जे-जस्ता पुरातन मान्यता रहे पनि अहिलेको परिप्रेक्ष्यमा भने यसले फेसनको रूप लिएको छ। केही समय अघि सम्पन्न ओस्कार अवार्ड समारोहमा जेम्स क्यामरुन, लियोनार्डो डिकाप्रियो, जस्टिन टिम्बरलेक, क्रिस मार्टिन, ब्राड पिट, जेफ ब्रिजेजजस्ता हलिउड स्टारहरू दाह्री-जुँगासहित रफ लुकमा देखिए। कौन बनेगा करोडपतिदेखि बीग बी अमिताभ बच्चनको लुकमा फ्रेन्च कट दाह्रीको शैलीले पाएको नयाँ अवतार आजसम्म पनि निरन्तर छ। त्यही शैलीलाई अँगाल्दै फ्रेन्च कट दाह्री राख्न थालेका शिवमले हिजोआज जुँगा चट गरी हाफ फ्रेन्च कट राख्न थालेका छन्। इलेक्ट्रोनिक्स सरसामानका व्यापारी शिवमका अनुसार दाह्री राखेपछि म्याच्युंड महसुस हुन्छ। शिवम हाल्फ फ्रेच कटमा आफ्नो व्यक्तित्व निखारिएको बताउँछन्। लामो समयदेखि आफ्नै रुचिका हिसाबले ट्रिमिङ गर्दै फ्रेन्च कट राख्दै आएका मार्केटिङ पेसामा संलग्न सुबोध दाह्रीकै कारण आफ्नो गेटअपमा परिवर्तन आएको स्वीकार गर्छन्। गेटअप र लुक परिवर्तन गर्ने मामिलामा हेयर स्टाइलसँगै दाह्री-जुँगाको शैलीमा पनि परिवर्तन गर्न सिपालु देखिएका बलिउड सेलिब्रिटीहरू विशेष गरी सञ्जयदत्तको चलचित्र मुसाफिर तथा काँटेको शैली, सैफ अली खानको कुर्बान शैली, अक्षयकुमारको टसन शैली, सुनिल सेट्टीको काँटे शैलीको सिको गर्नेहरू पनि थुप्रै भेटिन्छन्। जैकी श्राफ, अनिलकपुर शैली रुचाउनेहरू पनि उत्तिकै भेटिन्छन्। सलमान रुश्दीको जस्तो ग्रेसफुल लुक वा अभिषेक बच्चनको जस्तो माचो लुक वा इमरान हासमीको जस्तो कामुक लुक। बलिउड सेलिब्रिटीका दाह्री-जुँगाका अनेकन शैलीले पुरुषको व्यक्तित्वमा रफ लुकमा पनि फरक र नयाँ अन्दाज सञ्चार गरेको छ।

हिजोआज दाह्री-जुँगाका कैयन प्रकार, स्टाइल, कट्स र प्याटर्न चल्तीमा छ। जस्तै लामो मुहारमा हेभी दाह्री सुहाउँछ। यसले मुहारलाई भरिएको लुक प्रदान गर्छ। गोलो मुहारमा हल्का दाह्री सुहाउँछ। यसका लागि कानदेखि चिउँडोसम्म पातलो शेव गरिएको दाह्री सुहाउँछ। यसका साथै पातलो साइड लक पनि राम्रो हुन्छ। अण्डाकार मुहारमा भने लामो दाह्री राम्रो हुन्छ। यसमा कानदेखि चिउँडोसम्म पातलो र दुवैलाई ब्यालेन्स गर्न हल्का चौकोर सेप दिइन्छ।

हिजोआज स्क्वायर कट, ओभल कट पनि उत्तिकै प्रचलनमा छ। केहीले चिउँडोमा चुस्स दाह्री पालेको पाइन्छ। केहीले भने ओठमुनिदेखि चिउँडोसम्म जोड्ने गरी पातलो दाह्री राखेको देखिन्छ। यसैगरी सोल पेच, फु मन्चु लुक, फ्रेन्च स्टाइल, मटन चप, फुल वियर्ड जसअन्तर्गत थिक सेवन, पेन्सिल सेवन, लाइटठ शेवजस्ता दाह्री-जुँगाको स्टाइल पनि प्रचलनमा छ।


100% फिट्नेस
जाँड-रक्सीको कुलत छुटाउने
"डिफयूज-एल" हर्वल चूर्ण
विशुद्ध किफायती ब्रान्डेड प्राडक्ट
स्तन घटाउन तथा बढाउन Elevation Bust Cream
गुप्ताङ्ग टाईट महिला यौन ईच्छाजागृत
शरीरको मोटोपना घटाउन/तौल बढाउन
ग्यारेण्टी कपाल झर्न रोक्न SBL तेल
उत्तेजना तथा लिङ्गको विकास गर्न
Kirtipur 01-4336701 9803502259
Kalimati 01-4276068 9841981976
Free Home Delivery

होतल तालिम होटल खुम्जुङमा
Cook/ Waiter / House Keeping/ Bar-man/ Laundry /Caregiver /Bakery तथा अंग्रेजी/ जापानी/ नेपाली भाषा लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना लिईदैछ। विदेश गईहाल्नु पर्ने/हाउसवाइफ/कुकिङ्ग र अंग्रेजी जान्दै नजान्नेहरुका लागी पनि विशेष व्यवस्था गरिएको छ। आजै सम्पर्क राख्नुहोस्।
Hotel Khumjung Pvt. Ltd.
फोन: 4016111 र 4016194
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व

British Army/Singapore Police
मा भर्ती हुने नै गरी Pre-Training गर्न आउनुहोस्!!!



Gajen Gurung(PTI)With Selected Recruits



K.B.Gurung (Edu. Instructor) भर्ति भएका Recruits को साथमा

EDUCATION TRAINING:
- Computer तथा Audio Visual को माध्यमबाट Air Conditioned Room मा कक्षाहरु सञ्चालन हुने।
- Education Instructors: Anthony (British Teacher)/K.B. Gurung (उहाँहरु Highly Qualified and Experienced Teacher हुनुहुन्छ।)
- एउटा Group मा 15 Students मात्र राखिने।

PHYSICAL TRAINING:
- स्वच्छ तथा खुल्ला वातावरण भएको शंखपार्क अगाडीको Open Hall Area
- अवस्थानुसार Trainees लाई Musical Based Training गराइने।
- Swimming Training को लागि Central Selection मा लिइने Swimming Pool को Exact Size भएको Pool मा गराइने।
- हप्तामा एक पटक British Army को Leave मा आएको PTI द्वारा Training गराइने।

INTERVIEW:
- D.R.O तथा A.R.O. हरुद्वारा Regional And Central Selection मा सोधिएका र यस पटक सोधिने सम्भावित Questions को आधारमा British तथा नेपाली Interviewer द्वारा Interview Practice गराईने।

Note : Education वा Physical मध्ये कुनै एक Training लिन चाहेमा मात्र रु.13,900/-
यो Week भित्रमा Admission हुनेहरुले Books, CDS / PT-Dress (Worth Rs. 2000/-) Free / Total Admission मा 10% छुट पाउनेछ।
British (Gorkha) Vision Pvt.Ltd.
Maharajgunj-4, (शंखपार्कको ठिक अगाडी) ,Kathmandu
Contact Mob No: 98510-71327, 9841713236

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

कोरियन भाषा
EPS द्वारा मान्यता प्राप्त
शुल्क रु. ~~४५००~~ अब रु. ३५००।- मात्र।
EPS का कक्षाहरु धमाधम भइरहेको छ र सिट सिमित छ।
अनुभवी कोरियन टिचर तु. चाहियो तलब कुल आम्दानीको 50% दिइने छ
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
बसुन्धरा चौकी अगाडि रिङ्गरोड संगै
Ph:016212336,9841812055

100% Guarantee
यौन: यौन समस्या, यौनाङ्ग विकास, गुप्त रोगको समस्या
अनुहार: कालोपोतो, चाँया, डण्डीफोर हटाउन
चाहेजति शारिरिक तौल घटाउन वढाउन
जाँड-रक्सीको कुलत छुटाउन
Breast घटाउन वढाउन टाइट गर्न, मधुमेह, ग्याष्ट्रिक, दम वाथ एलर्जी
सम्पर्क:महारुद्र आयुर्वेद
With Home Delivery
2291316, 9851115833
9849117597, 9751011098

घर-जग्गा बिक्रिमा
१. ८ आना क्षेत्रफलमा बनेको दुई तले फ्लाट सिस्टमको घर कपनमा
२. १५ आना क्षेत्रफलमा बनेको घरजग्गा (नारायणगोपालचोक, महाराजगञ्ज, चक्रपथमा)
३. टुक्रा पारेर पनि दिन सकिने १० आना २ पैसा क्षेत्रफलको (नारायणगोपालचोक, महाराजगञ्ज, चक्रपथमा)
४. घर तथा जग्गा किन्नेलाई फाईनान्सको पनि सुविधा छ।
फोन नं.: 4016111/4016194

## ● तालुमा आलु ●



**प्रकाश ओझा**

एउटा मानिस धोबीसँग गुनासो गर्दै थियो :

'यो मेरो सर्ट के गरी धोएको ? तीन दिन लगाउनासाथ मैला भयो ।'

०००

'व्यापार मन्दी भए पनि बजारमा मेरो साख बढिरहेको छ', सधैं घाटा सहने एउटा व्यापारीले आफ्नो साथीसँग भन्यो ।

'ए हो र, कसरी ? साथीले सोध्यो

'हिजो मैले एक जनासँग २० हजार सापट माग्दा ऊ सकारात्मक रूपमा प्रस्तुत भयो र राम्रो व्यवहार गऱ्यो ।'

'ए हो,... पैसा तुरुन्त सपाट दियो ?

'हैन, पैसा त दिएन तर धेरै बेर हिचकिचाएर छैन मात्र भनेन, सरी पनि भन्यो ।'

०००

सुटबुट लगाएको व्यक्ति काठमाडौंको सडकमा सुतिरहेको थियो । ट्राफिकले उसलाई देख्यो र छेउमा गएर सोध्यो– 'के भयो, रिगटा लाग्यो ?'

'होइन ।'

'मिर्गी लाग्यो कि ब्लड प्रेसर हाई-लो ? के भयो ?'

'केही होइन, मेरी श्रीमती कार लिएर यहाँ आउँदैछे, त्यसैले पर्किङका लागि ठाउँ रोकेको...,' सुत्नेले जवाफ दियो ।

०००

तपाईंको दाहिनेपट्टि रेड हाउस छ, देब्रेपट्टि ग्रीन हाउस छ भने ह्वाट हाउस कहाँ छ ?

'मलाई के था' ?'

'थाहा हुनुपर्छ नि हजुर, ह्वाइट हाउस वासिङ्टनमा छ ।

०००

एउटा मानिस सडकमा बेहोस भएपछि मानिसहरू भेला भए ।

'मिर्गी लागेको होला, जुत्ता सुघाओ' एउटाले भन्यो

'होइन, यसलाई रक्सी ख्वाउनुपर्छ,' वृद्ध महिलाले भनिन् ।

'यसको मुखमा पानी छ्याप' अर्कोले भन्यो

'हैन-हैन, रक्सी ख्वाउनुपर्छ,' वृद्ध महिलाले फेरि भनिन् ।

'पंखा हम्क, डाक्टर बोलाओ न,' तेस्रोले भन्यो

'रक्सी-रक्सी', वृद्ध महिला ।

'पानी... डाक्टर... एम्बुलेन्स'

त्यत्तिकैमा बेहोस व्यक्ति जुरुक्क उठ्यो र भन्यो– 'तपाईंहरू धेरै हल्ला नगर्नुस् र बूढी आमाको कुरा सुन्नुस् ।'

०००

एउटा बालक अग्लो पर्खालमा चढेको थियो, मुनि उसको बाउ हात फैलाएर तल फालहाल भन्दै थियो । जसै बालकले पर्खालबाट फालहाल्यो, बाउ साइड लाग्यो र बालक भुइँमा पछारियो । त्यसपछि छेउमा गएर बाउले भन्यो- 'छोरा, यसबाट तैंले के शिक्षा लिनुपर्छ भने आफ्नो बाउको पनि हत्तपत्त विश्वास गरिहाल्नु हुँदैन ।'

## ● कविता ●

### जाँचिएछ



हात समाई दिल साट्ने मुटु भाँचिएछ
जोडी हिंड्ने कहीं कतै झुरको साँचिएछ
पिएको अलिकति बाटो समाई हिंड्दा
खहरेको भेलमा परी झन्डै बाँचिएछ
तिमीसँग कहीं कतै देउती मान्न जाँदा
अरू नाच्दा छम्म-छम्म सँगै नाचिएछ
तिमीलाई देख्दा सारा सपना त्यसैमा हराउँदा
फरक कति रै'छ हेर्न फोटो जाँचिएछ ।

**वीरेन्द्रराज ढकाल**

### फुक्दिनँ नि कसम

धरोधर्म तिम्रै हुन्छु चुक्दिनँ नि कसम
झूटो होइन बाचा कसम फुक्दिनँ नि कसम
रोजें मैले तिमीलाई जव नयन जुध्यो
तिमी बाहेक कोहीसँग झुक्दिनँ नि कसम
युग बिते युगै आउँछ पर्खिएर बस्छु बरु
बिहान उदाई साँझ पर्दा लुक्दिनँ नि कसम
हिउँ बनी पग्लिदिन्छु सागरझैं अटल बग्छु
वालुवाको पानी सरी पोखिएर सुक्दिनँ नि कसम ।

**उमेश फिदिम**

### भन्नु हुन्न जीवन नीरस

आनन्द र रमाइलो नदीतीरमा बित्यो जीवन
हिमाली त्यो टाकुराको सेतो शिरमा बित्यो जीवन
यात्रा रै'छ जिन्दगानी हिंडिरहेछु आज पनि
चुनौतीका अनगिन्ती ठूल्ठूला भीरमा बित्यो जीवन
कति डुल्यौं कति हिंड्यौ अभिलेख कहाँ छ र
सम्झी हेर्दा यस्तो लाग्छ, घुमफिरमा बित्यो जीवन
दु:ख-सु:ख सबै आउँछ जिन्दगीमा भन्छ रेसम
नीरस मन लिई भन्नु हुन्न कि पीरमा बित्यो जीवन ।

**रेशमकुमार सुनुवार**

### हिंड्दाहिंड्दै थाकिसकें

जिन्दगीका बाटाहरू हिंड्दाहिंड्दै थाकिसकें
मायालुले ताप दिंदा जलनले पाकिसकें
पुरुषार्थ गरें धेरै तिम्रो माया पाउन
खहरेको जंघारमा त्याफ्टिङ पनि हाँकिसकें
तिर्खा धाउनु पनि थियो म त खोली धाइसकें
मायालुले श्राप दिंदा भित्रभित्रै मक्किसकें
झिनो आशा छ हेर तिम्रो माया रित्तिन्न कि
मुटुमाथि ढुंगा राखी देउरालीलाई भाकिसकें ।

**अनिल निरौला**

### धन

धन हुँदा नचिन्नेले पनि भेट्दोरहेछ त
विपत्तीमा आफ्नैले पनि खेद्दोरहेछ त
देखिन्छ बगेको पानी देखिंदैन विचार
भत्किएपछि भत्कियो-भत्कियो अस्तित्वको आधार
दु:खीमाथि ऐन-मियम चल्दोरहेछ त
विपत्तीमा आफ्नैले पनि खेद्दोरहेछ त
जो व्यवहार भिन्न भिन्न सोचाइहरू भिन्न
जो नचिताएको आक्षेप लगाइहरू भिन्न
एक्लोमा परिस्थितिले नि घचेट्दो रहेछ त ।

**अक्षोभ केसी**

### बाटुली

भन्नु नै पर्दा तिमी मायाकी खानी हौ बाटुली
सौन्दर्य र रंग-रूपकी रानी हौ बाटुली
धेरैले धेरै थरी भने पनि, सोचे पनि
मेरो त अंग प्रत्यंग जिन्दगानी हौ बाटुली
बिना तिमी न दिनमा भोक न रातमा निद
सिर्फ तिमी नै आँखाको नानी हौ बाटुली
मुटुमा राखिसकें आफ्नै मानिसकें र त
मेरा लागि तिमी नै ठूली, तिमी नै सानी हौ बाटुली
नहुँदा साथ उदासी, हुँदामा साथ खसी यस्तै
ओत मेरो जिन्दगीको सिरानी हौ बाटुली
डराउँदैन यो अक्षोभ उत्साही दिलले भन्छ
जिन्दगीको सास धान्ने तिमी पानी हौ बाटुली ।

**वसन्त खत्री**

## ● लघुकथा ●



### वीरमान र शरद

वीरमान चुनावताका थुप्रै आश्वासन बोकेर डिलखर्क पुगेका थिए । उनले त्यहाका जनतामाझ विकास र जागिर दिलाउने चर्को भाषण गरे । शरद त्यो गाउँको एक शिक्षित र सहयोगी भवानाका मानिस थिए । त्यही कारण वीरमानले उनलाई चुनाव प्रचारमा पर्याप्त प्रयोग गरे । वीरमानका लागि भोट माग्न उनी अहोरात्र खटे । नभन्दै वीरमानले भारी मतका साथ चुनाव जिते । वीरमानले चुनावमा जिताउन सहयोग गरेका कारण शरदलाई जागिर लगाइदिने प्रतिज्ञा गरेका थिए । वीरमान चुनाव जितेर काठमाडौं आए । उनी फर्केर एकपल्ट पनि आफ्नो क्षेत्रमा गएनन् ।

केही समयपछि शरद वीरमानलाई भेट्न काठमाडौं आए । वीरमानलाई भेट्ने अनेक प्रयास गर्दा पनि भेट हुन सकेन । एक दिन शरद धुलाम्मे सडकको पेटीबाट हिंडिरहेका थिए । त्यही बेला वीरमानको चिल्लो गाडी धूलो उडाउँदै आयो । शरदले टाढैबाट वीरमानलाई चिनिहाले, उनले हात हल्लाए तर वीरमानको गाडी धूलो उडाउँदै शरदलाई नदेखेझैं गरी हुइँकियो । वीरमानको चिल्लो गाडीले उडाएको धूलोमा शरद आफैं हराए ।

**रेशमकुमार सुनुवार**

# बिदेसिए लाहुरे, बढ्यो चिन्ता

**निलिफा सुब्बा**

धरान– शशी थापा सुब्बा प्रख्यात समाजसेवी हुन् । धरानमा धेरै सामाजिक कार्यहरू गरेकी शशी भर्खरै बसाइँ सरेर बेलायत गएकी छिन् । सायद अब उनी धरानको समाजसेवामा देखिनेछैनन् । लाहुरे परिवारकी शशी भन्छिन्– 'छोरीहरूको पढाइ राम्रो हुने अनि अधिकारको लडाइँ जितेर पाएको सेवा-सुविधा उपयोग गर्न किन नजाने भनेर जान लागेकी ।'

रामकुमारी लिम्बूका श्रीमान् बेलायतमै बस्छन् । अब परिवारले नै आवासीय भिसा पाउने भएपछि उनी छोराछोरी लिएर केही दिनमै बेलायत उड्दै छिन् । रामकुमारी भन्छिन्– 'छोराछोरीको पढाइ र भविष्यका लागि पनि जानैपर्ने भयो ।' भूतपूर्व ब्रिटिस गोर्खाकै श्रीमती मनमाया भने बेलायतमा बसेर काम गर्ने र धेरै पैसा कमाउने आशामा छिन् । बेलायतमा जिन्दगी बिताउने योजना बुन्दै उनले धरानको घर-जग्गा पनि आफन्तलाई दिइसकिन् ।

लाहुरेको सहरका रूपमा पनि चिनिन्छ– धरान । ब्रिटिस गोर्खा सैनिकमा सेवा गरेर सेवानिवृत्त धेरै लाहुरेको बसोबास भएकैले धरान बजारमा लाहुरे परिवारको भीड देखिन्थ्यो, तर अचेल त्यो अवस्था छैन । भेटिएकामध्ये पनि धेरैलाई बेलायत पुग्न हतार छ । बेलायती उच्च अदालतको फैसलापछि धरानको लाहुरेबस्ती रित्तिन थालेको छ ।

०६५ असोज १४ गते बेलायती उच्च अदालतले भूतपूर्व ब्रिटिस गोर्खा सैनिक र तिनका आश्रित परिवारलाई आवासीय भिसा दिने निर्णय गरेको थियो । बेलायती सैनिकसरह पेन्सन सुविधाको माग गर्दै वर्षौंदेखि कानुनी लडाइँ लड्दै आएका भूतपूर्व गोर्खाहरूका लागि अदालतको त्यो फैसला ठूलै जित हो । यसले नेपालका करिब ४४ हजार भूतपूर्व गोर्खा र तिनका परिवारले बेलायत गएर बस्न पाउने भए । धेरै नेपालीको सपना हुन्छ युरोप पुग्नु । लाहुरे परिवारले त त्यहाँ नागरिक नै हुन पाउने भए । उनीहरूका लागि यो ठूलै अवसर र खुसीको विषय भएको छ, तर यसले नेपालको आर्थिक, सामाजिक एवं राजनैतिक क्षेत्रमा धेरथोर हलचल ल्याएको छ ।



यसो हुनुका खास कारण छन् । पहिलो, नेपालको सम्पन्न, समृद्ध समुदाय बेलायत भासिने भयो, सँगसँगै दक्ष जनशक्ति पनि । दोस्रो लाहुरे परिवार धमाधम बेलायतको नागरिक बन्न थालेपछि यो समुदायसँग निर्भर आर्थिक, सामाजिक, व्यावसायिक, शैक्षिक क्षेत्रसमेत प्रभावित हुने स्थिति देखिन थालेको छ । उद्योग वाणिज्य संघ, सुनसरीका अध्यक्ष अशोक ताम्राकार भन्छन्, 'लाहुरेहरू बेलायत पस्न थालेपछि धरानको नुनदेखि सुनसम्मको व्यापारमा ह्रास आएको छ ।'

सुनचाँदी व्यापार गर्दै आएका मोहनकाजी श्रेष्ठ भन्छन्– 'धरानका लाहुरेहरूको बेलायत बसाइले खाद्य, लताकपडा, जग्गाजमिन, भौतिक निर्माणजस्ता क्षेत्रको व्यापारमा नकारात्मक असर पर्न थालिसकेको छ ।' श्रेष्ठको भनाइमा, यहाँको सकसपूर्ण वातावरणले पनि लाहुरेको बहिर्गमनलाई सघाएको हुनसक्छ ।

लाहुरे भन्नासाथ नेपालमा हुनेखाने वर्ग मानिन्छ । त्यसैले पनि व्यापारीहरूका लागि उनीहरूको उपस्थितिको महत्त्व बुझ्न सकिन्छ । राम्रो कमाइ गर्ने मात्र होइन, राम्रै खर्च पनि गर्ने भएकाले लाहुरेले धरान छाडेपछि स्थानीय व्यापार-व्यवसाय प्रभावित हुनु अस्वाभाविक होइन । श्रेष्ठ भन्छन्– 'धरानमा पैसा खर्च गर्न सक्ने उपभोक्ता भनेका लाहुरेहरू नै हुन्, उनीहरू नै नरहेपछि धरान केको धरान हुनु नि ?'

धरानमा लाहुरे समुदायलाई नै लक्षित गरेर खोलिएका थुप्रै व्यावसायिक केन्द्र छन् । निर्माण सामग्री बेच्ने हार्डवेयर पसल, डिपार्टमेन्टल स्टोर, सुनचाँदी र गरगहना पसल, पोसाक बिक्रीकेन्द्र, होटल, रेस्टुराँ, निजी बैंक, प्लस टु, आवासीय बोर्डिङ स्कुल, बुटिक, ब्युटिपार्लर, फेसन डिजाइन कलेज आदि तिनकै उदाहरण हुन् । लाहुरे समुदायले गर्ने खर्चकै कारण यी व्यवसाय फस्टाएका थिए । अब यी व्यवसायमा नकारात्मक असर देखिन थालेको छ ।

भूतपूर्व गोर्खा सैनिकहरू देशभरि छरिएका छन् । धरानमा लाहुरेको बसोबास बाक्लै छ । भूतपूर्व गोर्खा सैनिक सङ्घ (गेसो) का सुनसरी अध्यक्ष गजेन्द्र इस्वो राज्यले गर्ने धेरै काम धरानका भूतपूर्व गोर्खाहरूले गर्दै आएको दाबी गर्छन् । इस्वो भन्छन्– 'लाहुरेहरूले बाटो, पार्क, ढल निर्माण मात्र होइन, वनजङ्गल संरक्षणसम्मका काम गर्दै आएका छन् ।' उनीहरूको बहिर्गमनबाट यहाँको औद्योगिक, सामाजिक र अन्य क्षेत्रको विकासमा ठूलै असर पर्ने उनको ठम्याइ छ । इस्वो भन्छन्– 'छोराछोरीको शिक्षा र रोजगारीपछि उनीहरू फेरि आफ्नै देश फर्कून् भनेर राज्यले पनि केही पहल गर्नुपर्छ ।'

यो बहिर्गमनले सबैभन्दा ठूलो असर नेपाली अर्थतन्त्रको मेरुदण्ड भनिने रेमिटान्समा पर्न सक्छ, किनभने रेमिटान्सको एउटा प्रमुख हिस्सा तिनै लाहुरेको कमाइ हो । राजधानीपछि रेमिटान्सको गतिविधि बढी हुने सहर धरान हो । द्वन्द्वकालमा पनि धरानको कारोबारमा ठूलो ह्रास नआउनुमा रेमिटान्सकै भूमिका थियो, तर पछिल्ला दिनमा धरान भित्रिने रेमिटान्समा ५० प्रतिशतले कमी आएको अनुमान गरिन्छ । करिब १० हजार भूतपूर्व गोर्खामध्ये आधाजति बेलायत गैसकेका र अरू पनि जाने क्रममा छन् । उनीहरूको बेलायत बसाइले नेपाल भित्रिरहेको मासिक ६५ करोडबराबरको रेमिटान्स उतै रहन सक्ने सम्भावना छ । गेसोका इस्वो भन्छन्– 'भूतपूर्व गोर्खाका लागि सरकारले दोहोरो नागरिकताको व्यवस्था गरेर भए पनि रेमिटान्स रोकिने अवस्था आउन दिनुहुँदैन ।'

पछिल्लो पुस्ताले शिक्षाको राम्रो अवसर पाउने, आत्मनिर्भर बन्ने र रोजगारीको बाटो पनि खुल्ने भएकाले उनीहरूका लागि यो अवसर पनि हो, तर बेलायत बसाइले नकारात्मक प्रभाव पनि पार्न सक्छ । 'युरोपेली वातावरणमा हुर्कने स-साना बालबालिकाले आफ्नो देशको रीतिरिवाज, संस्कृति, धार्मिक एवं जातीय परम्परा भुल्ने र उनीहरूमा पश्चिमा संस्कृति मात्रै हावी हुने अवस्था आउँछ । यसलाई कुनै पनि अर्थमा राम्रो मान्न सकिँदैन,' इस्वो भन्छन्– 'बेलायत जानुअघि धेरैले यो विषयमा सोच्नु आवश्यक छ ।' प्राध्यापक राजेन्द्र शर्मा थप्छन्– 'लाहुरे परिवारको बहिर्गमनले यहाँको आर्थिक वातावरणमा ठूलै असर पारेको छ ।'

*सञ्चारिका फिचर सेवा*

## ● सन्देश ●

प्यारी दिदी सुनिता, नयाा जीवनको सुरुवात गर्नु भएकोमा हार्दिक शुभकामना ।

**प्रकाश**

रूपा, बाध्यताले टाढा भए पनि मीठो मिलनको कल्पनामा बााचेको छु । हाम्रो चोखो अनि पवित्र प्रेममा कुनै आाच नआओस् । जीवन संघर्षका दौरान हामीबीचको दूरी टाढा भए पनि दुःखी नहोऊ । एक दिन अवश्य हाम्रो मिलन हुनेछ ।

**सुवोध लामा**

रक्षा, हाम्रो सम्बन्ध फ्रेन्डसिपबाट सुरु भए पनि आशा छ, तिमीले मेरो यो साथमा पूर्णविराम लगाउने छैनौ । मैले तिमीसाग मायाको खत मागेको छु मेरो जीवनका लागि तिम्रो साथ मागेको छु, तिम्रो मायाबाट टाढिएर बाँच्न असम्भव भएपछि मैले बााच्नका लागि तिम्रो हात मागेको छु।

**आमोद**

ढिलै होस्, लायक सन्तान होस् । संविधानसभाको म्याद १ वर्ष थपिए पनि अब बन्ने संविधानबाट गरिबहरूको उद्धार हुने कुरामा म आशावादी छु । सभासदहरूलाई हार्दिक शुभकामना ।

**रामेश्वर सिलवाल**

सुलभ, सूर्य, टंक, कुमार, प्रकाश, लक्ष्मण, हिमाल, शिशिर, त्रिलोचन, युगल, गोविन्द, युवराज, टीकाराम, पंकज, दीपक, दीवस, रमेश, दिनेश, मिबली, राजकुमार, दिलीपलगायत सम्पूर्ण झापाली मित्रमा मीठो सम्झना तथा शैक्षिक सफलताको शुभकामना ।

**टीकाराम**



प्यारो मित्र रिदेश, जन्मदिनको उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**मैयाा**

मी. तिमी वैवाहिक जीवनमा बाािधिए पनि म तिमीलाई सातौं जुनिसम्म सम्झिरहनेछु । जीवनको कुनै विश्राममा फेला परे बोल है ।

**सालिन**

विश्वभर छरिएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीको प्रिय पत्रिका साप्ताहिकको निरन्तर सफलताको कामना गर्छु ।

**टीका**

मै जान्ने सुन्ने, मै ठूलो भनी घमन्ड गर्ने, मानिसलाई मानिस नै नदेख्नेलाई दुर्भावनापूर्वक अर्काको भलो सोच्नेहरूलाई सन्देश छ कि आफ्नो बानी, व्यवहार, आचरण सुधार्नु अनि अरूलाई पनि सपार्नु ।

**आराध्यदेव**

अनेकताले विभाजित गराउाछ जति विभाजन हुन्छ त्यति नै मेलमिलापन हराउँछ त्यसैले शान्ति र स्थायित्वका लागि प्रेमभावना जरुरी छ । बन्द, हड्ताल र द्वन्द्वभन्दा विकास नै आवश्यक छ ।

**वसन्त खत्री**

## मेरो अन्तिम चाहना

● जीवनको गोरेटोमा ●



कहाँबाट र कसरी सुरु गरूँ ? जलिरहेको यो अन्तरआत्माबाट अविरल न्यानो सम्झना, मुटुभरि पीडा र वेदनाहरू बोकेर गहभरि आँसु सजाएर भए पनि धेरै-धेरै माया । मेरो जीवनबाट धेरै टाढा भए पनि सारा जीवनका लागि सफलताको शुभकामना, व्यथाको आगो सल्किरहेको मुटुमा केवल पानीका थोपा छर्कंदै बाँचिरहेछु । यदि समय मेरो हातमा भैदिएको भए म सधैं मेरो आत्मिक बन्धनको डोरी बाटी दिनहरू व्यतीत गर्थें हुँला, तर के गर्नु ? प्रत्येक गोधूलिले रंगीन प्रभातको आमन्त्रण गर्छ भनेजस्तै सुनौला मखमली विवशताका धारहरूलाई सहज महसुस गरी काट्नुपर्दो रहेछ ।

संसारमा केही यस्ता भोजन छन् जसको पान नै नगरी स्वाद लिनुपर्छ अनि यस्ता शक्तिहरू छन् जसलाई नदेखी युद्ध गर्नुपर्छ । त्यस्तै केही यस्ता अभिव्यक्ति छन् जुन नबोली बुझ्नुपर्ने हुन्छ । पहिलोपल्ट मायाको सगरमाथा चढ्ने प्रयास गरेको थिएँ तर त्यो त असफल हुन पुग्यो ।

मैले कसैलाई विश्वास गर्ने प्रयास गर्दा, घातले छेकिदियो । प्रेमको सप्तरङ्गी फूलको पुष्पगुच्छालाई आफ्नो हृदयभरि सम्हालेर बाँचिरहेको छु । म कसरी भनूँ चितामा जलिरहेको जिउँदो लाससरि जीवन जिउन बाध्य छु । कसैको मायामा आँसु बगाइरहेको छु । कर्म नै खोटो रहेछ भनेर रोइरहेछु । मैले कल्पनासमेत गरेको थिइनँ, कसैले बीच बाटोमा लगेर अलपत्र पारिदिन्छ भनेर ।

मलाई थाहा त थियो यो दुनियाँ स्वार्थी छ तर म कसैलाई त्यसको अपवाद मान्थें, अफसोच मैले विश्वासघातीलाई चिन्न सकिनँ । सायद त्यसैले होला, आज आएर मेरो कोमल आत्मामा कहिल्यै निको नहुने गरी चोट लाग्यो । अबुझ त म नै रहेछु, किनभने मैले छल्नेहरूको मनलाई बुझ्न सकिनँ माया गर्ने गल्ती गरेछु । ती पुराना दिनहरू सम्झी आँसु झारिरहेको छु । सुन्दर सपनाको महलमा पनि भावनाको आँसु भरिंदो रहेछ । चोखो र निःस्वार्थी माया र मिलनको गोरेटोमा पनि बिछोडको काँडाहरू उम्रँदो रहेछ, घडीको सुइसरि एकतर्फी रूपमा भए पनि अघि बढिरहेकी छु । यो यात्राकहाँ पुगेर अन्त्य हुने हो थाहा छैन । निन्याउरो मुहार लिएर बाँचिरहेकी छु ।

जिन्दगी भनेको मिलन र बिछोडको सँगालो रहेछ । मैले पनि यी सम्पूर्ण अवस्था पार गरेकी छु । फरक यति मात्र हुँदो रहेछ मिलनको पल अविस्मरणीय र विछोड पल भुल्न सकिने सपना हुँदो रहेछ, तर कुनै शिक्षित व्यक्तिले समाजका कालो पक्ष मानिएको जात तथा हैसियतको पछि लागेर चोखो मायालाई तिरस्कार गरी मलाइ लत्याइदियो, मेरो पवित्र प्रेमलाई टुक्र्याइदियो ।

**–काली**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..............................

उमेर : .................. उचाइ : ..................

पेसा : .................. शिक्षा : ..................

स्वभाव : .................. वैवाहिक स्थिति : ..................

अभिरुचि : .................. वर्ण : ..................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



एचपी झकारत पुनमगर हाल कक्षा १० मा अध्ययनरत छन् । ५ फिट ५ इन्च अग्ला पुनमगर गहुँगोरो वर्णका छन् । १६ वर्षीय पुनमगर नयाँ-नयाँ ठाउाको भ्रमण गर्ने अभिरुचि राख्छन् । जीवनभर साथ दिने, भावनाको नातालाई कदर गर्ने, जातीय भेदभाव नगर्ने साथीको खोजीमा रहेका पुनमगरलाई ह्वामा-५, रमाइलो बस्ती, नयाागाउा, रोल्पामा पत्राचार गर्न सकिन्छ ।



गहुँगोरो वर्णका कमल 'विरही' हँसिलो स्वभावका छन् । कक्षा १० मा अध्ययनरत कमल ५ फिट ५ इन्च अग्ला छन् । १७ वर्षीय कमल गहुँगोरो वर्णका छन् । पत्रमित्रता एवं भ्रमणमा अभिरुचि राख्ने कमल झूटो नबोल्ने, अरूको दुःखलाई आफ्नो दुःख मान्ने, भावनात्मक नातालाई सम्मान गर्ने साथीको खोजीमा छन् । कमललाई साथी बनाउन चाहनेहरूले ह्वामा-५, मिलन बस्ती, रोल्पामा पत्राचार गर्न सक्नुहुन्छ ।



हँसिलो स्वभावका भरत राई ५ फिट ४ इन्च अग्ला छन् । आईएड अध्ययनरत भरत अध्ययनमा अभिरुचि राख्छन् । १८ वर्षीय भरत गहुँगोरो वर्णका छन् । राई निःस्वार्थी, जातपातमा भेदभाव नराख्ने, धनको घमन्ड नगर्ने, पत्रमित्रतालाई निरन्तरता दिने साथीको खोजीमा छन् । राईलाई साथी बनाउन चाहनेहरूले गुदेल-५, वाफुदो, सोलुखुम्बुमा पत्राचार गर्न सक्नुहुन्छ ।



५ फिट ९ इन्च अग्ला सन्तोष खड्का हाल बीबीएस तेस्रो वर्षमा अध्ययनरत छन् । गहुँगोरो वर्णका सन्तोष हालसम्म अविवाहित नै छन् । २४ वर्षीय सन्तोष भ्रमणमा अभिरुचि राख्छन् । शान्त स्वभावका खड्का शान्त स्वभाव तथा धूम्रपान-मद्यपानको कुलतमा नफसेको साथीको खोजीमा छन् । सन्तोषलाई न्यू कञ्चन इन्टरप्राइजेज, घण्टाघर, वीरगन्जमा पत्राचार गर्न सकिन्छ ।



टीकानाथ सुवेदी ६ फिट अग्ला छन् । अध्यापन पेसामा संलग्न सुवेदी हाल स्नातक तह तेस्रो वर्षमा अध्ययनरत छन् । अविवाहित टीकानाथ हँसिलो स्वभावका छन् । गहुँगोरो वर्णका टीकानाथ धेरै साथी बनाउने अभिरुचि राख्छन् । २१ वर्षीय टीकानाथ हाल ताहाचाल-१३, काठमाडौंमा बस्छन् । सुखदुःखमा साथ दिने विशेषतः युवती साथीको खोजीमा रहेका टीकानाथलाई साथी बनाउन चाहनेहरूले santoshsubedi09@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ ।

# वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ ?

भन्न पनि लाज लाग्छ हौ सम्पादकज्यू, मेरो मनको कुरा बुझिदिनुस् न ।

**जनकऋषि राई** (१९)

दिनुपर्छ, यो मानव इतिहासको सबैभन्दा पुरानो व्यवसाय हो । हिजोआज लुकीछिपी गरिएका कर्महरूले गर्दा समाज झन् विध्वंस हुँदैछ । त्यसैले कानुनी मान्यता दिएर सरकारी नियममा राख्ने हो भने यसबाट राज्यले पनि लाभ लिन सक्छ ।

**शालिग्राम**

हुन्छ, यसले अनैतिक कार्य र अश्लिलता नियन्त्रण गर्छ ।

**दीपक गोतामे, स्याङ्जा**

दिए हुन्छ, किनभने बाध्यतावश पनि र रहर गर्नेहरू कोठीमै जाकिएका छन् र जाकिन्छन् । स्वच्छिक कुरालाई कसले नियन्त्रण गर्न सक्छ र ?

**काफ्ले, केशव** (३५), **धनकुटा**

मान्यता दिनुपर्छ नि दिइएन भने त वेश्यावृत्ति गर्नेहरूले कसरी पेट पाल्छन् ?

**प्रणय लामा** (१८)

खै के भन्ने म त दोधारमा पो छु तर यस्तो प्रश्न किन सोध्नु भएको हो ? कतै....?

**सिर्जना** (१६)

अवश्य दिनुपर्छ, जसले गर्दा बलात्कारका घटना कम हुनछन् ।

**सचिन श्रेष्ठ** (२३)

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
२. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
३. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
४. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
५. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
६. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
७. राजनीति राम्रो कि समाजसेवा ? किन ?
८. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
९. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
१०. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?



सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

What after Exam ?
उद्घोषण/ANCHORING
(RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)
The Media's Collection
Bagbazar (Opp. to Petrol Pump) Ph: 4233042
Chardobato, Banepa (opp. to Red Cross):-011-664506
Also in Pokhara and Itahari Rs. 1000/- Discount
Job opportunity for the best

मुहार केश तौल उचाई स्तन
सम्वन्धी सम्पुर्ण समस्याको समाधान
प्राकृतिक उपचार पद्धती द्वारा
मिराकल फाउण्डेशन नेपाल
बिजुलीबजार, काठमाडौं, 4780678
9851016824, 9808594757

बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत
Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
*मुहारको दाग चौया पोतो हटाउने Dr. Japan - Rs.350/-
*मुहारको चाउरीपन हटाउने Cream - Rs.1250/-
*स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
*शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
जाँड-रक्सीको कुलत बाट छुटाउने
No side effect 100% Garantee
सफल आयुर्वेदिक प्राकृतिक उपचार
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Harbal 44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, गाशाला (द्वारिका हाटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचुक उपचार
हाडजोर्नी तथा नसा — सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स
पेट संवन्धी — ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु
मानसिक — डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि ।
दिर्घरोगहरु — पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि ।
यौन — सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग नि:सन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)
सुन्दरता — अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु ।
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड
काठमाडौं फोन : ४३७९०९६, ४३७४५४८

## • यौन जिज्ञासा र समाधान •



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २७ वर्षीय विवाहित युवक हुँ । मेरी श्रीमती मभन्दा पाँच वर्ष कान्छी छिन् । हाम्रो विवाह भएको ५ वर्ष भयो । हाल हाम्रो १६ महिनाको एउटा छोरा छ । मलाई थाहा छ, यौनसम्पर्क राख्नुअघि पूर्ण रूपमा उत्तेजित हुन विभिन्न पाक्क्रीडा गर्नुपर्छ । म पनि यी सबथोक गर्छु । म झन्डै २५-३० मिनेटजति उनलाई उत्तेजित बनाउने प्रयास गर्छु, तर कुरा के भने शिशु हुनुअघि उनी पनि मजत्तिकै उत्तेजित हुन्थिन् र हामी एक-आपसमा खुबै आनन्दका साथ यौनसम्पर्क राख्थ्यौं र पूर्ण रूपमा सन्तुष्ट पनि हुन्थ्यौं । उनले सजिलैसँग कुनै पनि विधि प्रयोग नगरी शिशु जन्माएकी थिइन्, तर हिजोआज जति नै प्रयास गरे पनि उनी उत्तेजित हुन्नन्, जबरजस्ती उत्तेजित बनाउनुपर्ने हुन्छ । जसले गर्दा हालको यौनसम्पर्कबाट हामी दुवै जनाले सन्तुष्टि पाउन सकिरहेका छैनौं । उनको योनि जति उत्तेजित बनाउने प्रयास गरे पनि सुख्खा नै हुन्छ र यौन सम्पर्क राख्दा पनि सारै पीडा भयो भन्छिन् । जसका कारण हामीबीच मन मुटाव भैरहन्छ । पहिले-पहिले हामी दैनिक रूपमा यौनसम्पर्क राख्थ्यौं, तर हिजोआज दुई-तीन दिनमा एकपटक मात्र सम्पर्क राख्दा पनि उनी इच्छा नै नभएको बताउँछिन् र त्यस्तो कार्यलाई घृणाका दृष्टिले हेर्छिन् । त्यसैले अब फेरि हामीबीचमा पहिलेकै जस्तो यौनसम्पर्क राख्न र सन्तुष्टि पाउन के उपाय अपनाउनुपर्ला ? वा कुनै औषधी प्रयोग गर्नुपर्छ कि ?**

**– आर.के.**

**उत्तर** : तपाईंले पाक्क्रीडाको अभ्यास गरिरहनुभएको कुराले मलाई खुसी तुल्याएको छ । यसले तपाईं आफू मात्र होइन, आफ्नी श्रीमतीको यौनसुखका लागि पनि समर्पित हुनुहुन्छ भन्ने देखाउँछ । आशा गर्छु, त्यसलाई निरन्तरता दिनुहुनेछ ।



**सन्तान जन्मिएपछि किन यौनेच्छामा फरक पर्छ ?**

कतिपय शारीरिक वा मानसिक कारणले शिशुको जन्मपछि दम्पतीको यौनजीवनमा वा भनौं यौन क्रियाकलापमा नकारात्मक प्रभाव परिरहेको हुनसक्छ । शारीरीक कारणमा थकान, स्तनको भारीपन, पीडाजस्ता कारण प्रमुख हुन्छन् भने मानसिक वा भावनात्मक कुरामा शरीरको विम्ब, निराशाजस्ता कुराले प्रभाव पारिरहेको हुन्छ । शिशुको जन्म आफैंमा सुखद पक्ष भए पनि शिशु जन्मिएका सुरुका महिनाहरू तनावमूक्त भने हुँदैनन् । यसबेला आफैंमा बाझिने किसिमका भावनाहरू आउन सक्छन् ।

प्रसवको तुरुन्तैपछिको थकाइ मात्र होइन, शिशुको हेरचाहको जिम्मेवारी प्राकृतिक रूपमै छ भने सुत्केरी अवस्थामा नै पनि 'बुहारी' महिलाले कतिपय घरेलु कार्यमा लाग्नुपर्ने हुन्छ । अर्को कुरा, गर्भावस्था नै सुरु भए पनि सुत्केरी अवस्थामा स्तनहरू भारी हुनुका साथै केही पीडा पनि हुनसक्छ । यस्तो बेलामा महिलाको स्तनको स्पर्शप्रतिको प्रतिक्रिया पनि फरक हुनसक्छ । प्रसवको बेलामा योनिद्वार ठूलो बनाउने शल्यक्रिया वा शिशु निस्कने क्रममा योनि वा भगक्षेत्रमा लागेको चोटपटकले होस् वा शल्यक्रिया वा च्यातिएको सिलाउँदाको टाँका होस्, पीडाको कारण हुनसक्छ । शल्यक्रिया गरेर शिशु जन्माइएको स्थितिमा पनि पेट चिरेको स्थानको घाउमा पीडा हुनसक्छ । तपाईंकी श्रीमतीको सन्दर्भमा यी कुरा लागू भएन ।

**यौनसम्पर्कमा पीडा**

सामान्यत: यौनसम्पर्क सुखमय हुनुपर्ने हो र यसमा नै सायद मानिसलाई सर्वोकृष्ट सुख प्राप्त हुने भएकाले चरमसुख पनि भनिन्छ । कतिपय कारणले यौनसम्पर्क पीडायुक्त हुनपुग्छ । पीडादायक तथा अपठचारो यौनसम्पर्कलाई चिकित्सीय भाषामा Dyspareunia भनिन्छ । यौनसम्पर्क पीडादायक हुने प्रमुख कारण योनि सुख्खा हुनु हो । एलर्जीको औषधीले मुख मात्र सुख्खा गराउने होइन, योनि पनि सुख्खा गराउन सक्छ । त्यसैगरी मधुमेह, योनिको संक्रमण वा शोथ वा महिला हार्मोनको कमी यसका कारण हुनसक्छन् । योनिद्वार वा भगक्षेत्रमा छालाको समस्या हुनसक्छ । त्यसैगरी भगांकुरको संक्रमण वा शोथमा पनि यौनसम्पर्क पीडादायक हुनसक्छ । योनिद्वार वा Bartholin's Gland को संक्रमण पनि पीडाको कारण हुनसक्छ । योनिको संक्रमण वा कुनै रसायनका कारणले शोथ भएको छ भने पनि पीडा त हुने नै भयो ।

त्यसैगरी पाठेघरको मुख वा पाठेघरको संक्रमण वा अन्य खराबी पनि यौनसम्पर्क गर्दा दुख्ने कारण बन्न सक्छन् । यीमध्ये कुनै पनि कुराको शंका छ भने एकपल्ट स्त्रीरोग विशेषज्ञसँग सम्पर्क राखी रोगको निदान गर्नु बेस होला । फेरि यौनसम्पर्कका बारेमा तनाव बढी लिइए वा चिन्ता गरिए योनिमा बढी पीडा अनुभव हुनसक्छ । योनिको मांसपेशी कडा हुँदा पनि पीडा हुन्छ । धेरैजसो अवस्थामा भयातुर वा डर नै यसको कारण बनेको हुन्छ । यौनसम्पर्क शारीरिक तथा मानसिक रूपमा पीडादायक भएको स्थितिमा लामो समयसम्म त्यसको असर रहन सक्छ । सुत्केरीपछिको तपाईंहरूको पहिलो यौनसम्पर्कको अनुभव कस्तो रह्यो केही लेख्नुभएको छैन । पीडादायक भएको भए त्यसको असर पर्छ । त्यसैले यहाँ कुनै डर वा भय छ भने पत्ता लगाई त्यसलाई हटाउनु आवश्यक छ ।

**के श्रीमतीलाई जबरजस्ती गर्न पाइन्छ ?**

तपाईंले के-कस्तो जबरजस्ती गर्नुभयो, थाहा भएन । धेरैको सोच त्यसो गर्न पाइन्छ भन्ने हुन सक्छ, तर यथार्थमा होइन । श्रीमतीलाई जबरजस्ती गर्नु वैवाहिक बलात्कार हो र त्यसलाई अपराध मानिन्छ । अन्य कतिपय मुलुकजस्तै नेपालमा सर्वोच्चले अपराधका रूपमा परिभाषित गर्दै महिला अधिकारको क्षेत्रमा अग्रगामी कदम चालेको छ, तर सामाजिक परिवर्तन हुन लामै समय लाग्ने देखिन्छ । श्रीमान्सँग अन्तरङ्ग सम्बन्ध हुने, प्रेम मात्र हुने होइन, जिन्दगीका सु:ख-दु:खका क्षण साथसाथै बिताइएका हुने, आफ्ना बालबच्चाको पिता वा अभिभावक पनि उनै हुने र साथै बस्ने हुनाले यसको व्यवस्थापन जटिल हुन्छ । त्यसैले विशेष चनाखो हुनुपर्छ ।

समाधान वास्तवमा सजिलो कुरा होइन । यो कुनै एक व्यक्तिलाई आक्कल-झुक्कल हुने समस्या जस्तो देखिए पनि बृहत्तर महिलाको स्तरमा पुरुषसँगको समानताको कुरासँग जोडिएकाले समाजको मूल्य-मान्यतामै परिवर्तनको आवश्यकता छ, तर त्यसका लागि समय लाग्छ । श्रीमतीसँग किन यस्तो भएको भनेर तनावरहित परिस्थितिमा कुराकानी गर्नुहोस् । आवश्यक परे चिकित्सकको सेवा पनि लिनुहोस् ।

Asian Sky Shop का सामानहरु र टि.भि.मा देखिाइने सामानहरु पाईन्छ ।
शक्ति सम्बृद्धिको लागि हर समस्या, हर रोगबाट छुटकारा दिलाउने नजर कबज साथमा त्रिस्टल र हरेक लकेटहरु पाईन्छ ।साथमा चुरोट, जाडँ, रक्सीको नशाबाट छुटकारा दिलाइन्छ ।
यौन बर्धक भिटामिन, कर्डी सेप, यार्सागुम्बा सेक्स पावर बढाउने रु. ३६९९।-
कपाल उमार्ने तेल | अनुहार उज्यालो बनाउने क्रिम | अनावश्यक रौं हटाउने
हात खुट्टा पैताला फुटेको लागि अचूक उपचार | ५ मिनेटमै गाडिको दाग मेटाउने
Slim/Beautiful/Young/Smart 100% Guaranted & Naturally 0% Side Effect
Health & Physical Problem ?
100% Sliming & Good Looking को लागि हर्बल पद्वती एक महिनामा १५ के.जी मोटोपन घटाउने, हाईट बढाउने १ महिनामा १५० से.मी. देखि १८० से.मी., अनुहारको समस्याहरु चायाँ पोतो, दाग र अनुहार उज्यालो गोरोबनाउने, घुमेको सुन्दरता फिर्ता, चाउरीपन हटाउने, पेटको धर्सा मेटाउने, स्लीम, हिप थाई, पेट १ दिनमा नै ५ ईन्च कम हुने मोटाउने औषधि १ महिनामा १० देखि १२ केजी बढाउने १० वर्ष उमेर कम देखाउने योङ बनाउने
Male & Female SEX PROBLEM ?
स्तन, गुप्ताङ्ग टाईट एक दम फिट 100 % ग्यारेण्टी
Handsome Up लिङ्गको लम्बाई र मोटाई बढाउने अमेरिकन प्रोडक्ट
पहिले ९० के.जी. 51 cm BEFOR
अहिले ६६ के.जी. 35 c (मात्र के दिनमा) AFTER
कोरियन स्प्रे एण्ड सेक्स पावर जेल रु. २१००।-
If u any sexual problem plz contact (Male & Female)
Japanes Oil 300/-
होम डेलिभरी ९८४९०३०७३४ हट लाइन ०१-४३५४९८५ ९८०८५०३५४०
हेल्दी होम फिटनेश एण्ड ब्यूटी क्लब गणेशस्थान रोड, गोंगबु
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
- 5 in a Magic Sofa & Air
- Rocket Excersice Machine
- Body Bath Steamer
- AB King pro
- Exercise सामानहरु
मोटोपना घटाउने १ महिनामा १५ के.जी (44 cm - 13 cm = 31 cm)

पासहुनेनैगरी पढ्न आउनुहोस् ।
भर्ना खुल्यो - 2067
समय: बिहान/दिउँसो/बेलुका
माध्यम: अंग्रेजी/नेपाली
PRIVATE/OPEN { TEST/SLC/Exempted, I.A, I.Com, B.A, M.A, M.P.A
REGULAR Tuition & Coaching { SLC,PCL,+2, Bachelor & Master
गृहिणी/उमेर नाघेका/जागिर खाँदा खाँदै पढ्ने इच्छा भएका समेत बेलैमा शैक्षिक परामर्शकसाथ अभिभावक-विधार्थी-अनुभवी शिक्षकहरूको प्रयासबाट छोटो समयमै पासहुनेनैगरी Capsule कक्षामा पढ्न आउनुहोस।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, ✆ 01-4422105




# उत्तर कोरियाका दर्शक को हुन् ?



देशबाट बाहिर जान हम्मे पर्ने उत्तर कोरियालीको विश्वकप फुटबलमा देखिएको बाक्लो समर्थकले अहिले सबैको ध्यान आकृष्ट गरेका छन् । देशका सम्पूर्ण नागरिकको गतिविधिलाई गोप्य निगरानीमा राख्न सफल उत्तर कोरियाको समर्थनमा दर्शक कसरी रंगशालामा देखा परे भन्ने विषय अहिले विश्वकपका दर्शकबिच सर्वाधिक चर्चाको विषय भएको छ ।

उत्तर कोरियाले जसरी आफ्नो टिमलाई अन्तिम समयसम्म गोप्य राख्यो, अहिले उनीहरूको समर्थनमा दक्षिण अफ्रिका पुगेका दर्शक पनि रहस्यमय छन् । यही रहस्यका कारण उनीहरूका बारेमा विभिन्न कथन दक्षिण अफ्रिकामा चर्चामा छन् । कोही भन्छन्– उनीहरू चीनमा सैनिक अभ्यास गर्न गएका व्यक्तिहरू हुन् । चीनमा भएको अवसर छोपेर उनीहरू दक्षिण अफ्रिका आएका हुन् । कोही भन्छन्– जापानमा ६ लाखको हाराहारीमा बसोबास गरिरहेका उत्तर कोरियाका बासिन्दाले ५ हजार पाउन्ड दिएर दक्षिण अफ्रिका आउन पाएका हुन् । कोही भन्छन्– उनीहरूले किम जोङ दोस्रोको इच्छाअनुसार दक्षिण अफ्रिका जान पाएका हुन् । यो कुरामा भने कसैले विश्वास गरेका छैनन् । यसबीच किम योङ चुलले आफ्नो देशका समर्थकहरूका बारेमा प्रस्टयाउँदै भने– उनीहरू उत्तर कोरियाका सैनिक हुन् । उनीहरूको छनौट गरेर हामीले टिमको समर्थन गर्न दक्षिण अफ्रिका पठाएका हौं । किमको यो भनाइ आएपछि चीनमा गएका उत्तर कोरियाको गायन र नृत्यका दुई समूहले दक्षिण अफ्रिकामा समर्थन गर्न चाहेको कारण पठाएको बतायो भने जापानले आफ्नो देशमा बसेका उत्तर कोरियाका बासिन्दाले दक्षिण अफ्रिका गएर समर्थन गर्न चाहेका कारण पठाएको बतायो । उत्तर कोरिया फुटबल एसोसिएसनले भने टिमको समर्थनमा जान चाहनेहरूलाई व्यवस्था मिलाएको बतायो ।

दक्षिण अफ्रिका जाने उत्तर कोरियालीहरूका बारेमा जे-जस्तो चर्चा भए पनि उनीहरू दक्षिण अफ्रिकामा कसरी बसिरहेका छन् भन्ने कुराले पनि चर्चा पाउने गरेको छ । कोही भन्छन्– उनीहरू उत्तर कोरियाली टिम बसेकै होटेलमा छन् । उत्तर कोरियाली बसेको होटलका सुरक्षाकर्मीहरूका अनुसार उक्त होटलमा कुनै पनि समर्थक बसेका छैनन् । टिमको रूपमा बसेका उत्तर कोरियाली समर्थन प्योङयाङबाटै आएको स्थानीय राजदूतावासले जनाएको छ, उनीहरू दक्षिण अफ्रिकामा रहेको तर कहाँ बसेको भन्ने विषयमा कुनै जानकारी नभएको राजदूतावासका अधिकारीले बताए ।

# कन्डमको बिक्री ह्वात्तै बढ्यो



दक्षिण कोरियाले विश्वकपको पहिलो खेलमा ग्रीसलाई २-० ले पराजित गर्दा स्थानीय बजारमा विभिन्न सामग्रीको कारोबार ह्वात्तै बढेको छ । सन् २००४ को युरो फुटबल विजेताविरुद्धको पहिलो खेल हेर्न सियोलका विभिन्न चोकमा २ लाखभन्दा बढी फुटबलका प्रशंसक भेला भएका थिए । रातो टिसर्ट लगाएका प्रशंसकहरूले आफ्नो देशले पाएको सफलतामा रमाउन खाद्यलगायत विभिन्न सामग्रीको खरिदमा वृद्धि गरेका थिए । दक्षिण कोरियाको बोकवाङ फ्यामिली मार्टका अनुसार दक्षिण कोरियाले सफलता पाएपछि खेलसामग्री खरिदमा पनि दोब्बर वृद्धि भएको थियो । यसैगरी स्थानीय पसलहरूमा बियरको बिक्री तेब्बर र स्न्याक्सहरूको बिक्री दोब्बर भएको थियो । अझ दक्षिण कोरियाले सफलता पाएपछि दर्शकमा छाएको खुसी र उमंगका कारण कन्डमको कारोबार पाँच गुणाले वृद्धि भएको थियो । स्थानीय व्यापारीहरूले सन् २००६ को विश्वकपभन्दा यसपटक कन्डमको बिक्री पनि बढी भएको बताएका थिए ।



# बिकिनीबाट स्वीटर



विश्वकपको पहिलो चरणका खेलहरूमा बिकिनी लगाएर आफ्नो टिमलाई समर्थन गरिरहेका युवती प्रशस्तै देखिँदै आए पनि लिग चरणको समाप्तिमा आइपुग्दा पहिले बिकिनी लगाएर रंगशालामा पुग्ने युवतीहरू बाक्लो लुगा लगाउन थालेका छन् । दक्षिण अफ्रिकामा जाडो बढ्दै गएको छ । विश्वकपको उद्घाटनदेखि नै त्यहाँको मौसम चिसो हुँदैछ । फिफाले यसअघि सन् १९७८ मा अर्जेन्टिनामा विश्वकप प्रतियोगिता आयोजना गर्दा त्यहाँ पनि जाडो थियो । त्यसपछि अहिले दक्षिण अफ्रिकामा आयोजित विश्वकप पनि जाडो मौसममै परेको छ । अन्य विश्वकप प्रतियोगिता भने गर्मी महिनामा सम्पन्न भएका छन् ।

# गुगल सर्चमा रोनाल्डो अघि



दक्षिण अफ्रिकामा विश्वकप फुटबल प्रतियोगिता प्रारम्भ भएपछि गुगल सर्च इन्जिनमा सर्वाधिक खोजिएका व्यक्ति पोर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डो भएका छन् । पोर्चुगलका कप्तान रोनाल्डोका बारेमा जानकारी लिन गुगल सर्च इन्जिनमा सर्वाधिक पटक नाम टाइप गरिएको जानकारी गुगलले आफ्नो ब्लगमा जनाएको छ । गुगलको उक्त ब्लगका अनुसार रोनाल्डो पछि ब्राजिलका काका, इङ्ल्यान्डका वाइने रुनी, अर्जेन्टिनाका लियोनल मेस्सी र नेदरल्यान्डका वेस्ले स्नाइडरको नाम पनि बढी टाइप गरिने खेलाडीको सूचीमा छ । गुगलका अनुसार अनलाइनका प्रयोगकर्ताहरूबीच नेदरल्यान्डका घाइते खेलाडी अर्जेन रोबेनको नाम पनि बढी देखिएको छ ।

## ● विश्वकप डायरी ●



# मिनिस्कर्ट ग्रुपको तहल्का

यसपटकको विश्वकपको आधिकारिक बियरको मान्यता पाउन अमेरिकी बियर कम्पनी बडवाइजरले फिफालाई लाखौं डलर दिएको थियो । यो मूल्यको सर्त भनेकै विश्वकपका बेला बडवाइजरका बियरले प्रचार-प्रसार पाउनु र रंगशालाका दर्शकले त्यसको मात्र सेवन गर्न पाउनु हो, तर हल्यान्ड र डेनमार्कबीच भएको खेलमा हल्यान्डको समर्थनमा रंगशालाभित्र प्रवेश गरेका ३६ जना मिनिस्कर्ट लगाएका डच युवतीले वाभारिया बियरको प्रचार गरे । उनीहरूको यो एम्बुस मार्केटिङको विरोध गरेपछि उक्त समूहका दुई युवतीलाई स्थानिय प्रहरीले पक्राउ गरेर फिफा र आयोजकबीच भएको सम्झौता उल्लंघन गरेको विरुद्ध मुद्दासमेत दायर गर्‍यो । अहिले आएर फिफाले हल्यान्डका युवतीहरूविरुद्ध लगाएको मुद्दा फिर्ता लिएको छ । फिफाका प्रवक्ता थुन्जी मागाले भने- 'यो विषयमा फिफाको कुनै चासो छैन र हामीले यो विषयमा हल्यान्डका युवतीहरूसँग विवाद गर्ने होइन । हामीले यो विषयमा लिखित स्पष्टीकरणका लागि वाभारिया बियर कम्पनीलाई पत्राचार गरिसकेका छौं ।

# मेरो भन्नु छ...

तिमीहरूले फ्रान्सको इज्जत घुमिल बनायौ र यसले फ्रान्सको नैतिकतामा ठूलो क्षति पुर्‍याएको छ । यस्तो कार्यले तिमीहरू फ्रान्सका बालबालिकाहरूको नजरमा कहिल्यै नायक हुन सक्दैनौ ।

**निकोलस एलेन्कालाई प्रशिक्षकसँग मुख लागेको अभियोगमा टिमबाट निष्कासन गरिएपछि बाँकी खेलाडीले प्रशिक्षण बहिष्कार गरेपछि फ्रान्सका खेलकुद मन्त्री रोसिलिन बाचेल्टो**

हामी फिफाका रेफ्रीहरूले गरेको निर्णयप्रति सन्तुष्ट छौं ।

**ब्राजिलका प्लेमेकर काकालाई रातो कार्ड दिएर निकालेपछि रेफ्रीको समर्थन गर्दै फिफाका रेफ्री प्रमुख जोसो मार्सिया गार्सिया**

मलाई किन रातो कार्ड देखाएर निष्कासन गरियो भन्ने विषयमा म केही बोल्न चाहन्नँ । यो त भिडियोको दृश्यले नै बताउनेछ ।

**ब्राजिलका प्लेमेकर काका रातो कार्ड पाएर निष्कासित भएपछि ।**




# विश्वकप फुटबल
# २०१० का खेलहरू

**खेल नम्बर-१५**

**होन्डुरसविरुद्ध चिली**

समूह एचको पहिलो खेलमा चिलीले होन्डुरसलाई शून्यका विरुद्ध १ गोलले पराजित गरेको थियो। चिलीका लागि एक मात्र गोल खेलको ३४ औं मिनेटमा हुवाँ ब्युजरले गरेका थिए। उक्त खेलमा होन्डुरसका विल्सन पालासियोस र चिलीका कार्लोस कारामोना तथा माटिज फर्नान्डेजलाई पहेलो कार्ड देखाइएको थियो। यो खेलका लागि चिलीका हुवाँ ब्युजर म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-१६**

**स्पेनविरुद्ध स्वीजरल्यान्ड**

समूह एचको दोस्रो खेलमा स्वीजरल्यान्डले स्पेनलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्‍यो। स्वीजरल्यान्डका लागि एक मात्र गोल खेलको ५२ औं मिनेटमा गेल्सन फर्नान्डेजले गरेका थिए। यो खेलमा स्वीजरल्यान्डका डिएगो बेनाजियो, स्टेफन ग्रिचटिङ, रेटो जेग्लर तथा हकन याकिनलाई पहेलो कार्ड देखाइएको थियो। यो खेलका लागि स्वीजरल्यान्डका गेल्सन फर्नान्डेज म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-१७**

**दक्षिण अफ्रिकाविरुद्ध उरुग्वे**

समूह एको तेस्रो खेलमा उरुग्वेले आयोजक दक्षिण अफ्रिकालाई शून्यका विरुद्ध ३ गोलले पराजित गर्‍यो। उरुग्वेका लागि यो खेलमा डिएगो फोर्लानले २४ औं तथा ८० औं मिनेटमा र अल्भारो परेराले इन्ज्युरी टाइमको ५ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा दक्षिण अफ्रिकाका कागिसो डिक्गाकोइ र स्टेभन पिनारलाई पहेलो कार्ड देखाइएको थियो भने इतुमेलेन खुनेलाई रातो कार्ड देखाइएको थियो। यो खेलका लागि उरुग्वेका डिएगो फोर्लान म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-१८**

**फ्रान्सविरुद्ध मेक्सिको**

समूह एको चौथो खेलमा मेक्सिकोले फ्रान्सलाई शून्यका विरुद्ध २ गोलले पराजित गर्‍यो। मेक्सिकोका लागि यो खेलमा जाभियर हर्नान्डेजले ६४ औं मिनेट तथा काउथेमोक ब्ल्यांकोले ७९ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा फ्रान्सका एरिक अबिदाल र जेरेमी ताउलान तथा उरुग्वेका हेक्टर मोरेनो, फ्रान्सिस्को रोड्रिगुएज, इफ्रान ज्वारेज र गुल्लेर्मो फ्र्यांकोलाई पहेंलो कार्ड देखाइएको थियो। यो खेलका लागि मेक्सिकोका जाभियर हर्नान्डेज म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-१९**

**ग्रीसविरुद्ध नाइजेरिया**

समूह बीको तेस्रो खेलमा ग्रीसले नाइजेरियालाई १ का विरुद्ध २ गोलले पराजित गर्‍यो। ग्रीसका लागि यो खेलमा दिमित्रि साल्पिगिडिसले ४४ औं मिनेट तथा भासिलिस टोरोसिडिसले ७१ औं मिनेटमा गोल गरेका थिए भने नाइजेरियाका लागि एकमात्र गोल कालू उचेले १६ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा ग्रिसका सोक्रेटिस पापास्थाथोपाउलोस, एलेक्स्यान्ड्रोस जियोलिस र जर्जियोस सामारास तथा नाइजेरियाका चिनेदु ओवासीलाई पहेंलो कार्ड देखाइएको थियो भने नाइजेरियाका सानी काइतालाई रातो कार्ड देखाइएको थियो। यो खेलका लागि नाइजेरियाका भिन्सेन्ट इनिमा म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२०**

**अर्जेन्टिनाविरुद्ध दक्षिण कोरिया**

समूह बीको चौथो खेलमा अर्जेन्टिनाले दक्षिण कोरियालाई १ का विरुद्ध ४ गोलले पराजित गर्‍यो। अर्जेन्टिनाका लागि यो खेलमा गोन्जालो हिग्विनले ह्याट्रिक गर्दै खेलको ३३ औं, ७६ औं र ८० औं मिनेटमा गोल गरेका थिए भने दक्षिण कोरियाका पार्क चु योङले १७ औं मिनेटमा आत्मघाती गोल गरेका थिए। यो प्रतियोगिताको दोस्रो आत्मघाती गोल थियो। यसैगरी यो खेलमा दक्षिण कोरियाका ली चोङ योङले पहिलो हाफको अतिरिक्त समयमा गोल गरेका थिए। यो खेलमा अर्जेन्टिनाका जोनास गुटिरेज, ग्याब्रियल हेन्ज र ज्याभियर मास्चेरानो तथा दक्षिण कोरियाका ली चुङ योङ र योम कि हुनलाई पहेंलो कार्ड देखाइएको थियो। यो खेलका लागि अर्जेन्टिनाका गोन्जालो हिग्विन म्यान अफ दि म्याच घोषित भए।



**खेल नम्बर-२१**

**जर्मनीविरुद्ध सर्बिया**

समूह डीको तेस्रो खेलमा सर्बियाले जर्मनीलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्‍यो। सर्बियाका लागि यो खेलमा एक मात्र गोल खेलको ३८ औं मिनेटमा मिलान जोभानोभिचले गरेका थिए। यो खेलमा जर्मनीका मिरोस्लाभ क्लोस खेलको १२ औं र ३७ औं मिनेटमा प्राप्त दुई पहेंलो कार्डका कारण रातो कार्ड पाई निष्कासित भए भने फिलिप ल्याम, सामी खेडिरा र बास्टियन स्वेनस्टेगर तथा सर्बियाका ब्रानिस्लाभ इभानोभिक, नेमेन्जा भिडिक, नेभेन सुबोटिक र एलेक्जेन्डर कोलारोभलाई पहेंलो कार्ड देखाइएको थियो। यो खेलका लागि सर्बियाका भ्लादिमिर स्टोज्कोभिक म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२२**

**स्लोभेनियाविरुद्ध अमेरिका**

समूह सीको तेस्रो खेल स्लोभेनिया र अमेरिकाबीच २-२ गोलको बराबरीमा टुङ्गिएको थियो। यो खेलमा स्लोभेनियाका लागि खेलको १३ औं मिनेटमा भाल्टर बिर्सा र ४२ औं मिनेटमा ज्लाटन लुभजानिककले गोल गरेका थिए भने अमेरिकाका लागि खेलको ४८ औं मिनेटमा ल्यान्डोन डोनोभान र ८२ औं मिनेटमा माइकल ब्राडलेले गोल गरेका थिए। यो खेलमा स्लोभेनियाका मार्को सुलर, बोस्टान सिजर, बोजान जोभिक र आन्द्रेज किमले तथा अमेरिकाका रोबी फिन्डलेले पहेंलो कार्ड पाएका थिए। यो खेलका लागि अमेरिकाका ल्यान्डोन डोनोभान म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२३**

**इङ्ल्यान्डविरुद्ध अल्जेरिया**

समूह सीको चौथो खेल इङ्ल्यान्ड र अल्जेरियाबीच गोलरहित बराबरीमा टुङ्गिएको थियो। यो खेलमा इङ्ल्यान्डका जेमी काराघार र अल्जेरियाका मेहदी लासेनले पहेंलो कार्ड पाएका थिए। यो खेलका लागि इङ्ल्यान्डका एस्ले कोल म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२४**

**घानाविरुद्ध अस्ट्रेलिया**

समूह डीको चौथो खेल घाना र अस्ट्रेलियाबीच १-१ गोलको बराबरीमा टुङ्गिएको थियो। यो खेलमा अस्ट्रेलियाका लागि खेलको ११ औं मिनेटमा ब्रेट होल्म्यानले र घानाका लागि २५ औं मिनेटमा आसामोह ग्यानले पेनाल्टीमार्फत गोल गरेका थिए। यो खेलमा अस्ट्रेलियाका हेरी केभेलले रातो कार्ड पाए भने केग मुरले पहेलो कार्ड पाए। यसैगरी घानाका जोनाथन मेन्सा, ली एडी र एन्थोनी अनानले पनि पहेंलो कार्ड पाए। यो खेलका लागि घानाका आसामोह ग्यान म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२५**

**जापानविरुद्ध नेदरल्यान्ड**

समूह ईको तेस्रो खेलमा नेदरल्यान्डले जापानलाई शून्यका विरुद्ध १ गोलको पराजित गरेको थियो। यो खेलमा नेदरल्यान्डका लागि वेस्ले स्नाइडरले खेलको ५३ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा नेदरल्यान्डका ग्रेगोरी भ्यान डेर विल्सलाई पहेलो कार्ड देखाइएको थियो। यो खेलका लागि नेदरल्यान्डका वेस्ले स्नाइडर म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२६**

**क्यामरुनविरुद्ध डेनमार्क**

समूह ईको चौथो खेलमा डेनमार्कले क्यामरुनलाई १ का विरुद्ध २ गोलको पराजित गरेको थियो। यो खेलमा डेनमार्कका लागि निक्लास बेन्टनरले खेलको ३३ औं मिनेटमा र डेनिस रोमेडलले ६१ औं मिनेटमा गोल गरेका थिए भने क्यामरुनका लागि स्यामुयल इटोले १० औं मिनेटमा गोल गरेका थिए। यो खेलमा क्यामरुनका स्टेफन बिया र सेबास्टिन बासोन तथा डेनमार्कका थोमस सोरेन्सन र सिमोन जारलाई पहेलो कार्ड देखाइएको थियो। यो खेलका लागि डेनमार्कका ड्यानियल एगर म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२७**

**स्लोभाकियाविरुद्ध पाराग्वे**

समूह एफको तेस्रो खेलमा पाराग्वेले स्लोभाकियालाई शून्यका विरुद्ध २ गोलको पराजित गरेको थियो। यो खेलमा पाराग्वेका लागि एनरिक भेराले खेलको २७ औं मिनेटमा र क्रिस्टियन रिभेरोले ८६ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा स्लोभाकियाका जान ड्युरिका, स्ट्यानिस्लाभ सेस्टेक र भ्लादिमिर विज तथा पाराग्वेका एनरिक भेरालाई पहेंलो कार्ड देखाइएको थियो। यो खेलका लागि पाराग्वेका एनरिक भेरा म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२८**

**इटालीविरुद्ध न्युजिल्यान्ड**

समूह एफको चौथो खेल इटाली र न्युजिल्यान्डबीच १-१ गोलको बराबरीमा टुङ्गिएको थियो। यो खेलमा न्युजिल्यान्डका सेन स्मेल्जले खेलको ७ औं मिनेटमा र इटालीका लागि भिसेन्जो इक्विन्टाले २९ औं मिनेटमा पेनाल्टीमार्फत गोल गरेका थिए। यो खेलमा न्युजिल्यान्डका रायन नेल्सन, टोमी स्मिथ र रोरी फालोनलाई पहेलो कार्ड देखाइएको थियो। यो खेलका लागि इटालीका ड्यानियल डे रोस्सी म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-२९**

**ब्राजिलविरुद्ध आइभोरिकोस्ट**

समूह जीको तेस्रो खेलमा ब्राजिलले आइभोरिकोस्टलाई १ का विरुद्ध ३ गोलले पराजित गरेको थियो। यो खेलमा ब्राजिलका लागि लुइस फाबियानोले खेलको २५ औं र ५० औं मिनेटमा तथा इलानोले ६२ औं मिनेटमा गोल गरेका थिए भने आइभोरिकोष्टका लागि डिडियर ड्रोग्बाले ७९ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा ब्राजिलका काकाले दुई पहेलो कार्डसहित रातो कार्ड पाए भने आइभोरिकोस्टका स्लाका तिने, स्माइल टोटे र कादेर किताले पहेंलो कार्ड पाए। यो खेलका लागि ब्राजिलका लुइस फाबियानो म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-३०**

**पोर्चुगलविरुद्ध उत्तर कोरिया**

समूह जीको चौथो खेलमा पोर्चुगलले उत्तर कोरियालाई शून्यका विरुद्ध ७ गोलले पराजित गर्‍यो। यो खेलमा पोर्चुगलका राउल मिर्लेस, सिमाओ सब्रोसा, ह्युगो अल्मेडा, टेगो मेन्डेज, लेड्सन तथा क्रिस्टियानो रोनाल्डोले क्रमशः २९ औं, ५३ औं, ५६ औं, ६० औं र ८९ औं, ८१ औं र ८७ मिनेटमा गोल गरेका थिए। यो खेलमा पोर्चुगलका पेड्रो मेन्डेज र ह्युगो अल्मेडा तथा उत्तर कोरियाका होङ योङ जो र पार्क चोल जिनलाई पहेंलो कार्ड देखाइयो। यो खेलका लागि पोर्चुगलका क्रिस्टियानो रोनाल्डो म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-३१**

**चिलीविरुद्ध स्वीजरल्यान्ड**

समूह एचको तेस्रो खेलमा चिलीले स्वीजरल्यान्डलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्‍यो। यो खेलमा चिलीका मार्क गोन्जालेजले ७५ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा स्वीजरल्यान्डका भेलोन बेरामीलाई रातो कार्ड देखाइयो भने गोखान इन्लर, ब्लासी क्रुफो, ट्रान्क्विलो ब्रनेट तथा चिलीका गेरी मेडेल, वाल्डो पोन्स, कार्लोस कार्मोना, माटियास फर्नान्डेज, हम्बेर्टो स्विजो र जर्ज भाल्डिभियालाई पहेंलो कार्ड देखाइयो। यो खेलका लागि चिलीका मार्क गोन्जालेज म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-३२**

**स्पेनविरुद्ध होन्डुरस**

समूह एचको चौथो खेलमा स्पेनले होन्डुरसलाई शून्यका विरुद्ध २ गोलले पराजित गर्‍यो। यो खेलमा स्पेनका डेभिड भिल्लाले १७ औं र ५१ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा होन्डुरसका इमिलो जाभिरा र ड्यानिलो टाउसियोलाई पहेंलो कार्ड देखाइयो। यो खेलका लागि स्पेनका डेभिड भिल्ला म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर-३३**

**मेक्सिकोविरुद्ध उरुग्वे**

समूह एको पाँचौं खेलमा उरुग्वेले मेक्सिकोलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्‍यो। यो खेलमा उरुग्वेका लुइस अल्बर्टो स्वारेजले ४३ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा मेक्सिकोका इजरायल क्यास्ट्रो र जाभियर हर्नान्डेज तथा उरुग्वेका जर्ज फ्युसिलेलाई पहेंलो कार्ड देखाइयो। यो खेलका लागि उरुग्वेका लुइस अल्बर्टो स्वारेज म्यान अफ दि म्याच घोषित भए। यो खेलको नतिजापछि उरुग्वे र मेक्सिको दुवै समूह एबाट दोस्रो चरणमा पुगे।

**खेल नम्बर-३४**

**दक्षिण अफ्रिकाविरुद्ध फ्रान्स**

समूह एको छैटौं खेलमा दक्षिण अफ्रिकाले फ्रान्सलाई १ का विरुद्ध २ गोलले पराजित गर्‍यो। यो खेलमा दक्षिण अफ्रिकाका बोन्गानी खुमालोले २० औं मिनेटमा र काट्लेगो फेलाले ३७ औं मिनेटमा गोल गरेका थिए भने फ्रान्सका फ्लोरेन्ट मालोडाले ७० औं मिनेटमा गोल गरेका थिए। यो खेलमा फ्रान्सका योयान गोर्कुफलाई रातो कार्ड देखाइयो भने अबाउ दाइबीलाई पहेंलो कार्ड देखाइयो। यो खेलका लागि दक्षिण अफ्रिकाका काट्लेगो फेला म्यान अफ दि म्याच घोषित भए। यो खेलको नतिजापछि फ्रान्स र दक्षिण अफ्रिका दुवै विश्वकपबाट बाहिरिए।

**खेल नम्बर-३५**

**नाइजेरियाविरुद्ध दक्षिण कोरिया**

समूह बीको पाँचौं खेलमा दक्षिण कोरियाले नाइजेरियासाग २-२ गोलको बराबरी खेलेपछि दोस्रो चरणमा प्रवेश पायो। यो खेलमा दक्षिण कोरियाका ली जुङ सुले ३८ औं मिनेटमा र पार्क चु योङले ४९ औं मिनेटमा गोल गरेका थिए भने नाइजेरियाका लागि १२ औं मिनेटमा कालु उचे र ६९ औं मिनेटमा याकुव एग्बेनीले पेनाल्टीमार्फत गोल गरेका थिए। यो खेलमा नाइजेरियाका भिन्सेन्ट इनिमा, यीला युसुफ, चिनेदु ओवासी तथा दक्षिण कोरियाका किम नाम इललाई पहेंलो कार्ड देखाइयो। यो खेलका लागि दक्षिण कोरियाका पार्क जि सुङ म्यान अफ दि म्याच घोषित भए। यो खेलको नतिजापछि नाइजेरिया विश्वकपबाट बाहिरियो।

**खेल नम्बर-३६**

**ग्रीसविरुद्ध अर्जेन्टिना**

समूह बीको छैटौं खेलमा अर्जेन्टिनाले ग्रीसलाई शून्यका विरुद्ध २ गोलले पराजित गरेको थियो। यो खेलमा अर्जेन्टिनाका मार्टिन डेमिचिलीले ७७ औं मिनेटमा र मार्टिन पालेर्मोले ८९ औं मिनेटमा गोल गरेका थिए। यो खेलमा ग्रीसका कोस्टास कात्सोरानिज र अर्जेन्टिनाका मारियो बोलाटीलाई पहेंलो कार्ड देखाइयो। यो खेलका लागि अर्जेन्टिनाका लियोनेल मेस्सी म्यान अफ दि म्याच घोषित भए। यो खेलको नतिजापछि अर्जेन्टिना दोस्रो चरणमा प्रवेश गर्‍यो भने ग्रीस विश्वकपबाट बाहिरियो।




वर्तमान विश्वकप विजेता इटालीलाई १-१ गोलको बराबरीमा रोकेर न्युजिल्यान्डले विश्वकपमा आश्चर्यजनक नतिजा निकाल्यो। १/१ अंकको बराबरी गर्न सफल भएको न्युजिल्यान्डले आफूले जितेको महसुस गऱ्यो भने ४ पटक विश्वकप जितेको इटालीले विजय हात पार्न नसक्दा आफूलाई पराजित भएको महसुस गऱ्यो। विश्वकपमा यस्ता क्षणहरु दुर्लभ नै देखिन्छन्। विश्वकप फुटबलको फाइनल चरणमा देखिएका केही आश्चर्यजनक नतिजा :

# विश्वकपका अप्रत्याशित नतिजा

**उत्तर कोरियाविरुद्ध इटाली १-०**

सन् १९६६ मा इङ्ल्यान्डमा सम्पन्न विश्वकप फुटबल प्रतियोगितामा उत्तर कोरियाले पहिलो पटक सहभागिता गरेको थियो। त्यो बेला दुई पटक विश्वकप जितिसकेको इटालीको टिममा जियासिन्टो फाचिटी, सान्ड्रो माजोला, जियानी रिभेराजस्ता हस्तीहरू थिए। उत्तर कोरियालाई जितेको खण्डमा मात्र दोस्रो चरणमा जाने सम्भावना बोकेको इटालीले ४२ औं मिनेटमा गोल खानुपऱ्यो। इटालीले पार्क डो इकको गोल फर्काउने जति प्रयास गरे पनि सकेन र उक्त प्रतियोगितामा पहिलो चरणबाटै घर फर्कियो।

**अमेरिकाविरुद्ध इङ्ल्यान्ड १-०**

सन् १९५० मा ब्राजिलमा सम्पन्न विश्वकपमा अमेरिकाद्वारा इङ्ल्यान्ड शून्यका विरुद्ध १ गोलले पराजित भयो। विश्वलाई फुटबल खेल सिकाउने इङ्ल्यान्डले विश्वकपमा कम आँकिएको टिमबाट भोगेको यो ठूलो पराजय थियो। अमेरिकासँग पराजित भएको इङ्ल्यान्डको अर्को खेल स्पेनसँग थियो। उक्त खेलमा पनि पराजित भएपछि इङ्ल्यान्ड घर फर्कियो। दक्षिण अफ्रिकामा भैरहेको विश्वकपमा पनि इङ्ल्यान्ड र अमेरिकाबीच प्रतिस्पर्धा भएको थियो। उक्त खेलमा पनि सन् १९५० को विश्वकपको पुनरावृत्ति हुने अनुमान गरिए पनि खेल १-१ गोलको बराबरीमा सकियो।

**क्यामेरुनविरुद्ध अर्जेन्टिना १-०**

सन् १९९० मा इटालीले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगितामा अर्जेन्टिना पूर्वविजेताको हैसियतले सहभागी थियो। म्याराडोनाको योगदानमा सन् १९८६ को विश्वकप जितेको अर्जेन्टिना यसपटक पनि म्याराडोनाकै बलमा अर्को पटक विश्वकप जित्ने सुरमा थियो। ६७ औं मिनेटमा क्यामरुनका ओमाम बियिकको गोलको मद्धतले क्यामरुन १-० ले अघि भयो। यसबीच क्यामरुनका दुई जना खेलाडी मैदानबाहिर भएर ९ जना खेलाडीमा सीमित हुँदा पनि अर्जेन्टिनाले खेल जित्न त के बराबरी पनि गर्न सकेन।

**सेनेगलविरुद्ध फ्रान्स १-०**

फ्रान्सले सन् १९९८ को विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दा आफूलाई विश्वविजेता नै बनायो। त्यसको दुई वर्षपछि भएको युरो कप पनि फ्रान्सले आफ्नो पक्षमा पाऱ्यो। यो सफलताले गर्दा सन् २००२ मा जापान र दक्षिण कोरियाले आयोजना गरेको विश्वकप पनि फ्रान्सले जित्नेमा फुटबल विश्लेषकहरू आशावादी थिए। फ्रान्सको लिग प्रतियोगितामा




खेल्ने र फ्रेन्चमूलका प्रशिक्षक ब्रुनो मेत्सुका खेलाडीहरूले फ्रान्सविरुद्ध शून्यका विरुद्ध १ गोलको अग्रता लियो र त्यही गोल नै निर्णायकसमेत भयो। विश्वकपको इतिहासमा १२ वर्षपछि पूर्वविजेता पहिलो खेलमै अफ्रिकी टिमसँग पहिलो पटक पराजित भयो। यो पराजयको श्रृंखला बढ्दै गएपछि फ्रान्स पहिलो चरणबाटै घर फर्कियो।

**पश्चिम जर्मनीविरुद्ध हंगेरी ३-२**

सन् १९५४ मा स्वीट्जरल्यान्डमा सम्पन्न विश्वकपमा हंगेरी शक्तिशाली रूपमा प्रस्तुत भएको थियो। विगत चार वर्षदेखि आफूले खेलेका प्रत्येक खेलमा प्रतिद्वन्द्वीहरूलाई विशाल गोल अन्तरले पराजित गर्दै आएको थियो। हंगेरीले पश्चिम जर्मनीलाई लिग खेलमै ३ का विरुद्ध ८ गोलले पराजित गरेको थियो। अन्तमा हंगेरी र पश्चिम जर्मनीबीच नै फाइनल भयो, तर फाइनलमा पासा पल्टियो र पश्चिम जर्मनीले हंगेरीलाई २ का विरुद्ध ३ गोलले पराजित गरेर उपाधि जित्यो। विश्वकपमा अहिलेसम्मकै सबैभन्दा राम्रो टिम मानिएको हंगेरीको फाइनलमा भएको पराजयलाई 'द मिराकल अफ वर्न' को संज्ञा दिइएको थियो, पछि यही नामबाट चलचित्रसमेत बन्यो।

**उरुग्वेविरुद्ध ब्राजिल २-१**

सन् १९५० को विश्वकप ब्राजिलले गृहमैदानमा उपाधि जित्नका लागि आयोजना गरेको भन्नेहरू पनि प्रशस्तै थिए। लिगका आधारमा आयोजित उक्त प्रतियोगिताको फाइनलमा ब्राजिलले खेल बराबरीमा रोके पनि विजेता हुने थियो। पहिलो हाफको ४७ औं मिनेटमा ब्राजिलले पहिलो गोल गरेर अग्रता पनि लिएको थियो, तर दोस्रो हाफमा उरुग्वेले दुई गोल गरेर ब्राजिलको पहिलो पटक विश्वविजेता बन्ने सपना चकनाचुर बनायो।

**उत्तरी आइल्यान्डविरुद्ध स्पेन १-०**

सन् १९८२ मा स्पेनले आयोजना गरेको विश्वकपमा उत्तरी आयरल्यान्डले सन् १९५८ पछि पहिलो पटक सहभागिता जनाएको थियो। प्रतियोगितामा आयोजक स्पेन शून्यका विरुद्ध १ गोलले पराजित भयो। उक्त प्रतियोगितामा उत्तरी आयरल्यान्डलाई सफलता दिलाउनेमा गेरी आर्मस्ट्रङको भूमिका महत्त्वपूर्ण थियो। उत्तरी आयरल्यान्ड पहिलो चरणमा आफ्नो समूहमा शीर्ष स्थानमा रहेर दोस्रो चरणमा प्रवेश गरे पनि दोस्रो चरणपछि भने घर फर्कियो।

**अल्जेरियाविरुद्ध पश्चिम जर्मनी २-१**

सन् १९८२ मा स्पेनले आयोजना गरेको विश्वकपमा पहिलो अप्रत्याशित नतिजा अल्जेरियाले त्यो समयको युरोपियन च्याम्पियन पश्चिम जर्मनीलाई १ का विरुद्ध २ गोलले पराजित गरेर ल्याएको थियो। पहिलो चरणमा समूह बीको पहिलो खेलमै अल्जेरियाले जर्मनीविरुद्ध सफलता पाएपनि अस्ट्रियाले भने अर्को खेलमा उसलाई रोक्यो।

**आयरल्यान्डविरुद्ध इटाली १-०**

सन् १९९४ मा अमेरिकाले आयोजना गरेको विश्वकपमा इटाली आयरल्यान्डद्वारा खेल सुरु भएको १२ औं मिनेटमै एक गोलले पछि पऱ्यो। इटालीले खेललाई ड्र गर्ने प्रयास गरे पनि सकेन। इटालीलाई पराजित गर्ने आयरल्यान्ड दोस्रो चरणमा प्रवेश गरे पनि नेदरल्यान्डद्वारा पराजित भएर घर फर्कियो भने इटाली आफूलाई फाइनलमा पुऱ्याउन सफल भयो। फाइनलमा इटाली ब्राजिलद्वारा पेनाल्टी सुट आउटमा पराजित भयो।




















# सुस्ततापछिको तीव्रता

● हिमेश

धेरैको गुनासो छ, विश्वकप-२०१० को सुरुवात सुस्त रह्यो । अपेक्षाअनुसारको स्तरीय खेल हेर्न नपाएको भन्नेहरू पनि थिए, गोल कम भएर हैरान हुनेहरू पनि थिए । वास्तवमै दक्षिण अफ्रिकामा भैरहेको विश्वकपको सुरुवात धमाकेदार रहेन ।

विश्वकप भनेपछि सबै अब्बल दर्जाको फुटबल हेर्न चाहन्छन् । कम्तीमा विश्वकपको लिग चरणका सबै सुरुवाती खेल विरलै उत्कृष्ट रहे । 'यो स्वभाविक हो', इटालीका प्रशिक्षक मार्सेलो लिप्पी भन्छन्, 'विश्वकप खेल्ने सबै पूर्ण व्यावसायिक हुन्, उनीहरू भावनामा बगेर खेल्दैनन् ।'

विश्वकपको इतिहास पल्टाउने हो भने प्रतियोगिताको पहिलो खेलले अधिकांश टिमलाई तनावमा राखेको हुन्छ । समर्थकको ठूलो अपेक्षाअनुसार खेल्न नसकिने डर पनि हुन्छ । फेरि सुरुमै हार्‍यो भने त्यही एक खेलले अन्ततः टिमलाई प्रतियोगिताबाट बाहिर पुर्‍याउन सक्छ । त्यसैले अनुभवी खेलाडीसहितको टिमले पनि पहिलो खेल निकै संयमित भएर खेल्छन् । धेरै टिमका लागि जित र हारको नतिजाभन्दा बीचको बराबरी उपयुक्त हुन्छ । त्यसैले पहिलो खेलमा कम गोल हुन्छन्, टिमहरू आक्रामक रूपमा प्रस्तुत हुँदैनन् ।

त्यसैले पहिलो चरणका सुरुवाती १६ खेलमा २५ गोल मात्र भए, औसत एक खेलमा दुई गोल पनि भएन । त्यसमध्ये छ खेल बराबर रहे । राम्रा आँकिएका केही टिम हारे पनि । कम गोल र सुस्त सुरुवातमा खेलाडी र टिमको मानसिकताले बढी भूमिका खेलेको थियो ।

त्यस पछाडि मैदानभित्रका केही कारण पनि थिए । जस्तो धेरै खेलाडी यही विश्वकपका लागि प्रयोगमा आएको जुबलानी बलसँग अभ्यस्त भैसकेका थिएनन् । फेरि दक्षिण अफ्रिकी फुटबल मैदानलाई खेलाडीले केही बढी चिप्लो पनि माने । मौसम र हाइ-अल्टिच्युडको समस्या छँदै थियो ।

'अब विस्तारै खुलेर खेल्नेछन् । अब गोलहरू हेर्न पाइनेछ', पोर्चुगाली प्रशिक्षक कार्लोस क्वेरेजले भनेका थिए । नभन्दै पोर्चुगलले उत्तर कोरियालाई ७-० ले हरायो । आ-आफ्नो पहिलो खेलको तुलनामा दोस्रोमा अधिकांश टिमले आक्रामक खेल देखाए ।

स्पेनले होन्डुरसलाई २-० ले हराएको खेलसँगै विश्वकप खेल संख्याका आधारमा बीच भागमा पुग्यो । त्यही खेलसँगै सबै टिमले दुई-दुई खेल टुंग्याए । दोस्रो खेलसम्म आउँदा खेल आक्रामक भएको र गोलहरू हुन थालेको सबैले देखे । दोस्रो चरण पुग्ने दबाबले पनि धेरैलाई आक्रामक बनायो ।

यसबीच टिमले आ-आफ्नो दोस्रो खेल खेल्दा ४२ गोल भए । पोर्चुगलको ठूलो अन्तरको जितसँगै ब्राजिलले 'ग्रुफ अफ डेथ' मानिएको त्यही समूहमा कोस्टारिकालाई ३-१ ले हरायो । उरुग्वेले दक्षिण अफ्रिकालाई ३-० ले हराएपछि अर्जेन्टिनाले दक्षिण कोरियालाई ४-१ ले निराश पार्‍यो ।

स्लोभेनिया र अमेरिकाले पनि २-२ को रोमाञ्चक बराबरी खेले । लिग चरणमा टिमहरूले आ-आफ्नो अन्तिम खेल पनि खेलिसकेका छन् । यो चरणमा टिमले देखाउने प्रवृत्ति फरक हुनेछ । अहिलेसम्मका अन्तिम लिग खेलहरूले यस्तै देखाएको छ ।




धेरैको आँखा नकआउट चरणमा हुनेछ । त्यसैले मैदानमा उत्रनुअघि सबैसँग समीकरण हुनेछ, कस्तो जित हात पार्ने, कति गोल गर्नुपर्ने हो । केही टिम अन्तिम खेलअघि नै नकआउटमा पुगेका हुँदा आराममा हुनेछन् । केहीले भने प्रतियोगिताबाट बाहिरिएको पीडामा खेल्नेछन् ।

# अफ्रिका र युरोपमाथि हावी दक्षिण अमेरिका

फुटबलमा घरेलु मैदानको फाइदा हुन्छ । घरमा खेल्दा टिम भावनात्मक रूपमा संवेदनशील हुन्छ । घरेलु दर्शकको फाइदा हुन्छ नै । विश्वकप २०१० पहिलोपल्ट अफ्रिकी महादेशमा भैरहेको हुँदा त्यहाँका टिमको राम्रो प्रदर्शन धेरैले आशा गरेका थिए ।

यसपल्ट कीर्तिमानी छ टिमले विश्वकपमा आफ्नो चुनौती पेस गरिरहेका छन् । यसका बाबजुद धेरैलाई लागेको थियो, यसपल्टको विश्वकपमा अफ्रिकी टिमलाई पहिलो चरणमा टिक्न पनि गाह्रो हुनेछ, किनभने सबै अफ्रिकी टिमले कठिन 'ड्र' पाएका छन् ।




आखिर त्यस्तै भयो, यसपल्टको विश्वकपको सुरुवाती 'ट्रेन्ड' अफ्रिकाको पक्षमा रहेन । आयोजक दक्षिण अफ्रिकाले मेक्सिकोसँग बराबरी खेलेपछि उरुग्वेसँग नमज्जाको हार बेहोर्नुपर्‍यो । नाइजेरिया पनि फितलो देखिँदै, अर्जेन्टिना र ग्रीस दुवैसँग पराजित भयो ।

घाना अफ्रिकी महादेशको एक्लो आशाका रूपमा अगाडि आयो । सर्बियालाई हराएको घानाले अस्ट्रेलियासँग बराबरी गर्‍यो । सर्वाधिक निराश पार्ने टिम क्यामरुन भयो । विश्वकपमा राम्रो इतिहास बोकेको क्यामरुन यसपल्ट प्रतियोगिताबाट बाहिरिने पहिलो टिम भयो ।

क्यामरुन जापान र डेनमार्कविरुद्धका दुवै खेलमा निराश भयो । आइभरीकोस्टले पनि 'ग्रुप अफ डेथ' मा केही गर्न सकेन । अल्जेरियाले आफ्ना समर्थकलाई खुसी पार्न सकेन । युरोपका फुटबल महाशक्ति मानिने टिमले पनि यसपल्टको विश्वकपमा खराब प्रदर्शन गरिरहेका छन् ।

युरोपेली विजेताका रूपमा स्पेन यसपल्ट उपाधिको बलियो दाबेदार थियो, तर पहिलो खेलमै उ स्वीट्जरल्यान्डसँग पराजित भयो । विश्वकपको डिफेन्डिङ चयाम्पियन इटालीले पनि विजेताको छवि प्रस्तुत गर्न सकेन । सुरुका दुवै खेल बराबरी खेल्यो, विशेषतः कमजोर प्रतिद्वन्द्वी न्युजिल्यान्डसँग ।

जर्मनीले सुरुमा अस्ट्रेलियालाई चार गोलले त हरायो, त्यसलगत्तै सर्बियासँग पराजित भयो । इङ्ल्यान्डले पनि सुरुका दुवै खेलबराबरी खेल्यो । सर्वाधिक बिर्सनलायक प्रदर्शन फ्रान्सको रह्यो । टिम प्रतियोगिताबाट बाहिरिने निश्चित भएपछि खेलाडीहरू विद्रोहमा समेत निस्किए ।

बरु अफ्रिका र युरोपेली टिमका अगाडि दक्षिण अमेरिकी देश हावी देखिए । ल्याटिन अमेरिकाका दुई महाशक्ति अर्जेन्टिना र ब्राजिलले दक्षिण अफ्रिकामा आफूलाई बलियो सावित गरेका छन् । दुवै टिमले आ-आफ्नो पहिलो खेल जिते । दुवैको प्रदर्शन विश्वकप जित्न सक्ने खालको थियो ।

डिएगो म्याराडोनाको अर्जेन्टिना त यसपल्टको विश्वकपको सर्वाधिक चर्चित र रुचाइएको टिम भयो । अरू ल्याटिन अमेरिकी देश उरुग्वे, मेक्सिको, पाराग्वे तथा चिलीले पनि फुटबल विश्लेषकहरूलाई आश्चर्यमा पारेका छन्, आ-आफ्नो समूहमा उत्कृष्ट प्रदर्शन गरेर ।

# फ्रान्स र क्यामरुनको विरक्ति

युरोपेली फुटबलमा लगातार चम्किरहेका स्ट्राइकर स्यामुएल एटोले विश्वकप अघि भनेका थिए, 'उपाधि जित्न सानो विषयले पनि भूमिका खेलिरहेको हुन्छ । जस्तो, कस्ता होटलमा बस्ने ? कस्तो खाना खाने र कसरी यात्रा गर्ने ?'

तिनै एटोको क्यामरुनी टिम विश्वकप-२०१० बाट बाहिरिने पहिलो टिम बन्यो । विवादको शृङ्खलाले फुटबल टिमलाई कस्तो अप्ठ्यारोमा पार्छ, त्यसको उदाहरण क्यामरुन मात्र भएन, फ्रान्स पनि भयो । फ्रान्सेली फुटबल त धराशायी हुने स्थितिमा सम्म पुग्यो ।




अन्ततः फ्रान्सेली फुटबल संघले आफ्ना समर्थकसामु माफी माग्नु पर्‍यो भने फ्रान्सेली राष्ट्रपति निकोलस सारकोजीले समेत विवादमा हस्तक्षेप गर्नुपर्ने स्थिति आयो । विश्वकप सुरु हुनुअघि क्यामरुनका पूर्व स्टार खेलाडी रोजर मिल्लाले एटोको खुबै आलोचना गरे ।

मिल्लाले आरोप लगाए, 'एटो क्लब फुटबलमा ज्यान फालेर खेल्छन् । क्यामरुनी टिम भनेपछि राम्रो खेल्ने प्रयास पनि गर्दैनन् ।' मिल्ला र एटोबीच चर्काचर्की पर्‍यो । एटोले पछि भने, 'यस्तै विवाद भैरहने हो भने राष्ट्रिय टिमका लागि खेल्न छोड्छु ।'

आखिरमा क्यामरुनले दक्षिण अफ्रिकामा दुई खेल खेलेको थियो, तेस्रो खेलअघि नै उसको विश्वकप चुनौती समाप्त भयो । दक्षिण अफ्रिका आउनुअघि नै फ्रान्सेली टिम विवादमा थियो । केही खेलाडी अभ्यासका क्रममा वेश्याको सम्पर्कमा रहेपछि त्यसले काण्डकै रूप लियो ।

फ्रान्सेली टिमको प्रमुख समस्या प्रशिक्षक रेयमन्ड डोमेनिक रहे । उनको र बाँकी खेलाडीको सम्बन्ध कहिल्यै राम्रो भएन । त्यसमाथि फ्रान्सेली फुटबल संघले यसपल्टको विश्वकप नै डोमेनिकको अन्तिम प्रतियोगिता रहेको बताइसकेको थियो ।

मेक्सिकोविरुद्धको फ्रान्सको खेलमा संकटले चर्को रूप लियो । उत्तिकै विवादमा रहने निकोलस एनेल्काले प्रशिक्षक डोमेनिकमाथि अपशब्द प्रयोग गरे र पछि माफी माग्न पनि अस्वीकार गरे । प्रत्युत्तरमा फ्रान्सेली फुटबल संघले एनेल्कालाई विश्वकप टिमबाट बाहिर निकाल्यो ।

उनका साथी खेलाडी पनि के कम ? उनीहरूले एनेल्काको समर्थन गर्दै अभ्यासमा पनि भाग लिन अस्वीकार गरे । आखिर खेलाडीलाई मनाउन राष्ट्रपति सारकोजी नै अघि आनुपर्‍यो । यसबीचमा विश्वकपमा फ्रान्सको यात्रा मात्र टुंगिएन, फुटबलले पूरा देशलाई नमज्जा बनाइदियो ।

सन् १९९८ को विश्वकप विजेता फ्रान्स पछिल्लो संस्करणको उप-विजेता पनि हो । त्यो बेलाको फ्रान्सेली टिमका फुटबल खेलाडीलाई स्वर्णिम पुस्ता मानिन्छ । जिनेदिन जिदानले त्यसको अगुवाइ गरेका थिए । त्यो पुस्ताका खेलाडी थिएरी हेनरी वर्तमान टिममा पनि छन् । विश्वकप-२०१० को विश्वकपसँग त्यो स्वर्णिम पुस्तामा पनि पूर्णविराम लागेको छ ।




## विश्वकपको स्वाद

# श्यामश्वेत टेलिभिजनदेखि 3D सम्म



● **शिव मुखिया**

सुकुलमा बसेर १४ इन्चको श्यामश्वेत टेलिभिजनमा विश्वकप फुटबल हेर्दाको क्षण अझै बिर्सिएका छैनन् कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) का पूर्वअध्यक्ष विप्लवमान सिंहले । भारतीय सरकारी च्यानल दूरदर्शनबाट प्रसारण भएको विश्वकप उनले साथीको घरमा बसेर हेरेका थिए । त्यहाँ अरू थुप्रै छिमेकी पनि विश्वकप हेर्न भेला हुन्थे । यो सन् १९८२ को कुरा हो । त्यसको २८ वर्षपछि तिनै सिंह दक्षिण अफ्रिकामा जारी विश्वकप हेरिरहेका छन्, फरक शैलीमा । अहिले उनी साथीभाइको जमघटमा, चिसो वियरको चुस्की लिँदै फराकिलो स्क्रिनमा विश्वकप हेरिरहेका छन् । यतिबेला विश्वकप हेर्ने उनको गन्तव्य बन्ने गरेको छ नाङ्लो तथा मुड्सजस्ता फेमेली रेस्टुराँ ।

अब सुनौं, त्रैलोक्यश्वर मल्लको कथा । मिति ठ्याक्कै बिर्सिए पनि सुरुमा विश्वकप हेर्दा त्यस्तै १५-१६ वर्षका अल्लारे थिए उनी । 'अर्जेन्टिनाले विश्वकप जितेको थियो', डाइरेक्सन नेपालका इभेन्ट डाइरेक्टर मल्लले सम्झिए- 'त्यतिबेला एउटा कोठामा थुप्रै मानिसहरूबीच कोच्चिएर टेलिभिजन हेरिन्थ्यो ।' अहिले भने उनी वातानुकूलित फराकिलो भवनमा बसेर विश्वकप हेरिरहेका छन्, १६ फिटको पर्दामा ।

१४ इन्चको स्क्रिन, त्यो पनि श्यामश्वेत टेलिभिजनमा विश्वकप हेर्ने पुस्ता अहिले अत्याधुनिक प्रविधिसँग साक्षात्कार गरिरहेको छ । उनीहरू एयर कन्डिसनयुक्त कोठामा आरामदायक ढंगले विभिन्न परिकारको स्वादसँगै विश्वकपको आनन्द लिइरहेका छन् । प्रविधिले मारेको लामो फड्कोसँगै विश्वकप हेर्ने शैलीमा व्यापक रूपमा परिवर्तन आएको छ अहिले । 'त्यो बेला र अहिले आकाश जमिनको फरक छ' क्यानका पूर्वअध्यक्ष सिंह भन्छन्- 'प्रविधिले गर्दा विश्वकप हेर्ने वातावरण पूरै परिवर्तन भएको छ ।'

यतिबेला रंगीन टेलिभिजन हरेकको घरमा भित्रिएको छ, जसले दक्षिण अफ्रिकाको विश्वकपलाई आँखै अगाडि ल्याइदिएको छ । रंगीन टेलिभिजनको कुरा छाडौं, सराउन्डिङ सिस्टम अनि गुणस्तरीय दृश्यका लागि होम थिएटरमा विश्वकप हेर्नेहरूको पनि कमी छैन । घरको टेलिभिजनमा चित्त नबुझे साथीभाइसँग फराकिलो स्क्रिनमा विश्वकप हेर्नेहरूको घुँइचो उत्तिकै देखिन्छ । यसरी ठूलो स्क्रिनमा विश्वकप हेर्न टोल-टोलमा प्रोजेक्टरको प्रयोग गरिएको छ । क्लब तथा रेस्टुराँमा बसेर विभिन्न परिकारको स्वाद लिदै ठूलो स्क्रिनमा विश्वकप हेर्ने अवसरलाई पनि धेरैले छोपेका छन् । श्यामश्वेत टेलिभिजनकै पुस्ताले सिनेमा हलमा गएर अत्याधुनिक थ्रीडी सिस्टममा विश्वकप फुटबल हेरिरहेका छन् । विश्वकप फुटबल हेर्नकै लागि तारे होटलसमेत गन्तव्य बन्न थालेको छ ।

सन् १९८६ को विश्वकप फुटबल प्रतियोगिता हुँदा थोरै नेपाली मात्र टेलिभिजनको पहुँचमा थिए । १४ इन्चको श्यामश्वेत टेलिभिजनमा विश्वकप हेर्न दूरदर्शनको च्यानल बटार्नुपर्थ्यो । कसैकसैसँग ठूलो छाताजस्तो डिक्स एन्टिना हुन्थ्यो, जसमा ईएसपीएनको सिग्नलबाट विश्वकप हेर्न सकिन्थ्यो । टेलिभिजन दुर्लभ भएकाले संसारकै ध्यान केन्द्रित गर्ने विश्वकप जस्तो प्रतियोगिता चाहेर पनि धेरैजसोले हेर्न पाउँदैनथे । पछि टेलिभिजन सेटको विस्तारसँगै विश्वकपप्रतिको रुचि र चासोले व्यापकता पाउँदै गएको हो ।

यतिवेला विभिन्न ब्रान्डका रंगीन टेलिभिजन देखि होम थिएटरसम्म उपलब्ध छन् । प्रोजेक्टरमार्फत फराकिलो पर्दामा विश्वकप हेर्ने ट्रेन्ड पनि फस्टाउँदो छ । रेस्टुराँदेखि तारे होटलसम्म, क्लबदेखि चलचित्र हलसम्म अत्याधुनिक प्रविधिमार्फत विश्वकप हेर्ने क्रम बढेको छ । कतिसम्म भने, कुनै बेला दोहोरीको क्रेजलाई समात्दै खुलेका दोहोरी क्लबहरू अहिले विश्वकपमय बनाइएका छन् । 'गीत संगीतसँगै फुटबलमा रुचि भएकाहरूका लागि विश्वकप देखाउने व्यवस्था मिलाएका छौं' चर्चित दोहोरी गायक तथा निरमाया दोहोरी क्लबका सञ्चालक बद्री पंगेनी भन्छन्, 'एकातिर दोहोरीको मज्जा, अर्कातिर विश्वकप ।'

आजभन्दा १६ वर्षअघि तिनै बद्रीले पाल्पाको रामपुरमा सानो टेलिभिजनमा पहिलो पटक विश्वकप हेरेका थिए । श्यामश्वेत टेलिभिजनबाट विश्वकप फुटबल हेर्न उनले दुई रुपैयाँको टिकट काटेका थिए र भिडमा च्यापिएर सुकुलमा बसेका थिए । यतिबेला भने उनी आफ्नै दोहोरी क्लबमा प्रोजेक्टरमार्फत फराकिलो पर्दामा विश्वकप फुटबल हेरिरहेका छन् । आफूले मात्र होइन, अरूका लागि समेत विभिन्न परिकार, गीत-संगीत र विश्वकपको स्वाद एकै थलोमा लिन सकिने व्यवस्था गरिदिएका छन् उनले । त्यस्तै कतिपय क्याफे, रेस्टुराँले विश्वकपको उद्घाटन खेलमा लाइभ कन्सर्टको समेत आयोजना गरेर नयाँ ट्रेन्डको विकास गरे । अहिले यस्ता अधिकांश रेस्टुराँ प्रतियोगी देशका झन्डा, खेलाडीका जर्सी एवं फुटबलले सजिएका छन् ।

प्रविधि सुलभ बनेकाले नै हुनसक्छ, विश्वकप फिवरले युवापुस्तालाई मात्र होइन, बालकदेखि वृद्धासम्मलाई च्यापेको छ । सहरदेखि गाउँ-गाउँसम्म विश्वकपको उल्लासमय वातावरणले रंगीन बनेको छ । युवायुवती र बालबालिकाहरू आफ्ना फेवरेट टिमको जर्सी तथा फ्यान टिसर्ट लगाएर विश्वकप फुटबल हेरिरहेका छन् । नेपाल टेलिकमले मोबाइलमा थ्रीजी सेवा सुरु गरेपछि मोबाइल सेटबाटै विश्वकप हेर्नेहरूसमेत बग्रेल्ती छन् ।

# सबैको केन्द्रबिन्दु चलचित्र हल

● **विमल खतिवडा**

पर्वत– विश्वकप प्रारम्भ भएलगत्तै कुश्मा बजारका सर्वसाधारणको दैनिकीमा परिवर्तन आएको छ । आ-आफ्नो क्षेत्रमा कार्य गर्ने सबैले समयमै काम सकेर बेलुका फुर्सद निकाल्ने गरेका छन् । घरको भान्सामा काम गर्ने गृहणीदेखि लिएर कार्यालयमा काम गर्ने माथिल्लो तहका कर्मचारीसमेत भोलिपल्टका लागि काम थाँती नराखी कामको बोझबाट मुक्त हुँदै बेलुकाको समय घरकै टेलिभिजनका साथै चलचित्र हलमा गै विश्वकप हेर्न थालेका छन् । केहीले घरकै टेलिभिजनमा विश्वकपका खेल हेरे पनि अधिकांशको अखडा भने सदरमुकामको सिद्धेश्वर चलचित्र मन्दिर बनेको छ ।



धौलागिरि अञ्चलमै पहिलो पटक चलचित्रहलमा विश्वकपका खेलहरू प्रत्यक्ष रूपमा देखाइएपछि हलमा चलचित्र हेर्नेभन्दा पनि फुटबल हेर्ने दर्शकको संख्या बढी भएको छ । बजारबासीको विशेष आग्रहअनुसार पर्वत मिलन क्लबका युवाहरू सिद्धेश्वर चलचित्र मन्दिरमा विश्वकपका खेलहरू देखाउन सक्रिय भएका हुन् । घरपरिवार र साथी मिलेर टेलिभिजनमै विश्वकप हेर्ने योजनामा रहेकाहरूसमेत हावाहुरीले बारम्बार विद्युत् सेवा अवरुद्ध हुन थालेपछि चलचित्र हल धाउन बाध्य छन् ।

२ सय ५० र १ हजार रुपैयाँ टिकटदर तोकिएको चलचित्र हलमा बालबालिका र युवाहरूको विशेष भीड लाग्ने गरेको छ । पहिलो पटक हलमा विश्वकपका खेलहरू देखाइएकाले खेल हेर्न आउनेहरूको भीड बाक्लिएको हलवालाले बताए । होटल र अन्य स्थानमा विश्वकप देखाउने व्यवस्था नभएकाले क्लबले फिल्महलमा विश्वकप देखाएको हो । प्रतियोगिता हेर्न दैनिक ३ सयभन्दा बढी खेलप्रेमी सर्वसाधारण हलमा भेला हुने गरेका छन् ।

सामूहिक रूपमा विश्वकप हेर्ने यो अवसर प्रहरी-प्रशासनदेखि लिएर सरकारी कार्यालयका प्रमुखहरूले समेत गुमाएका छैनन् । 'मैले विश्वकपका कुनै पनि संस्करण हेर्न छुटाएको छैन,' चलचित्र हलमा खेल हेरिरहेका प्याब्सनका अध्यक्ष हिमबहादुर पौडेलले भने, 'तर चलचित्र हलमा हेरेको यो पहिलो खेल हो, हलमा हेर्दा सोचेभन्दा बढी मजा हुँदो रहेछ ।' खेल हेर्न केही दर्शकले छोराछोरीसमेत बोकेर ल्याउने गरेका छन् । चलचित्र हलमा पहिलो पटक खेल हेर्न पुगेका एभरेस्ट बैंकका प्रमुख अर्जुन शर्माले हलमा खेल हेरेर दिनभरिको थकान मेटाउने गरेको बताए ।

उद्घाटन खेलसँगै सेमिफाइनलका दुईवटै प्रतिस्पर्धा र रोमाञ्चक फाइनल खेल पनि फिल्महलको पर्दामा देखाइने क्लबका सदस्य राजन गुरुङले बताए । हलमा खेल हेर्न सदरमुकाम आसपासका गाविस र म्याग्दी तथा बाग्लुङदेखि समेत घण्टौं हिंडेर खेलप्रेमीहरू यहाा आउने गरेका छन् ।

# विश्वकपको रन्को



● **गोपाल दाहाल**

धरान- धरानमा विश्वकप फुटबल प्रतियोगिताको रन्को उत्कर्षमा छ । अहिले धरानका बीपी प्रतिष्ठान गेटअगाडि, निर्वाणा कन्ट्री क्लब, स्वीमिङपुल, देउराली चोक, स्पोर्ट्सबार आदि विभिन्न ठाउँमा ठूलो पर्दामा प्रोजेक्टरबाट विश्वकप फुटबल हेर्नेहरूको भिडभाड छ ।

विशाल श्रेष्ठलाई अहिले विश्वकपले निन्द्रा पुऱ्याउनसम्म दिएको छैन । राति २ बजे सुत्नु र बिहान ९ बजे उठ्नु उनको रुटिङजस्तै बनेको छ । विशाल अन्य साथीहरूसँगै देउराली चोकमा रातभरि प्रोजेक्टरमार्फत गरिएको फुटबलको प्रसारण ठूलो पर्दामा हेर्छन् । स्थानीय

## फुटबल र नेपाल

युवाहरूले आफू-आफूबाट पैसा उठाएर प्रोजेक्टरबाट फुटबल हेर्ने गरेका छन् । देउराली चोकमा मात्र दैनिक २ सय ५० को हाराहारीमा युवायुवती र बूढापाकासमेत जम्मा भएर ठूलो पर्दामा फुटबलको स्वाद लिने गरेका छन् । विशाल भन्छन्– 'चलचित्र हलमा जस्तै ठूलो पर्दामा हेर्न पाइन्छ । त्यही भएर रातभर जाग्राम बसेरै भए पनि हेरिन्छ ।'

महेन्द्र बहुमुखी क्याम्पस, धरानका सहप्राध्यापक राजेन्द्र शर्मालाई पनि विश्वकपको रौनक चढेको छ । शर्मा घरकै कम्प्युटरमा टेलिभिजन कार्ड जोडेर फुटबल हेर्छन् । शर्मा साँझको खेल हेरिसकेपछि मोबाइलमा राति १२ बजेको अलार्म लगाएर सुत्छन् । अनि अलार्म बजेपछि उठेर कम्प्युटर अन गरिहाल्छन् र २ बजेसम्म खेल हेर्छन् । 'निन्द्रा नपुगेर बिहान उठ्दा आँखा पोल्छ, तैपनि नहेरी पनि सक्दिनँ,' उनले बताए ।

चार वर्षमा मात्र हेर्न पाइने विश्वकप फुटबल खेलप्रेमीका लागि सुनौलो अवसर भएकाले पनि छुटाउन मन नलागेको उनीहरू बताउँछन्, 'विश्वका ६ अर्बमध्ये झन्डै ४ अर्बले हेर्ने खेल हो यो । अरू कुनै पनि कुरामा यत्रो ठूलो विश्व एक हुँदैन ।' शर्माले भने, 'विश्वकपले अहिले सारा विश्वका मानिसको भावना एक भएको छ ।'




# विश्वकप कसले जित्छ ?



यसपालिको विश्वकप जर्मनीले जित्छ । जर्मनी विश्व फुटबलमा राम्रो इतिहास बोकेको टिम हो । उसको टेक्निकल पार्ट बलियो छ । पासिङ र टिम कम्बिनेसन उत्कृष्ट छ, स्ट्राइक सशक्त छ । उनीहरूको होल टिम सपोर्ट राम्रो छ ।

**उपेन्द्रमान सिंह**
**पूर्वकप्तान, राष्ट्रिय फुटबल टिम**

अहिले नै यो टिमले जित्छ भनेर कसरी भन्ने ? सेमिफाइनलसम्म पुगेपछि अनुमान गर्न सकिएला । सबै उस्तै छन्, सबै राम्रा छन्, एकसे एक छन् । धेरै नेपालीले अर्जेन्टिनाले जित्छ भनिरहेका छन्, तर मचाहिँ ब्राजिलको पक्षधर हुँ । त्यसैले ब्राजिलले नै विश्वकप जितेको हेर्न चाहन्छु ।

**वैकुण्ठ मानन्धर, म्याराथुन धावक**



एसियाली भएको नाताले म कोरिया र जापानको पक्षमा छु, । उनीहरूले यसपालि अनपेक्षित रूपमा उत्कृष्ट पनि खेलिरहेका छन् । मलाई दक्षिण कोरियाप्रति आशा छ, म उसले नै यसपालिको विश्वकप जितेको हेर्न चाहन्छु ।

**उषा पौड्याल, नायिका**



विश्वकप फुटबल त हेरिरहेको छु तर कुन टिम कस्तो भनेर विश्लेषण गर्न गाह्रो लाग्छ । म त खाली रमाइलोका लागि फुटबल हेर्छु । अझ मलाई फुटबलभन्दा पनि फुटबल हेर्ने वातावरण मन पर्छ । त्यसैले कुन टिमले जित्छ भनेर भन्न सक्दिनँ तर पहिलेदेखि नै ब्राजिल फुटबलको उत्कृष्ट टिम हो भन्ने परेको छ । त्यसैले ब्राजिलले नै जित्छ होला ।

**दीपक बज्राचार्य, गायक**

म स्वीजरल्यान्डले जितेको हेर्न चाहन्छु । विश्वकपका लागि दाबेदार मानिएको स्पेनजस्तो टिमलाई पराजित गर्न सक्ने टिमलाई कम आँक्न सकिँदैन । अरूले ब्राजिल, स्पेन, जर्मनी तथा अस्ट्रेलियाले जित्छ भने पनि मलाई चाहिँ कुनै नयाँ टिमले विश्वकप जितेर नयाँ इतिहास रचोस् जस्तो लाग्छ । त्यसैले पनि मैले स्वीजरल्यान्डको पक्ष लिएकी हुँ ।

**कोपिला बगाले, स्टाफ नर्स**

यसपालि त मैले विश्वकप हेर्न भ्याएकी छैन, त्यसैले खासै आइडिया छैन । तैपनि म ब्राजिलको सपोर्टर हुँ । पहिलेदेखि नै ब्राजिलले विश्वकप जितिरहेकाले होला, मलाई यसपालि पनि उसैले जित्छ जस्तो लाग्छ ।

**अरुणिमा लम्साल, नायिका**

फुटबल र ब्राजिल एक-अर्काका पर्यायवाचीजस्तै भएका छन् । ब्राजिलले फुटबलमा धेरै लगानी गरेको छ । विश्वकपको इतिहास हेर्ने हो भने पनि उसले सबैभन्दा धेरै सफलता पाएको छ । विश्वकपका लागि ब्राजिल जति सशक्त टिम अरू छैनन् भने पनि हुन्छ ।

**सोनी दुवाल, कम्प्युटर इन्जिनियर**

ब्राजिल र अर्जेन्टिनामध्ये एउटाले जित्छ । त्यसमा पनि म अर्जेन्टिनाको फ्यान हुँ, उसैले जितोस् भन्ने मेरो नैतिक समर्थन छ । अर्जेन्टिनालाई यसपालि डिएगो म्याराडोनाले कोच गरेकाले पनि उसको जित्ने सम्भावना वलियो छ ।

**राजवल्लभ कोइराला, नायक**

विश्वकप कसले जित्छ भनेर भविष्यवाणी गर्न सकिँदैन । हुन त विगतका पर्फर्मेन्स हेरेर धेरैले ब्राजिल, फ्रान्स, जर्मनी वा इटालीले जित्छ भनिरहेका छन्, तर यसपालिको खेलमा अनपेक्षित नतिजा पनि आइरहेका छन् । जस्तो कि एसियाली राष्ट्र निकै सशक्त रूपमा आएका छन् । सबै नयाँ खेलाडी छन्, नयाँ जोस, जाँगर छ, खेल्ने शैली वैज्ञानिक छ । त्यसैले कसले जित्छ भन्न गाह्रो भएको हो । यद्यपि मचाहिँ अर्जेन्टिनाको फ्यान हुँ ।

**शम्भुजित बाँस्कोटा, संगीतकार**

इटालीले नै जितोस् भन्ने मेरो चाहना हो । कलाको दृष्टिले इटाली अत्यन्तै समृद्ध छ । त्यही भएर इटालीसँग मेरो भावनात्मक प्रेम छ । आफूले जसलाई प्रेम गरिन्छ वा मन पराइन्छ उसैको सफलता हेर्न मन लाग्छ । उनीहरूको खेल पनि राम्रो छ । अहिले उनीहरू रक्षात्मक रणनीतिमा खेलिरहेका छन् ।

**लुनिभा तुलाधार, कलाकार**



नेपालले विश्वकप जितोस् भनेर त कल्पना पनि गर्न सकिँदैन । त्यसैले आफ्नो देश नभएपछि कसै न कसैको सपोर्ट त गर्नैपर्‍यो । मचाहिँ पहिलेदेखि नै अर्जेन्टिनाको सपोर्टर हुँ । अर्जेन्टिनाले नै विश्वकप जित्छ, किनभने विश्व फुटबलमा तहल्का मच्चाएका डिएगो म्याराडोनाले कोच गरेको र अहिलेका हटकेक लियोनल मेसी यो टिममा भएकाले अर्जेटिनाले जित्नुपर्ने हो ।

**सीताराम कट्टेल, हास्यकलाकार**



मलाई सानैदेखि अर्जेटिना मन पर्थ्यो । आकाशे रंगको जर्सी लगाएर खेलेको र ट्रफी जितेको सम्झना अझै मनमा आइरहन्छ । सानो छँदा काकाहरूसँग बसेर हेर्दा उहाँहरू अर्जेन्टिनाको सपोर्ट गर्नुहुन्थ्यो । गेम हेर्न बस्दा उहाँहरू चना चटपटे लिएर बस्नुहुन्थ्यो । हामी त्यसैको आशामा हुन्थ्यौं । त्यही बेलादेखि अर्जेन्टिना राम्रो टिम हो भन्ने छाप परेको छ । जे होस्, मलाई अर्जेन्टिनाले जितेको हेर्ने मन छ ।

**जया शर्मा, डिजिटल आर्टिस्ट**



यसपालि हामीले अपेक्षा गरेअनुरूपको नतिजा आइरहेको छैन । कमजोर मानिएका टिम सशक्त देखिएका छन् भने सबैले आशा गरेका टिम फितला सावित भएका छन् । त्यसैले कसले जित्छ भन्न गाह्रो छ । तैपनि मचाहिँ ब्राजिलको सपोर्टर हुँ । ब्राजिलसँग उत्कृष्ट खेलाडीहरू छन् ।

**एलिसा मानन्धर**
**पूर्व मिस टिन काठमाण्डौ**






# सेक्स र सकरबीच फेरि विवाद

विश्वकपको बेला सधैं सेक्स र सकरबीच विवाद हुन्छ। एक महिना लामो यो प्रतियोगितामा खेलाडीहरू आफ्ना प्रेमिका वा श्रीमतीलाई सँगै लानुपर्छ भनिरहेका हुन्छन् भने प्रशिक्षकहरू त्यसले खेलाडीहरूमा खेल्ने ध्यान हुँदैन भन्दै अलग गर्ने प्रयास गरिरहेका हुन्छन्। यो विवाद १९ औं विश्वकपअघि देखिए पनि विश्वकप प्रारम्भ भएपछि भने खेलाडी र प्रशिक्षकबीचको त्यो विवाद साम्य भैसकेको थियो, तर ब्रिटिस सञ्चारमाध्यमले स्पेन आफ्नो पहिलो खेलमा स्वीट्जरल्यान्डसँग शून्यका विरुद्ध एक गोलले पराजित हुनुमा टिमका गोलकिपर एवं कप्तान इकेर कासिलासको ध्यान प्रेमिका सारा कार्बोनेरोतर्फ केन्द्रित हुनुभएको जनाएको थियो।





स्पेनका प्रशिक्षकहरूले खेलाडीलाई प्रेमिकासँगको भेटघाटमा रोक नलगाउँदा पनि स्वीजरल्यान्डविरुद्ध पहिलो पटक पराजित हुनुमा कतिपयले इकर नै कारण हुन् कि भन्ने अनुमान लगाए, तर स्पेनिस टिमका अन्य खेलाडीले ब्रिटिस सञ्चारमाध्यमको उक्त समाचारको खण्डन गरे। अर्जेन्टिनाले दोस्रो खेलमार्फत नै दोस्रो चरणमा प्रवेश पाउनुमा टिमका प्रशिक्षक डिएगो म्याराडोनाको खेलाडीहरूप्रतिको उदार नीति नै हो भन्नेहरू पनि छन्। म्याराडोनाले विश्वकपको फाइनल चरणमा जानुअघि आफ्ना खेलाडीलाई प्रेमिकाहरूसँग रहे पनि राति दुई बजेभन्दा अघि सुत्ने निर्देशन दिएका थिए भने मदिरा सेवन सकभर कम गर्नु भनेर आफ्नो उदारपन देखाएका थिए।

सेक्स हाम्रो टिमका खेलाडीहरूबीच कुनै समस्या र विवाद होइन। अर्जेन्टिनाका चिकित्सक डोनाटो भिलानी भन्छन्- 'खेलाडीहरूले राति दुई बजेपछि पनि स्याम्पेन पिउँदै प्रेमिकासँग बिताए भने समस्या हुने हो।' सन् १९८६ मा अर्जेन्टिनाले विश्वकप जित्दा टिमको प्रशिक्षक रहेका कार्लोस बिलार्डो भन्छन्- 'यौनमा खेलाडीले भन्दा महिलाले मेहनत गर्दा केही हुँदैन, त्यसैले खेलाडीहरूलाई प्रेमिकासँग भेटघाट गर्न छुट दिइएको हो।'

दक्षिण अफ्रिकाले पनि आफ्ना खेलाडीलाई प्रेमिकासँग भेटघाट गर्न छुट दिएको थियो। टिमका प्रशिक्षक कार्लोस अल्बर्टो परेरा भन्छन्- 'हामी कुनै कारागारमा छैनौं भने कुनै सैनिक शासनअन्तर्गत पनि फुटबल खेलिरहेका छैनौं। त्यही भएर एउटा परिधिभित्र रहेर खेलाडीहरूलाई छुट दिएका छौं।'

पाँच पटक विश्वकप जितिसकेको ब्राजिलियन टिमका प्रशिक्षक डुङ्गाले पनि आफ्ना खेलाडीहरूप्रति उदार धारणा राखेका छन्। डुङ्गाको भनाइमा सेक्सलाई प्रतिबन्ध लगाउने होइन, यसलाई खुला गर्नुपर्छ। सबै खेलाडीलाई यौन र मदिराको चाहना नहुन सक्छ, तर खेलाडीहरूलाई के चाहिन्छ त्यो गर्न छुट दिएको छु। डुङ्गाको भनाइसँग होन्डुरसका प्रशिक्षक रेनाल्डो रुइडा पनि सहमत छन्। उनले आफ्नो टिमका खेलाडीलाई प्रेमिका लान अनुमति दिए पनि कतिपय खेलाडीले हवाई शुल्क तिर्न नसकेका कारण त्यो सम्भव हुन सकेन। प्रेमिका र श्रीमतीलाई पनि आफ्नो टिममा समावेश गर्ने सोच बनाएको स्वीट्जरल्यान्डले कतिपय खेलाडीका श्रीमती र प्रेमिका व्यस्त भएका कारण आउन नसकेको जनाएको छ।

सबै देशका प्रशिक्षकले आफ्ना खेलाडीहरूप्रति उदार धारणा बनाउन सकेका छैनन्। इङ्ल्यान्डका प्रशिक्षक फाबियो कापेलो आफ्ना खेलाडीहरूका प्रेमिका र श्रीमतीहरूप्रति आक्रोशित नै भए। उनले टिमका खेलाडीहरूलाई आफ्ना प्रेमिका र श्रीमतीहरूबाट टाढै राख्ने घोषणा गरे। उनले खेलाडीहरूलाई आफ्ना प्रेमिका र श्रीमतीहरूसँग सातामा एक पटक मात्र भेट दिने नियम बनाए त्यो पनि खेल पछि मात्र। कापेलो भन्छन्- 'हामी त्यहाँ प्रतिस्पर्धा गर्न गएका हौं, छुट्टी मनाउन होइन।'

इङ्ल्यान्डका फुटबल विश्लेषकहरूले सन् २००६ को विश्वकपमा फुटबल खेलाडीहरूको ध्यान खेल्नमा भन्दा आफ्ना प्रेमिकाहरूसँग मोजमस्तीमा बितेका कारण टिमले पराजय भोग्नुपरेको विश्लेषण गरेका थिए। त्यही विश्लेषणलाई आधार मानेर प्रशिक्षकहरू यसपटक इङ्ल्यान्डका खेलाडीप्रति कठोर भएका छन्।

स्पेनिस प्रशिक्षकले खेलाडीका प्रेमिकाहरूप्रति इङ्ल्यान्डका प्रशिक्षककै जस्तै नीति लिएका थिए, तर इगरकी प्रेमिका स्पेनको टेलिसिन्को च्यानलबाट रिपोर्टरका रूपमा दक्षिण अफ्रिका आएर उनको अन्तर्वार्ता लिएपछि ब्रिटिस सञ्चारमाध्यमहरू उचालिए। ब्रिटिस सञ्चारमाध्यमको उक्त समाचारप्रति टिप्पणी गर्दै एल मोन्डे पत्रिकाका स्तम्भकार मारिभि फर्नान्डेज लेख्छन्- 'स्पेनको पराजय सारा कार्बोनेरो प्रति ध्यान गएका कारणले भएको हो भने रोबर्ट ग्रिनले अमेरिका विरुद्धको खेलमा पाएको गोललाई उनले आफ्नो प्रेमिका सम्झँदा भएको भन्दा के हुन्छ ?'

## ध्यान फुटबलमै थियो




स्पेनका रक्षापंक्तिका खेलाडी राहुल अल्बियोले आफ्नो टिमका गोलकिपर इकेर कासिलासको ध्यान फुटबलमै भएको बताउँदै टेलिभिजन प्रस्तोता प्रेमिकातर्फ नभएको दाबी गरेका छन्। विश्वकपको पहिलो खेलमा स्वीजरल्यान्डविरुद्ध स्पेन शून्यका विरुद्ध १ गोलले पराजित हुनुमा स्पेनका गोलकिपर इकेरको ध्यान आफ्नी प्रेमिकातर्फ केन्द्रित भएको समाचार ब्रिटिस पत्रपत्रिकाहरूले प्रकाशित गरेपछि राहुलले उक्त कुरा बताएका हुन्। राहुलका अनुसार इकेर टिमको कप्तान भएका कारण उनको ध्यान केवल आफ्नो खेलमा मात्र नभएर सम्पूर्ण टिममा छ। अनुभवी खेलाडी भएको हुँदा उनको ध्यान केबल फुटबलमा मात्र हुन्छ। स्पेनको टेलिसिन्को टेलिभिजनका तर्फबाट रिपोर्टिङ गर्न इकेरकी प्रेमिका सारा कार्बोनेरो अहिले दक्षिण अफ्रिकामा छिन्।

स्पेनले पहिलो खेलमै पराजय भोगेपछि साराले इकेरसँग कप्तानका रूपमा त्यसको प्रतिक्रिया लिँदा ब्रिटिस सञ्चारमाध्यमहरूले गलत अर्थ लगाएका थिए। ब्रिटिस सञ्चार माध्यमको खण्डन गर्दै स्पेनिस टिमका खेलाडीहरूले इकेरको प्रतिरक्षा पनि गरेका छन्।


Special Discount for S.L.C. appeared students
Work & Study in JAPAN
TOEFL/IELTS (Free Books, CDs, Lab Practics & Weekly Tests)
Languages: English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian, & more.
Computer Courses
Software, Hardware & Networking.
Basic, Office, Graphics, webpage, Programming Accounting Package.
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१३ वर्ष पुरानो
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

खुम्जुङ होटेल तालिम बागबजारमा
सम्पूर्ण होटल तालीममा धमाधम भर्ना
कुक सिक्नेका लागि वेटर, हाउसकिपीङ्ग,वेकरी English languges सित्तैमा (कुनै दुई वटा वेटर सिक्नेका लागि English languges फ्री पुस्तकालयको ब्यवस्था, दक्ष अनुभवि शिक्षकद्धारा आफ्नै होटलमा सम्पूर्ण तालीम दिइने वार टेन्डर सिक्नेकालागि वेटर सित्तैमा वैदेशिक रोजगारको पनि ब्यवस्था
Hotel Khumjung Pvt. Ltd.
बागबजार शाखा: रत्नपार्कबाट बागबजार छिर्दा पिके कलेजको पर्खाल छुने वितिक्कै दाहिने पट्टीको सुन पसलबाट भित्र छिर्ने यति प्लाजा भित्र IBM College को तेश्रो तल्लामा (लिफ्टको पनि सुविधा छ।)
4240199, 016226791, 9841578724

फोटोग्राफी भिडियोग्राफी
❋ फोटो/भिडियो एडिटिङ
❋ फोटो/भिडियो प्रत्रकारिता
❋ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साभा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

Learn Job oriented
COMPUTER
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Computer Operator
Load Sheding No Problem
English Language
IELTS/TOEFL
Study Abroad
MEMBER OF ECAN
Getway Educational Consultancy P. Ltd
Bagbazar,KTM. Ph: 4239719, 4241870

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १४ बर्षदेखि देशभर १३ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
* * * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००,गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ्ग ०६८-५२२७१०

Shaping Minds Group
Satdobato 5536751 2292200
Kumaripati 5008632 2292244
Baneshwor 4782162 2292233
Putalisadak 4233478 2222605
मात्र रु १००० Plus VAT Limited Seats Sarojina Scholarship Fund
Cook Training
*Special English
General English
Secretary Training
IELTS Preparation
Accounting Training
Web / Graphic Design
Hardware & Networking
Personality Development
Computer Office Package
किन मात्र रु १०००?
किनकी हामी एक Multi project कम्पनी हौं, जसले विभिन्न क्षेत्रमा लामो समयदेखि सेवा पुऱ्याउँदै आइरहेको छ। शैक्षिक अनुसन्धान र विकास हाम्रो लक्ष्यको एक भाग हो र त्यहि शिक्षालाई सबै माझ सुलभ मुल्यमा पुऱ्याउँन हामी सेपिङ्ग माइन्ड्स ग्रुप शिक्षा विभाग र सेपिङ्ग माइन्ड्स ग्रुप समाज कल्याण (NGO) अगाडी बढेका छौं।

Worldwide Valid Certificate
होटल तालिम
१००% रोजगारीको ग्यारेन्टीका साथ छैठौ वर्ष पुगेको अवसरमा विशेष छुट।
▶ कुक १ ½ महिना रू. ३०००/-
▶ कुक ३ महिना रू. ४०००/-
▶ वेटर र बारमेन रू. १३००/-
१. थप तालिमको लागि 5 Star पठाईने।
२. 5 Star होटलका सेफद्वारा तालिम दिईने।
३. तालिम पछि दुवई, वहराईन, कतार पठाईने।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
वसुन्धरा चौकी अगाडि रिङ्गरोड संगै
Ph:016212336,9841812055

हरेक महिलाले जान्नै पर्ने
बेकरी/कूकिङ्ग
अत्यन्त उपयोगी, रोजगारमूलक दुई हप्ते तालिम असार १७ गते देखि शुरू हुँदैछ। भर्ना खुल्यो।
● कण्टिनेण्टल कूकिङ्ग — बिहान ११:०० बजे
● बेकरी — दिउँसो १२:३० बजे
● इण्डियन कूकिङ्ग — दिउँसो २:०० बजे
● आइस्क्रीम बनाउने तालिम — असार २०, २१, २२ गते दिउँसो ३:१५ बजे
जमलेश्वर इन्स्टिच्यूट
(first & the foremost)
जमल- रानीपोखरी कर्नर, कमलाक्षी टोल
फोन नं. ४२४२६७१/९८४००५१३६५

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
✆4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।